# लिम्बू जातिको मृत्यू सँस्कार : निरन्तरता र परिवर्तन

## तेह्रथुम जिल्ला, चुहान्डाँडा गा. वि. स.

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सं‌काय

अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि

प्राप्तीको आँशिक आवश्यकता परिपुर्तिको लागि

तयार पारिएको शोधपत्र


शोधकर्ता

कोपीला कन्दङ्गवा

त्रि.बि. रोल्नं. २८२६९४

त्रि.बि. दर्ता नं. ६-१-१०-५५-२००१

समाजशाश्त्र केन्द्रीय बिभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौ


२०७३

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# सिफारिस पत्र

त्रिभुबन बिश्व बिद्यालय, मानबिकि तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र बिषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुसार कोपिला कन्दङ्गवाद्धारा मेरोनिर्देशन तथा सुपरिबेक्षणमा रहि **"लिम्बू जातिको मृत्यु सँस्कारः निरन्तरता र परिवर्तन"** तेह्रथुम जिल्ला, चुहाण्डाँडा गा.बि.स. शिर्षकको शोधपत्र सफलता पूर्बक तयार पार्नु भएकोलेयस शोधपत्रलाई अन्तिम मूल्याङ्कन गर्नको लागि सिफारिस गर्दछु।

............................

बलराम आचार्य

समाजशास्त्र केन्द्रीय बिभाग

त्रिभुवन बिश्वबिद्यालय, कीर्तिपुर, काठमाण्डौ

मिती : .............................

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्विकृति पत्र

त्रिभुबन बिश्व बिद्यालय मानबिकि तथा सामाजिक शास्त्र संकायको समाजशास्त्र बिषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप कोपिला कन्दङवाद्धारा **"लिम्बू जातिको मृत्युसँस्कारः निरन्तरता र परिवर्तन"**तेह्रथुम जिल्ला, चुहान्डाँडा गा.बि.स. शिर्षकमा तयार गरिएको शोधपत्र स्विकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङकन समिति**

..........................................................

आन्तरिक निरिक्षक-उप प्रध्यापक बलराम आचार्य

..........................................................

बाह्रय निरिक्षक-सह प्रध्यापक डा. टीकाराम गौतम

..........................................................

बिभागीय प्रमुख- प्रध्यापक डा. तुल्सीराम पाण्डे

मितीः........................

# कृतज्ञताज्ञापन


प्रस्तुत तेह्रथुम जिल्ला चुहाण्डाँडा गा.बि.स.का "**लिम्बू जातिको मृत्युसँस्कारः निरन्तरता र परिवर्तन**" शिर्षकको शोधपत्र समाजशास्त्र बिषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक कार्य पुरा गर्नको लागि तयार पारिएको हो । सर्ब प्रथम यस शोधपत्र लेख्ने सु- अबसर प्रदान गर्नु हुने त्रिभुवन बिश्व बिद्यालय, कीर्तिपुर क्याम्पस समाजशास्त्र केन्द्रीय बिभागका प्रमुख प्रध्यापक डा. तुलसि राम पाण्डे ज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस शोधपत्रको प्रस्ताबना कार्य देखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई निर्देशन, सल्लाह, सुझाब एबम् सहयोग प्रदान गर्नुहुने समाजशास्त्र केन्द्रीय बिभागका आन्तरिक निरिक्षक उप प्रध्यापक बलराम आचार्य ज्यू र बाहृय निरिक्षक सह प्रध्यापक डा. टिकाराम गौतम ज्यू प्रति आभार ब्यक्त गर्दछु । त्यस्तै यस शोधपत्र लेखनको क्रममा आबस्यक सुचनाहरु उपलब्ध गर्नको लागि सहयोग पुर्‍याउनु हुने तेह्रथुम चुहाण्डाँडा एकका सुचनादाताहरु, फेदाङमा, तुम्याङहाङलाई धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

सधै माया र प्रेरणा सहित इज्जत र प्रतिष्ठाका लागि जीबनमा संघर्ष गरेर अघि बढ्नु पर्छ भन्ने अमुल्य उपदेश दिदै ब्यबहारिक समस्यासँग संघर्ष गरेर मेरो अध्ययनलाई यस अबस्थासम्म पुर्‍याउनुहुने बाबा ललित बहादुर कन्दङवा र स्वर्गिय आमा ललि माया लिम्बू प्रति हार्दिक कृतज्ञित छु । साथै मेरो यस शोधपत्रमा सहयोग गर्नु हुने मेरो परिबार, साथिहरु जमुना पराजुली, अर्जुन तुम्बापो, राज गुरुङ्ग र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्रले चुहाण्डाँडा एकका लिम्बुहरुको मृत्यूसँस्कारको बारेमा जानकारि गराउन सहयोग मिल्ने बिश्वास लिएकी छु । यस शोधपत्रको समुचित मुल्याँकनको लागि त्रिभुवन बिश्व बिद्यालय, समाजशास्त्र केन्द्रिय बिभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

कोपिला कन्दङ्गवा

# विषय सूची

| बिषय | पेज नं. |
|---|---|
| **सिफारिस पत्र** | i |
| **स्विकृति पत्र** | ii |
| **कृतज्ञताज्ञापन** | iii |
| **तालिका सुचि** | |
| **अध्याय एक : परिचय** | **१-६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उदेश्य | ५ |
| १.४ अध्ययनको महत्व | ६ |
| १.५ अध्ययनको सँगठन | ६ |
| **अध्याय दुईः सन्दर्भ सामाग्रीको समिक्षा** | **७-२१** |
| २.१ सैदान्तिक समिक्षा | ७ |
| २.२ अनुभबजन्य समिक्षा | १३ |
| २.३ अवधारणागत ढाँचा | २० |
| **अध्याय तिन : अध्ययन विधि** | **२२-२५** |
| ३.१ अध्ययन क्षेत्र छनोट | २२ |

३.२ अध्ययनको ढाँचा २२

३.३ तथ्यांकको प्रकृती तथा स्रोत २२

३.४ नमुना छनोट २३

३.५ तथ्यांक संकलन प्रकृया २३

३.५.१ प्राथमिक स्रोत २३

३.५.१.१ अन्तर्वार्ता अनुसुचि २३

३.५.१.२ अवलोकन २४

३.५.२ द्धितिय स्रोत २४

३.६ तथ्यांक विश्लेषण २४

३.७ अध्ययनको सिमा २४

**अध्याय चार : अध्ययन क्षेत्र र लिम्वू जातिको परम्परागत मृत्यु सँस्कार २६-४७**

४.१ अध्ययन क्षेत्र २६

४.२ लिम्बु जातिको परिचय २७

४.३ मृत्युको परिचय २८

४.४ लिम्बू जातिको मृत्यु सँस्कार २९

४.५ मृत्यु सँस्कारका विधिहरु ३०

४.५.१ मृतकलाई दाहसँस्कार गर्ने विधि ३०

४.५.१.१ चेधाप वनाउने विधि ३०

४.५.१.२ माटो किन्ने विधि ३२

४.५.१.३ सातो निकाल्ने विधि ३३

४.५.१.४ मलामी खाजा खुवाउने विधि ३४

४.६ साम्दाखोङ ३४

४.७ नुनतेल माग्ने कार्य ३५

४.८ मुख्य शुद्धाई कार्य ३६

४.९ सिःतङसिङ वनाउने विधि ३९

४.१० मिक्वाःसाङमा गर्ने विधि ४०

४.११ पहिला र अहिले क्रियापुत्रिले प्रयोग गर्ने लुगा/कपडा ४१

४.१२ मृत्यु सँस्कारमा आवश्यक पर्ने खाद्य तथा पेय पदार्थहरु ४१

४.१३ मृत्युसँस्कार गर्दा आवश्यक बोटविरुवाहरु ४२

४.१४ जुठो परेको बेला जुठो पर्ने र क्रियापुत्रीले वार्नुपर्ने विधिहरु ४३

४.१५ परम्परागत मृत्यु सँस्कारमा आवश्यक पर्ने मासुमँस ४३

४.१६ अकाल मृत्यु ४४

४.१६.१ सोघा मृत्यु ४४

४.१६.२ सुगुप मृत्यु ४६

४.१६.३ ससिक मृत्यु ४६

**अध्याय पाँचः लिम्बू जातिको परम्परागत मृत्यु सँस्कारमा आएको परिवर्तनहरु ४८-५९**

५.१ लिम्वु जातिको परम्परागत मृत्युसँस्कारमा आएको परिवर्तनहरु ४८

५.२ परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउने कारक तत्वहरु ५०

५.२.१ आर्थिक स्थिति ५०

५.२.२ शैक्षिक स्थिति ५३

५.२.३ सञ्चार माध्यम ५५

५.२.४ बैदेशिक रोजगार ५७

**अध्याय छ : साराँश र निष्कर्ष** **६०-६३**

६.१ सारांश ६०

६.२ निष्कर्ष ६२

**सन्दर्भ सामाग्रि**

**अन्तरवार्ता अनुसुचि**

## लिम्बू शब्द र त्यसको नेपाली अर्थ

| | |
|---|---|
| चेधाप | = लास |
| चेसाबा | = मलामी |
| चावोन | = धान भुटेको |
| नेत्युक्मा | = क्रिया बस्नु |
| हाङसाम | = देवात्मा |
| सिसाम | = मृतआत्मा |
| फेदाङमा | = पंडित |
| येवा/येमा | = बिजुवा |
| सोघा | = अकाल मृत्यु |
| सुगुप | = सुत्केरी अवस्थाको मृत्यु |
| ससिक | = बच्चा मरेको जन्मनु |
| हुक्वा फिम्मा | = पिण्ड चढाउनु |
| चेतोङ याङ | = मृतकलाई वाटो लगाउने पैसा |
| याङ | = पैसा/रुपैया |
| सिदिङवा | = अररिको काँढा |
| मिक्बासाङमा | = आँशु पखाल्नु |
| तुम्याङहाङ | = पँचभलादमी |
| मुक्तो | = स्याउली |
| चेखाः नाम | = लास बोक्ने नाम्लो |
| मेनिङथक्मा | = विलौना पोख्दै रुनु |
| खामइङमा | = माटो किन्नु |
| सामपोप्मा | = सातो अल्मलीनु |
| कुलोत्लुङ | = बिछ्याउने ढुँगा |
| कुयेप्लुङ | = ठाडो राख्ने ढुंगा |
| कुतेप्लुङ | = छोप्ने ढुँगा |

| | |
|---|---|
| सुत्लुङ | = नाँभीमा ठाडो राख्ने ढुँगा |
| साम्दाखोङ | = मृतकको सातोलाई पोको पारिएको बस्तु |
| मुन्धुम | = लिम्बूहरुको मौखिक रुपमा चलिआएको धर्मग्रन्थ |
| इसेम्मा/सितङसिङ | = जीवित आत्मा र मृत आत्मा छुट्टयाउने |
| सामसामा | = सातो पुऱ्याउनु |
| तागेरा निङवाफुमाङ | = इश्वर/भगवान |
| युमासाम्माङ. | = बुढिबोजु |
| अक्वानामा | = पातलदेवता |
| माङगेना | = शिर उठाउनु |
| ताम्भुङना | = बन देबि |
| नाहेन साक्मा | = इर्ष्या छेक्नु |
| नामथेः क्मा | = घाम छेक्नु |
| थिसाङदाङ | = जाँड र सक्सी मिसाएको |
| खाःउमा | = मृतकलाई बिदा दिनु |
| नङसिङमा | = कपाल खौरनु |
| चाम्जीङ | = स्याउलि |
| मुक्तो | = घङरिङ |
| हुक्वा फिम्मा | = पिण्ड चढाउनु |
| साम्माङ | = देवता |
| चेखाः नाम | = लास बोक्ने नाम्लो |
| फुदोङ | = मेजमान |
| चम्याङ तोम्मा | = सघाउनी ल्याउनु |

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानब समाजमा जन्मदेखी मृत्यु पर्यन्त सँस्कारहरु हुन्छन् तिनै सँस्कारहरुले समाजिक सु-ब्यवस्थापन कायम गर्न महत्वपूर्ण भूमिका खेलीरहेको हुन्छ । पृथ्वीमा कुनै पनि वस्तुको जन्मसँगै अन्त्य हुन अनिवार्य हुन्छ । निर्माण सँगै विनास र जन्मसँगै मृत्युपनि जोडिएको हुन्छ । जब मानिसहरुमा आफूसँगै बस्ने व्यक्तिको मृत्यु भएपछि सधैको लागी विदा दिनु सजिलो थिएन जस्ले गर्दा त्यस्तो विछोडलाई सहज बनाउनु, श्रद्धा प्रकट,शुद्ध गर्नु, पवित्र पार्नु, जीवन जीउन सजिलो बनाउनको लागि वा आफ्नो आबस्यकता पुरा गर्नको लागि मृत्यु सम्बन्धी विभिन्न किसिमका सँस्कारहरुको जन्म भएको हो । लिम्बूहरुले आफ्नो सँस्कार सँस्कृति अनुसार मृत्युसँस्कारलाई आफ्नै धार्मिक विधिद्धारा मुन्धुमलाई पछ्याउदै सम्पन्न गर्ने गर्दछन् ।

"मृत्यु भनेको आत्माले यो संसार छाडी अर्को संसार (स्वर्ग) मा बसाई सर्ने प्रकृयालाई सम्वोधनगर्दछ । उसकोपु:नर्जन्म उसको कार्यको आधारमा निर्धारित हुन्छ"(नेपाली,१९६५:१२५)।

"लिम्बूहरुमा कुनै पनि मानिसको मृत्यु हुनु अघि निस्केर जाने आत्मालाई सिसाम (मृतात्मा) भन्ने गर्दछन, जुन प्रेतात्मा बन्छ । पितृका आत्माहरु हाङ साम (देवात्मा) र सिसाम (प्रेतात्मा) का रुपमा मान्छे रुख, ढुँगा,जनावर,पंक्षी र नदी जस्ता प्रकृतिहरुमा पाइन्छन्"( मावुहाङ,२०६९:३०) ।

त्यस्तै "लिम्बू" धर्म भन्नाले हिजो हाम्रो पूर्खाहरुले जीबन भोगाइका क्रममा विशेषगरी प्राकृतिक विपत्तिसँग जुध्नु पऱ्यो । यस्ता संकटबाट बच्ने क्रममा भोगेका अनुभव/उपायहरु/क्रियाकलापहरुमा उनिहरुको पितृको नेतृत्वदायी भूमिका हुन्थ्यो । यसकारण कुनै पनि प्राकृतिक विपत्तिबाट बच्नको लागि पितृको आत्मा पुकार गर्नु पर्ने मान्यता विकास हुँदै गयो । पितृका आत्माहरुलाई देउताको रुपमा स्थान दिन थालियो । वास्तवमा यस्ता पितृका आत्मालाई फेदाङमा, साम्वा र येवाहरुले पुकार्ने सँस्कार नै हाम्रो धर्म हो" (माबुहाङ,२०६९:३५)।

सँस्कार र धर्मका बीच हुने सम्बन्धलाई माबुहाङले जोड दिएका छन । यद्धपी यही धर्म भित्र सँस्कारमा परिवर्तन आइरहेका छन । जुन खोजिएको बिषय हुन सक्छ ।

"मृत्यु सँस्कार भन्नाले लाशलाई अग्निद्धारा भगवान सामु अर्पण गर्ने सामाजिक प्रकृया हो, जसले मृतक शबलाई पुनः निर्मित गराउन सघाउँछ । यसले समय र ब्रह्माण्डलाई सञ्चालित गराउँछ । जुनद्धारा जीवन र मृत्यु एकैको दुईपाटा र कहिल्यै नसकिने प्रकृया हो भन्ने बुझ्नु पर्दछ"(पेरी,१९८२:७९-८०) । प्रत्येक जातिको आ-आफ्नो सँस्कार हुने गर्दछ । ती सँस्कार परिवर्तनशिल देखिएका छन ।

नेपालीको मृत्युसँस्कार सम्बन्धि धारणा पेरिसँग मिल्दोजुल्दो देखिन्छ । नेपालीका अनुसार परिवारमा कुनै व्यक्तिको मृत्यु हुँदा सो परिवार, परिवारका नातेदार र गुठी समुदायका सदस्यहरु अशुद्ध हुन्छन् । यस कारण परिवार सो परिवारका नातेदारहरु र गुठी समुदायका सदस्यहरु पुनः शुद्ध अवस्थामा फर्काउन र सामान्य जीवन यापन गर्न मृत्यु सँस्कारले सम्भव तुल्याउने गर्दछ । यस कारण मृत्यु सँस्कार कुनै एक व्यक्ति वा परिवारको नभई सामूहिक हुन्छ ।

लिम्बूहरुको मृत्युसँस्कार कालगतिले मरेको, सोघा (अकाल मृत्यु), सुगुप (सुत्केरि अबस्थाको मृत्यु) र ससिक मृत्यु गरि चार प्रकारको हुन्छ । प्रस्तुत मृत्युलाई लिम्बु समूदायमा भिन्ना भिन्नै तरिकाले दाहसँस्कार गरिन्छ । लिम्बू समुदायमा कुनै पनि व्यक्तिको रोग लागेर वा रोग नै नलागी मृत्यु भएमा त्यसलाई कालगतिले मरेको मृत्यु भनिन्छ । त्यस्तै कुनै व्यक्ति लडेर, झुण्डीएर, पानीमा डुबेर वा बगेर, हत्या या आत्महत्या गरेर साथै कुनै दुर्घटनामा परेर मरेमा त्यस्तो मृत्युलाई 'सोघा' भनिन्छ । सुत्केरी अवस्थामा वा सुत्केरी हुन नसकेर वा सुत्केरी भएर छ महिना भित्र मृत्यु भयो भने त्यस्तो मृत्युलाई 'सुगुप' भनिन्छ । त्यस्तै कुनै पनि बच्चा मृत अवस्थामा जन्मिएमा वा दाँत नउम्म्रि मरेमा त्यसलाई 'ससिक' भनिन्छ ।

कुनै पनि व्यक्तिको साधारण कालगतीले मृत्युभएको छ भनेत्यस व्यक्तिको प्राण छुटेपछि मृतकको मुखमा पानी लगाई दिने, आँखा, मुख, हातखुट्टा मिलाई दिएपछि सफा गरि नयाँ कपडा लगाई दिने र मृतक महिला भए गरगहना लगाई दिएर मृतकलाई घरभित्र राखि मृतकको निधारमा चेतोङ याङ लगाइदिनु पर्दछ । जसले मृतकलाई वाटो लगाउनु भन्ने हुन्छ । लिम्बू जातिमा मृतकको प्राण छुटेको दिन वा भोलीपल्ट चिहानमा लाने चलन छ । लिम्बु समुदायको

चिहान घारि आफ्नै रहेको हुन्छ । उनिहरुले मृतकलाई त्यहि लगेर अन्तेष्टि गर्दछन् । मृतकलाई चिहान घारि सम्म लानको लागि चेधाप बनाउनु पर्ने हुन्छ । चेधाप मृतकको नाप अनुसार दुई टुक्रा हरियो बाँसको बनाइन्छ । शबलाई घरबाट उठाएर लैजाँदा अघीअघि एकजना तुम्याङहाङ 'भलादमी' ले खुकुरी हातमा लिएर चावोङ (धान भुटेको) तथा सिक्का पैसा छर्दै हिड्छ भने मृत्युको संकेत तथा मृतकलाई विदाई गर्न सिंगल बन्दुक पड्काउने चलन छ । लासलाई निकाली सके पछि भित्र बाट बाहिर एकसरो लिपेर निकाली घर चोख्याउने चलन छ ।

शवलाई चिहान घारीमा पुऱ्याएपछि फेदाङमाले मुन्धुम अनुसार धर्ति मातासँग तामाको ढ्याक, सिदिङवाको काँडा राखी माटो किन्ने गर्दछ । त्यसपछि मृतकको नाप अनुसार ६/७ फुट गहिरो खाल्डो खनिसके पछि त्यस खाल्डोमा ढुङ्गाको कुलोत्लुङ (बिछ्याउने), कुयेप्लुङ् (छेउमा ठाडो राख्ने ढुङ्गा), कुतेप्लुङ (छोप्नेढुङ्गा) ढुङ्गाको बाकस बनाई पूर्व सिरानी पारी एक माना चामल तथा मृतकले प्रयोग गर्ने समान साथै लुगा फाटाहरु राखिदिने गर्दछन् । ढुङ्गा माटोले खाल्डो पुरी सकेपछि तथा चिहान बनाइ सकेपछि विचमा सुत्लुङ (ठाडो ढुङ्गा) राख्ने चलन छ । त्यसपछि कात्रोको एकटुक्रा कपडा च्यातेर मृतकको गरगहना, मृतकको हात, खुट्टा, काखीबाट फेदाङमाले मुन्धुमद्धारा सातो निकालि उक्त थालमा सबै पोको पारिन्छ् । जसलाई साम्दाखोङ भनिन्छ । त्यसपछि "त्यहाँ उपस्थीत सबै मलामी तथा छोराछोरीहरुले माटो, खरानीद्धारा इश्वरले तिम्रो शरिर निर्माण गरेका थिए । आजसम्म यो संसारमा भोग गऱ्यौ आज पुनः तिम्रो शरिर माटोमा मिल्दैछ, तिम्रो मृतआत्माले शान्ति पाओस्" भन्दै श्रद्धाञ्जली स्वरुप माटो देब्रे हातले दिनुपर्दछ (चेम्जोङ,२०६९:२७) ।

सबै मलामिहरु मृतकको घर फर्कदा बिच बाटोमा खाजा खाने ब्यवस्था मिलाईएको हुन्छ । त्यहा पुग्ने बेलामा बाटोमा बलिरहेको अगुल्टो, अडेरिको काँढा राखिएको हुन्छ । त्यसमा प्रत्येक मलामिले टेकेर्भै गर्ने र कुनै ब्यत्तिद्धारा तितेपातिको मुठा पानीमा चोबल्दै जिउमा छर्केर अगाडि बढ्नु पर्छ । खाजा खाइसकेपछि मृतकको घरमा पुगेर पुरुष/छोराले टोपि नलगाई र छोरी तथा बुहारीहरुले नुहाई कपाल फुकाएर घर भित्र एक कुनामा साम्दाखोङ झुण्ड्याएको ठिक मुनि लिपपोत गरि चोखो नितो भई मृत आत्माको नाममा हुक्वाफिम्मा (पिण्डचढाउनु) पर्दछ । त्यसबिचमा क्रियापुत्रिहरुले कुनै पशुपंक्षि छुनु, अजातसँग बोल्नु हुदैन । अन्य

मानसिहरुले मृतकको नाममा तथा क्रियापुत्रीहरुलाई जाँड रक्सी र अन्य खानेकुराहरु लगिदिनु पर्दछ । जसलाई क्रियापुत्री हेर्नु भनिन्छ । परम्परागत चलन अनुसार मृतक पुरुष भए चार र महिला भए तिन दिनमा नुनतेल माग्ने र शुद्धाई कार्य/बर्खान्त १५ दिन, ४५ दिन, ३ महिना, ६ महिना, ९ महिना बेजोडी समयमा वा रहि गर्ने चलन छ ।

शुद्धाई कार्य सकेको बेलुका आवश्यक सामग्रीहरु तयार गरी"सि:तङसिङ/इसेम्मा तङसिङ" (जीवित आत्मा र मृतआत्मा छुट्याउने) राखिन्छ । फेदाङमाले मुन्धुमद्धारा मृतात्मालाई अन्तिम विदा दिने र पुनः भेट नहुने वाँचा बाँधी दिन्छ । जसले मृतात्मा र जीवित आत्मालाई छुट्टयाउने कार्य गर्दछ । त्यसको भोलिपल्ट विहान "मिक्वासाङमा" आँशुपखाल्ने) गरिन्छ (लाओती,२०६२:३४-३९) । यस प्रकारको प्रचलनमा केहिमा निरन्तरता छ भने अन्य कतिपय सँस्कारहरुमा आधुनिकतासँगै परिबर्तन भएको छ । यहि पक्षको अध्ययन नै यसको मूल पक्ष हो । लिम्बू समुदायमा लासलाई गाड्ने चलन भएपनि हाल ठाउँठाउँमा जलाउने गरेको पाइन्छ । यसरी बदलिँदो परिवेश विश्वव्यापीकरण, आधुनिकीकरण, सँगसँगै शिक्षा, जनचेतना, बढ्दो जनसम्पर्कले उनिहरुलाई सभ्य तथा आधुनिक बन्न सिकायो । जसले गर्दा लिम्बूहरुले आफ्नो परम्परागतसँस्कारलाई निरन्तरता नै दिएपनि पुर्ण रुपमा अँगाल्न पनि नसकेको र छोड्न पनि नसकिक्रमिक रुपमापविरर्तन आइरहेको छ । लिम्बू समुदायको मृत्यु सँस्कारलाई प्रस्ट्याउनु, यसमा आएको परिवर्तन र नयाँ कुराहरुलाई अनुसन्धान गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

### १.२ समस्याको कथन

लिम्बू जातिको परम्परागत मृत्यु सँस्कारको अध्ययन गर्नु, वर्तमान समयमा त्यसमा आएको परिवर्तन, परिवर्तन ल्याउने तत्वहरुको खोजि गरि ती तत्वहरुले कसरि परिवर्तन ल्याउछ भन्ने बिषयमा केन्द्रित रहेको छ ।

लिम्बू मृत्यु सँस्कार अन्य जातिको भन्दा फरक रहेको छ । जसले गर्दा यो जातिको सँस्कति पनि अरुजातिको भन्दा भिन्न प्रकतिको रहेको छ । लिम्बूहरुले परम्परागत मृत्युसँस्कार अबलम्बन गर्दै आएपनि परिवर्तनशिल समय अनुसार सामूहिक सँस्कार तथा सँस्कृतिमा परिवर्तन आएको छ । यहि परिवर्तनशिल समयको क्रमसंगै मान्छेको हरेक इच्छा,

आकांक्षा,चाहना एबं क्रियाकलापहरु एकपछि अर्को हुदै क्रमिक रुपले परिवर्तन भइरहेका हुन्छन । वर्तमान समयमा समाजमा शिक्षा, जनचेतना, बिकासको बिस्तारसँगै सँस्कार, चलनमा परिवर्तन आईरहेको छ । जसले लिम्बू मृत्यु सँस्कार क्रमिक रुपमा परिवर्तन हुन सहयोग गर्ने हुनाले पनि समाज परिवर्तनको अध्ययन गर्नु आबश्यक रहेको छ । यहि परिवर्तनशिल समयसगै लिम्बू मृत्युसँस्कार  परिवर्तित तथा परिस्कृत रुपमा रहेको पाइन्छ । अध्ययनको क्रममा लिम्बूहरुको धर्म, सँस्कार, पेशा, ब्यबसाय, रहनसहन, भेषभुषा, चाडपर्बलई पनि अध्ययन गरिएको छ । साथै मृत्युसँस्कारमा आएको परिवर्तन तथा परिवर्तन ल्याउने कारक तत्वहरुलाई पनि अध्ययन गरिएको छ । त्यस्तै समयको अन्तरालसँगै बिकास भएको शिक्षा, जनचेतना, प्रबिधिको बिकासले लिम्बूहरुको जीबनशैलीमा परिबर्तन भयो । जसको परिणाम स्वरुप उनीहरुको परम्परागत मूल्य, मान्यता र सँस्कारमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मृत्यु सँस्कारमा प्रभाब परेको छ । लिम्बू जातिको उत्पति, इतिहाँस, धर्म, सँस्कृति तथा परम्परागत मृत्यु सँस्कार बारेमा बिभिन्न अध्ययन, अनुसन्धान भए पनि वर्तमान अवस्थाको लिम्बू जातिको मृत्यु सँस्कारमा आइरहेको परिवर्तनको खोजि तथा अध्ययन भने अहिलेसम्म भएको छैन । यस शोधपत्रको वर्तमान समयमा परम्परागत मृत्यु सँस्कारको परिवर्तित अवस्था, यसले लिम्बू समुदायमा पार्ने प्रभावको बारेमा अध्ययन गर्नु रहेको छ । त्यसैले लिम्बूहरुको मृत्यू सँस्कारमा पहिलेको र अहिलेको अबस्थालाई हेर्नको लागी निम्न प्रश्नहरु उठान गरिएको छ । जुन प्रश्नहरु बिभिन्न अध्ययनको समिक्षाले देखाएको समय अन्तरका आधारमा सिजर्ना गरिएका छन । जस अनुसारः

१) लिम्बूहरुको परम्परागत मृत्युसँस्कार तथा मूल्य मान्यताहरु के कस्ता थिए ?

२) लिम्बूहरुको परम्परागत मृत्युसँस्कारमा  के कस्ता परिवर्तन भएका छन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन तथा अनुसन्धानको उद्देश्य रहेको हुन्छ । हरेक जातजाति तथा जनजातिहरुको फरक किसिमको धर्म, सँस्कार, भाषा, भेषभुषा, मूल्यमान्यता तथा परम्परा रहेका छन् । यस अध्ययनको मुख्य उद्देश्य लिम्बू जातीको मृत्युसँस्कारको बारेमा अध्ययन गर्नु रहेको छ । यसै सन्दर्भमा तेह्रथुम जील्ला चुहानडाँडा गा.वि.स. वडा नं १, मा बस्ने लिम्बूजातिको

मृत्युसँस्कारमा केन्द्रित रहेर अध्ययनको उद्देश्य पुरा गर्नका लागी विशिष्ट उद्देश्यहरु राखिएका छन् । जस अनुसारः

१. लिम्बूहरुको परम्परागत मृत्यु सँस्कार अध्ययन गर्नु ।

२.बर्तमान अबस्थामा परम्परागत मृत्यु सँस्कारमा आएको परिवर्तन र परिबर्तन ल्याउने तत्वहरुको खोजि गर्नु ।

## १.४अध्ययनको महत्व

कुनै पनि विषयको लक्ष्य प्राप्त गर्नको लागी सैद्धान्तिक अध्ययनलाई व्यवहारीक रुपमा उतार्नु पर्दछ । अनुसन्धान कार्य सोझै व्यवहारसँग जोडिएको हुन्छ । यो अध्ययन केवल लिम्बू मृत्यु सँस्कारको बारेमा मात्र नभई त्यसको परिवर्तनको बारेमा उल्लेख गरीएको छ । जसले गर्दा लिम्बू  जातिको मौलिक सँस्कृति प्रती बुझ्न र सचेत हुन सहयोग पुऱ्याउने छ । साथै लिम्बू मृत्युसँस्कारलाई अध्ययन अनुसन्धान गरेर यथार्थ पक्षहरुलाई समाजमा पुऱ्याउन नितान्त आवश्यक बनेको छ । जसले आउने दिनहरुमा राष्ट्रिय साँस्कृतिक विकासमा एउटा महत्वपूर्ण इकाईको रुपमा निर्माण भएर जाने छ। लिम्बू जातिको मृत्यु सँस्कारको वर्तमान अवस्था बारेमा जानकारी लिन चाहने व्यक्ति, संघ, संस्थालाई समेत यो शोध पत्रले सहयोग गर्ने छ । यस अध्ययनले बदलिँदो समाजमा के कसरी परिबर्तन हुँदारहेछन भन्ने तथ्य पत्ता लगाउन सहयोग पुर्‍याउने छ। जुन तथ्यलाई समाजशास्त्रीय अध्ययनको महत्वपूर्ण पक्ष मान्न सकिन्छ ।

## १.५ अध्ययनको सँगठन

प्रस्तुत शोधपत्र छ अध्यायमा बिभाजन गरिएको छ । पहिलो अध्याय परिचयात्मक प्रकारको छ । दोस्रो अध्याय लिम्बू जातिको सँस्कार र यससँग सम्बन्धित अनुभवजन्य सामाग्रिहरुको समिक्षा गरिएको छ भने तेस्रो अध्याय अध्ययन बिधिसँग सम्बन्धित छ । त्यस्तै चौथो अध्यायमा अध्ययन क्षेत्र र लिम्बू जातिको परम्परागत मृत्यु सँस्कार सम्बन्धि अध्ययन गरिएको छ । अध्याय पाँचमा परम्परागत मृत्यू सँस्कारमा आएको परिवर्तन र परिवर्तन ल्याउने कारक तत्वहरुको बारे अध्ययन गरिएको छ र अध्याय छ मा सारंश र निस्कर्ष राखिएको छ । अन्तयमा सन्दर्भ सामाग्रि र प्रश्नावलीहरु समाबेस गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ सामग्रीको समिक्षा

### २.१ सैद्धान्तिक समिक्षा

वर्तमान अध्ययन लिम्बूहरुको सँस्कारमा परिबर्तनको अध्ययन भएकोले आधुनिकीकरणको सिद्धान्त जसले परिवर्तनको ब्याख्या गर्दछ । यहि सिद्धान्तलाई यस अध्ययनको सन्दर्भमा प्रयोग गरिएको छ । जसले लिम्बू समाजको परिवर्तनलाई बुझ्न सहयोग गरेको छ । समाजमा शिक्षा, चेतना, बिकासको बृद्धिसँगै आफ्ना सँस्कार र प्रचलनमा परिवर्तन आइरहेको देखिन्छ ।

आधुनिकीकरणलाई समाज परिवर्तनको एक महत्वपुर्ण प्रक्रियाको रुपमा लिने गरिन्छ । जुन प्रक्रिया मार्फत समाज परिवर्तन उन्मुख दिशा तर्फ बड्दछ । समाजलाई परम्परागत मुल्यमान्यता बाट आधुनिक मुल्यमान्यता एबंम अविकास बाट विकासतर्फ लाने गर्दछ । यस्तो सामाजिक परिवर्तन तथा रुपान्तरणको प्रक्रियालाई आधुनिकीकरण भनिन्छ । अधुनिकीकरण सामाजिक परिवर्तनको एउटा प्रक्रिया हो, जसले समाजलाई सरल बाट जटिलतिर, समानता बाट विभिन्नतातिर तथा परम्परागत बाट आधुनिकता तर्फ रुपान्तरीत गर्दछ । जस अन्तरगत समाजको वहुआयामिक परिवर्तन (सामाजिक, सँस्कृतिक, आर्थिक, राजनैतिक, प्राविधिक) र समाजको विकास एबंम प्रगतिहरु एकै साथ सम्बद्ध हुन्छ । जसले व्यक्ति आधुनिक बन्नु पर्ने तथा मानिसको सोच, क्रियाकलाप लगायत आकांक्षाहरुमा परिवर्तन गराँउदछ । आर्थिक, राजनीतिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा हुने परिवर्तनको समग्र रुप नै आधुनिकीकरण हो । आर्थिक क्षेत्र अन्तरगत अत्यधिक उद्योगधन्दाहरुको विकास सँगै रोजगारको सिर्जना हुनु तथा सामान्य पेशाको ठाँउमा जटिल पेशा हुन, पेशागत सिपको विकास हुनु, श्रम पुँजिमा वृद्धि, परिवारलाई धान्ने खालको महत्व हुनु हो भने राजनीतिक, सामाजिक, साँस्कृतिक क्षेत्र अन्तरगत प्रजातान्त्रिक तथा लोक कल्याणकारि समाजको रुपमा राज्यलाई स्थापित गर्दै समाजका विभिन्न सामाजिक तथा साँस्कृतिक रुपमा समान हक र अधिकार प्रदान गर्नु, मानिसको मुल्य मान्यता र आकांक्षाहरुमा परिवर्तन तथा समाजमा निश्चित भुमिका भएका आधारभुत समुहहरु वा संगठीत समुहहरुमा परिवर्तनको काम गर्नु हो ।

आधुनिकीकरण सिद्धान्तलाई पश्चिमिकरणसँग जोडिएको छ । यो सिद्धान्त एक समाजको आधुनिकतालाई बिकास गर्ने, परम्परागत मूल्य मान्यतालाई परिवर्तन गरेर नयाँ बस्तुको प्रतिपादन गर्ने सिद्धान्तको रुपमा लिइन्छ । आधुनिकीकरणका कारण समाजमा रहेका परम्परागत मुल्य मान्यताहरुको लोप हुनगईरहेको छ । एक ठाउँमा रहेका बिशेषताहरु अर्को ठाउँमा रुपान्तरण हुने तथा ठुला ठुला उद्योगहरुका बिकास भएको पाइन्छ । यसबाट समाजमा प्रत्यक्ष प्रभाब पर्नुका साथै आर्थिक स्थितिमा सुधार ल्याउछ भने आधुनिकीकरणकै कारण घरेलु औजारको ठाउँमा मेशिनरी औजारको बिकास भएको पाइन्छ । जसको कारण काम गर्ने शैलिमा परिवर्तन, शारिरिक श्रम कम गर्नु पर्ने तथा सहुलियतका कारण समाजमा यसको प्रभाब प्रत्यक्ष रुपमा परेको छ । आधुनिकीकरणले शिक्षामा प्रत्यक्ष प्रभाब पार्दछ । वर्तमान समयमा सूचना सञ्चारका माध्यमहरु टेलिफोन, मोबाइल, रेडियो, टि.भि., इन्टरनेट, तथा कम्प्युटर, ल्याबटब जस्ता प्रबिधिहरुले गर्दा एक ठाउँमा घटेका घटना तथा बिकासका पक्षहरु सजिलै रुपान्तरण हुने गर्दछ जसका कारण जनसमूदायको सोचमा परिबर्तन आई परम्परागत मूल्य मान्यताहरु छोडि आधुनिक समाज तर्फ क्रमिक रुपमा अग्रसर हुन्छ । जहाँ आधुनिकीकरणले मानिसको जीबनशैलिमा प्रत्यक्ष प्रभाब पारि मानब जीबन जीउन सजिलो तथा आधुनिकता तर्फ मोड्ने नमुनाको रुपमा आधुनिकीकरणलाई लिइन्छ (wikipedia:http//en.wikipedia,2016).यसैले यस आधुनिकीकरणको सिद्धान्तले लिम्बू समुदायको मृत्यु सँस्कारमा आएको परिवर्तन बुझ्न सहयोग गर्दछ । यस सिद्धान्तलाई बिभिन्न सामाजिक बैज्ञानिकहरुले ब्याख्या र बिश्लेषण गरेका छन ।

आधुनिकीकरणको सन्दर्भमा रोनाल्ड भन्दछन् “कुनै कार्यक्रममा सँलग्न, त्यो कार्यक्रम गर्न आदेश दिने विकसित देशहरुसँग भेट्टाउने र सचेत निर्णय लिइ आर्थिक, राजनितीक, शैक्षिक पक्षलाई आधुनिकीकरणको मिश्रीत रुपमा संस्थागत परिवर्तन, वाह्य नमुनाको सामान्य दिशा तिर लाने कुरामा आधुनिकीकरणले निर्णय गरी विशेष महत्व तथा जोड दिएको छ । त्यस्तो आधुनिक निर्णय केही हद सम्म र आधुनिकीकरणको विशेषरुपमा रहन सक्ने प्रावधान खुल्ला रुपमा रहेको छ (रोनाल्ड,१९७३:३७) । बर्तमान अध्ययनमा पनि त्यस समाजको परिवर्तनमा राजनैतिक तथा आर्थिक परिवर्तनसँगै सँस्कारमा परिवर्तन आएको देखिन्छ ।

यसै गरि रोस्टोले आर्थिक विकासको नमुनालाई आधुनिकीकरणको सन्दर्भमा समाजको व्यख्या गरेका छन् । प्रत्येक समाज पाँच तह मध्ये कुनै तह भित्र पर्ने र कुनै समाजको अर्थतन्त्रले आर्थिक विकासको नमुना अन्तर्गत रहेका पाँच तह पार गर्ने कुरा गरेका छन् । जुन तहहरु – परम्परागत समाज, परिवर्तनका पुर्वाधार तयार भई सकेका समाज, परिवर्तित समाज, परिपक्ता तर्फ उन्मुख समाज र आम जनसमुदायले सामाजिक उपलब्धिको उपभोग गरिरहेको समाज पर्दछन्(रोस्टो,१९९१:४) । उनले समाजलाई बिकासको चरण र सामाजिक परिवर्तनलाई जोडेर व्यख्या गरेका छन् जुन अध्ययनले पनि लिम्बू समाज बुझ्न सहयोग गर्दछ् ।

त्यस्तै रोस्टोले आधुनिकीकरणको प्रकृयासँगै समाज परम्पराबादि सोंच, मुल्य मान्यतावाट नयाँ सोंचर मुल्य मान्यताप्रति अग्रसर हुने, बिकास या परिवर्तनका पूर्वाधारहरु तयार हुदै जाने, समाज बिकासको आधार सँरचनाका लागि पूँजिको लगानि बढ्दै जाने र सामाजिक आधारशीला पूँजिको निर्माणमा यातायातले बजारको सिमा बिस्तार हुने, बढ्दो जनसंख्याको आबस्यकता पुरा गर्न कृषि उत्पादकत्व बढाउनु पर्ने, आयातको बिस्तारलाई उल्लेखगरेका छन् भने रोनाल्डले समाज तथा समाज तहको अध्ययन नगरी कुनै कार्यक्रममा संलग्न वा अविकशित देशले विकशित दशहरुसँग भेटाउने, सचेत निर्णय लिई आर्थिक, राजनितिक, शैक्षिक पक्षलाई आधुनिकीकरणको मिश्रीत रुपमा उल्लेख गरेका छन् जुन रोस्टोले अध्ययन गरेका छैनन् । वर्तमान अध्ययन यि दुबै अबधारणागत ब्याख्यामा आधारित रहेको छ ।

लर्नरका अनुसार "आधुनीकिकरण एक यस्तो सामाजिक परिवर्तन हो, जहाँ कम विकसित मुलुकले बढी विकसित मुलुकमा हुने विशेषताहरु प्राप्त गर्दछ" (लर्नर,१९६८:३८६)। यस भनाईले समाजको परिबर्तनलाई बुझ्न सहयोग गर्दछ ।

स्मेल्सरका अनुसार "आधुनीकिकरणले समाजको सम्पुर्ण क्षेत्रमा देखिने जटिल प्रकृतिको परिवर्तनलाई जनाउदछ,जसले औद्योगिकिकरणलाई जोड दिदै समाजको अर्थ व्यवस्था, राजनीति, शिक्षा, परम्परा र धर्ममा देखिने निरन्तर परिवर्तनलाई समेट्छ"(स्मेल्सर,१९९८:१०२) । तर हाम्रो समाजमा औद्योगिक बिकासको गति न्युन छ । यहि नयाँ शिक्षा र बिकाससँगै यहाँ परिबर्तनहरु देखिएका छन ।

लर्नरले आधुनिकीकरणलाई कम विकशित र बढी विकशित देशले उपभोग गर्ने विशेषताको रुपमा चर्चा गरेका छन् भने स्मेल्सरले आधुनिकीकरणले समाजको सम्पुर्ण क्षेत्र समेटेर हुने परिवर्तनलाई आधुनिकिकरणको रुपमा लिएका छन् जुन अध्ययन लर्नरले गरेका छैनन् ।

त्यस्तै विश्वव्यापीकरण एउटा आर्थिक र सामाजिक विकास रुपान्तरणको प्रक्रिया हो । जुन प्रक्रियामा राष्ट्रिय अर्थतन्त्र, बजार, पुँजी, प्रविधि, उत्पादन, विनिमय आदि सबैको अन्र्तराष्ट्रियकरण हुन्छ । बिश्वब्यापिकरण बिश्व दृष्टिकोण, उत्पादन, बिचार र सँस्कृतिको अन्य पक्षलाई मोड्ने देखि अन्तराष्ट्रियकरण गर्ने प्रकृया हुन्छ । जस्तै बास्प इन्जिन, जहाज, जेट इन्जिन, यातायात, आधुनिक संचार माध्यमहरु इन्टरनेट र मोबाइल फोन सहित दुरसँचारका पूर्बधारहरु प्रमुख आर्थिक साँस्कृतिक गतिबिधिहरुमा अन्तरनिर्भर भई बिश्वब्यापिकरणमा कारक रहेको भए तापनि आधुनिक समयमा बिश्वब्यापिकरणको मुल उदेश्य एक देशबाट अर्को देशमा वा बिश्वमा अर्थब्यबस्था बिस्तार गरि नयाँ बस्तुको आबिस्कार र आफ्नो यात्रा अगाडि बढाउने त्यस्तै बिश्वको सँस्कृतिलाई संजाल मार्फत जडान गर्नु रहेको छ । बिश्वब्यापिकरणले वर्तमान समयमा अर्थ, स्थापना, शैक्षिक, पत्रकार, प्रकाशक, सम्पादक र उदारिकरण, अन्तराष्ट्रिय मुद्राकोषको प्रबाह गरि मानिसको जिबन शैलिमा परिबर्तन ल्याउदछ । बिश्वब्यापिकरणको चार आधारभुत पक्षहरु-पहिचानहरुमा ब्यापार र लेनदेन, राजधानि र लगानि आन्दोलनहरु,बसाइसराई र मान्छेको आन्दोलन त्यस्तै बिभिन्न पर्याबरणिय चुनौतिहरु जस्तै सिमा, पानी र बायु प्रदुषण र अधिक माछा मार्ने सागरको बिश्वब्यापकतासँग जोडिएको छन । बिश्वब्यापकताका प्रक्रियाहरु असर र ब्यापार, काम र सँगठन, अर्थशास्त्र, सामाजिक, साँस्कृतिक सँसाधन र वाताबरणबाट प्रभाबित छन्(Wikipedia, the free Encyclopedia:2016) । यसरि हेर्दा नेपालि समाज पनि बिश्वब्यापिकरणको प्रकृयामा जोडिएको छ । जसका कारण मानिसहरुमा बसाईसराईको दर बढेको छ । नयाँ शिक्षा प्रणालिको बिकासभएको छ । बाहृय प्रभाब बढिरहेको छ । यो प्रकृयाबाट लिम्बू जातिको सामाजिक साँस्कृतिक अभ्यास अलग छैन ।

आर्थिक बिश्वब्यापिकरणको मापन यस्तो ब्यापारिक रुपमा केन्द्रित छ । बिदेशि प्रत्यक्ष लगानि, पोर्टफोलियो लगानिर आयजस्ता आर्थिक स्थितिसँग सम्बन्धित भएपनि नयाँ सुचकांक

अन्तर्गत बिश्वव्यापिकरणको राजनीतिक, सामाजिक, साँस्कृतिक, र पर्याबरणीय पक्षमा सम्बन्धित रहेकाछन । सामाजिक र राजनीतिक मापन अन्तर्गत बिश्वव्यापिकरण बिश्वको सामाजिक तथा राजनितिक अबस्थासँग सम्बन्धित भई राष्ट्रका सामाजिक बिकास तथा राजनितिक बिचारहरु अन्तराष्ट्रियकरण गर्नु रहेको छ (Petra, 2010:237 )।

कम्तिमा पनि आज नेपालीहरुको श्रम बजारको अन्तराष्ट्यिकरणले पनि यो समाजमा परिवर्तन भएको छ। जसले समाजमा परिवर्तन गर्न सहयोग गरेको छ।

बिश्वव्यापिकरणले बिश्वलाई प्रभाब पार्न स्थानिय सँस्कृतिका प्रतिकृयाका लागि पाँच परिदृष्य प्रदान गर्दछ। पहिलो अर्थात सरल स्विकृति सँस्कृतिको लागि पूर्ण स्विकृति छ। तर यो जवानहरुको लागि लागु हुन्छ । दोस्रो सम्भाबना कुल तिरस्कृत अर्थात स्विकृति अभाब छ जुन बृद्धको लागि थप प्रतिरोधि हो । तेस्रो छनौट मिलाइएको अर्थात आंशिक स्विकृति र आंशिक अस्विकृतिको एक रुप हो । चौथो सम्भाबना सँस्करण अर्थात सँस्कृतिका मिलाइएको हो । यो राष्ट्रियता, इलाका, र उपभोक्ता सँस्कृतिको सर्बब्यापि बिच एक सम्झौता भएको छ। पछिल्लो बिकल्प साँस्कृतिक दुबिधा अर्थात सँस्कृति दुई स्तरमा छ। यो साँस्कृतिक पहिचानले बिनासको नेतृत्व गर्दैन । बिश्वब्यापि सँस्कृतिको प्रभाब सबै भन्दा मनमोहक प्रभाब छ । मान्छे पनि बिश्व्यपी सँस्कृति भित्र पर्ने हुँदा राष्ट्यि र जातिय सँस्कृति अन्तर्गत पर्दछ (Swadźba, 2011:332-337)। बजारको अन्तराष्ट्रियकरण सँगसँगै हाम्रो जस्तो अल्पबिकसित समाजमा यसले बढि प्रभाब पार्नु एक स्वभाबिक घटना भएको छ।

बिश्वब्यापिकरणको सन्दर्भमा आधुनीकिकरणलाई मध्य नजर गर्दै गिडन्स भन्छन " बिश्व्यापि सामाजिक सम्बन्धहरुको तिब्रताले जुन टाढा रहेका स्थानियहरुसँग यस प्रकार सम्बन्ध रहन्छ की स्थानिय क्रियाकलापहरुलाई आकार दिने काम धेरै टाढा भएका घटनाक्रमले गराउदछ "( Giddens, 1991:94)।

सामान्य अर्थमा बिश्वब्यापिकरण त्यस्तो भौगोलिक, सामाजिक, आर्थिक परिवर्तनका प्रक्रियाहरु हुन, जसले मानब गतिबिधीहरुको रुपान्तरण गरि संञ्जाललाई जोड्ने र बिस्तार गर्ने काम गर्दछ । बिश्वब्यापिकरणले  बिश्वब्यापकताको द्रुत गति, गहिराई र चौडाइको एक संञ्जाललाई बुझाउछ  जसले स्थानिय राष्ट्रिय र क्षेत्रियस्तर सँग अखण्ड रुपमा अबस्थित गर्न

सक्छ । यसको अख्णडताको रुपमा सामाजिक र आर्थिक सम्बन्ध एक स्थानिय र राष्ट्रिय आधारमा सँगठित छन भने अर्को रुप सामाजिक र आर्थिक सम्बन्धहरु बिश्वव्यापिकरणको संजाल अन्तर्गत पर्दछन । जुन ब्यापक मात्रामा क्षेत्रिय र राष्ट्रमार्फत मानब गतिबिधि बिस्तार गरेर मानब सँगठनको रुपमा परिवर्तन गरि स्थायि र अस्थायि प्रकृयाहरु उल्लेखगर्दछ (Held, et.Al.1999: ) ।

बिश्वव्यापिकरणको सन्दर्भमा हेल्ड र गिडन्सको धारणा मिल्दोजुल्दो  देखिन्छ । हेल्डले बिश्वव्यापिकरण मानबिय गतिबिधीलाई जोड्ने एउटा सञ्जालको रुपमा उल्लेख गरेका छन । जहाँ आर्थिक तथा सामाजिक सम्बन्धहरु पर्दछन भने गिडन्सले बिश्वव्यापि सामाजिक सम्बन्धको जुन तिब्रताले स्थानिय क्रियाकलापलाई सामाजिक रुप दिने तथा बिश्वमा पुर्‍याउने कार्यका रुपमा उल्लेख गरेका छन ।

बिश्वव्यापिकरणको परिभाषामा सबै  कुरा समाबेस  भए पनि परिभाषा नै सबैकुरा होइन । बिश्वव्यापिकरण भनेको बिश्वले कसरी काम गर्दछ भन्ने जनाउँछ । बिश्वव्यापिकरण बिश्वका देशहरुको निरन्तर एकिकरण एबंम राष्ढिय अर्थतन्त्रहरुको बिश्व बजारमा बढ्दो एकिकरण हो । बिश्व पुँजिबादि प्रणालि अन्तर्गत अन्तराष्ट्रिय बित्तिय सँस्थाहरु र बहुराष्ट्रिय कम्पनिहरु रहने गर्दछन । बिश्वव्यापिकरणको अध्ययन बर्तमान समयमा लोकप्रिय र चर्चाको बिषय बन्दै गएको छ । यसले एकातिर अर्थतन्त्रलाई टेवा दिई मानब जीबन जिउँन सजिलो भएको छ । त्यस्तै सुचना, सञ्चार र प्रबिधिको  कारण समाजमा सकरात्मक सोचको बिकास भएर समाज परिवर्तन भईरहेको छ त्यस्तै समाजलाई सकरात्मक दीशातर्फ लैजाने गर्दछ भने अर्को तर्फ बिश्वव्यापिकरणको स्वतन्त्र बिश्वव्यापि बिस्तारले बिश्वको कुनै एक देशमा घटेको घटनाले पुरै बिश्वव्यबस्थालाई असर गरिरहेको अबस्था तथा बिश्वलाई साँगुरो बनाई रहेको भए पनि समाजलाई सकरात्मक दीशा तर्फ लान सहयोग गर्दछ । यहि बिश्वव्यापिकरणको अबधारणाबाट नेपाली समाजलाई बुझ्न सकिन्छ ।

आधुनिकीकरण र विश्वव्यपिकरणलाई विभिन्न तरिकाले परिभाषित गरिएको भएपनि आधुनिकीकरणको सिद्धान्त अन्तर्गत स्मेलसरको आधुनिकीकरण सम्बन्धी ब्याख्यालाई यस अध्ययनमा लिएकी छु । जुन ब्याख्याले समाजमा औद्योगिकरणलाई जोडदिदै समाजको अर्थ

व्यवस्थापन, शिक्षा, राजनीति परम्परागत मुल्यमान्यता र धर्ममा हुने परिवर्तनलाई आधुनिकीकरणको रुपमा ब्याख्या गरेको छ । जसका कारण समाजमा परिवर्तन हुन्छ भनिएको छ । त्यस्तै विश्वव्यापिकरण अन्तर्गत हेल्डको अबधारणगत बुझाइलाई यस अध्ययनमा प्रयोग गर्न खोजिएको छ । तर यसरी आधुनिकीरण र विश्वव्यापिकरणको विभिन्न बुझाइहरु भएपनि आधुनिकीकरण तथा विश्वव्यापिकरण अन्तर्गत बिकास हुने शिक्षा, पेशा, सुचना तथा सञ्चार माध्यम आदिका कारणले अन्य समुदायमा प्रभाव पारे जस्तै लिम्बू समुदायमा पनि उनीहरुको सोचमा क्रमिक परिवर्तन हुँदै आएको वा परिवर्तन भएकोले लिम्बू मृत्यु सँस्कार पनि क्रमिक रुपमा परिवर्तन भइरहेको छ भन्ने यस अध्ययनको निस्कर्ष हो । जुन तथ्यलाई बिश्लेषण शिर्षकमा उल्लेख गरिएको छ ।

## २.२ अनुभबजन्य समिक्षा

नेपालमा विभिन्न जात जातिहरुको बसोबास रहेको छ । त्यसैले यहाँका जात जातिहरुको भाषा, धर्म, चालचलन, रितिरिवाज, सँस्कार पनि फरक रहेको छ । लिम्बू जातिको परम्परागत मृत्यु सँस्कारको बारेमा विभिन्न अध्ययन, अनुसन्धान तथा लेखहरु भए पनि वर्तमान अवस्थाको मृत्युसँस्कारमा के कस्तो परिवर्तन भइरहेको छ, साथै यसले लिम्बू समुदायमा कसरी प्रभाव पारिरहेको छ भन्ने बारेमा विशेष लेखहरु भने आजसम्म पाइएको छैन । जातजातीको अध्ययन गर्ने शिलशिलामा वि.सं.२००७ सालमा राणा शासनको अन्त्यपछि भने नेपालमा समाजशास्त्रिय तथा मानवशास्त्रीहरुले अध्ययन अनुसन्धान तथा खोजमूलक कार्यहरु गरेको पाइन्छ । जसमा नेपाली समाजशास्त्रिय अनुसन्धान गर्ने गोपाल सिं नेपाली (१९६५) द्धारा कीर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार समुदायको सामाजिक, साँकृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरेको पाइन्छ । नेपालमा लिम्बू जातिको सँस्कार तथा सँस्कृतीहरुको बारेमा लेखिएको पुस्तक तथा यससँग सम्बन्धित अनुभबजन्य समिक्षा प्रस्तुत गरिएको छ ।

चेम्जोङले नेपालमा बसोबास गर्ने लिम्बू समुदाय वा किराँत समुदायको उत्पति र विकासको बारेमा उल्लेख गरेका छन् । जसमा किराँतीहरुको उत्पत्तिको प्रारम्भ तिन जातिको समिश्रण बाट भएको हो । किराँत मुन्धुम अनुसार ती तीन जातीहरु साम्बोङवा वा खाम्बो, ताङसाङथा वा मंगोल र मुनाफेन वा चिनियाँ नामले परिचित छन् । यिनै साम्बोङवा वा

खाम्बोहरु हिमाली प्रदेशका प्रथम आप्रवासी थिए । त्यस्तै ताङसाङवा वा मंगोल र मुनाफेन वा चिनियाँ जातिहरु पछि आएर साम्वोहरु आ-आफ्नो इतिहास बनाउँदै जानेक्रममा किराँत समुदायले उत्तर भारतमा हिमाञ्चल प्रदेशदेखि आसामसम्म र दक्षिण पूर्वी मणिपुरदेखी चटगाउँसम्म फैलिए । साथै किराँती सँस्कार र सँस्कृति पनि बसोबास सँगसँगै निर्माण र विकास गर्दै आएका हुन भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै उनले लिम्बू समुदायमा जन्म देखी मृत्युसम्मको विभिन्न सँस्कारहरु मुन्धुममा आधारित रहेको कुरा उल्लेख गरेका छन् । लिम्बूहरुले मृत्युमा दाहसँस्कार गर्दा त्यहाँ उपस्थित सबै मलामीहरुले इश्वरले तिम्रो शरिर निर्माण गरेका थिए आजसम्म यो संसारमा भोग गरियो आज पुनः तिम्रो शरिर माटोमा मिल्दैछ, तिम्रो मृतआत्माले चिरशान्ति पाओस भन्दै मृतकलाई श्रद्धान्जली स्वरुप देब्रे हातले माटो दिनुपर्दछ । त्यसपछि माटो, ढुङ्गाले खाडल पुरेपछि महिला भए तिन तला र पुरुष भए चार तलाको ढुङ्गाको गाह्रो उठाउनु पर्दछ । यदी मृतक सम्मानीत ब्यक्ति भए उसको स्मृती स्तम्भ आठ वा नौ तलाको उच्च उठाउनु पर्दछ (चेम्जोङ,२०६९:२५-२७)।

विष्टले नेपालका विभिन्न जाति तथा जनजातिहरुको अध्ययन गर्ने क्रममा लिम्बू जातिको पनि अध्ययन गरेका छन् । जसमा उनले लिम्बू जातिको उत्पत्तीको इतिहाँस बसाइसाराई, बसोबास, सँस्कृति तथा सँस्कारमा समसामयिक परिवर्तनको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार लिम्बूहरुले मरेको मानिसलाई चिहान घारीमा लगी चिहान खनेर गाड्छन र मुर्दालाई पुरीसकेपछि पुरुष भए चार र महिला भए तिन खुड्किलोको ढुङ्गो चौतारो जस्तो स्मारक बनाउने चलन छ । मानिस मर्दा नजिकको दाजु भाईले सात दिन जुठो बार्नु पर्दछ साना केटा-केटीको मृत्यु भएमा छोराको चार दिन र छोरीको तिन दिन जुठो बारे पुग्दछ । जुठो बारिसकेपछि मर्नेको नाममा मुलबाटोमा ढुङ्गोको चौतारो बनाइदिने गर्दछन् । अकालले मरेको छ भने त्यसको आत्मा सोझै स्वर्ग जान नसकि प्रेत आत्मा, वायु (बाँदर वा चिल) भएर वरिपरि घुमी आफ्नो इष्ट मित्रलाइ दुःख कष्ट दिइरहन्छ भन्ने विश्वास छ । यसका लागि बाँदर देवी, चिल देवी, भनेर रुख वा भिरमाथी थाँन बनाई राखिदिएर सधैं खानेकुरा दिई पुजा गरेर वायुलाई सन्तुष्ट बनाई आफ्ना सन्तानलाई दुःख दिने गर्दैनन् । उक्त विश्वासलाई लिएर लिम्बूहरु आफू वाँचेसम्म राम्रो हुन्छ र मरेपछि पनि असल रुपमा जान सजिलो पर्छ भन्ने विश्वास गर्दछन् (विष्ट, २०६४:३५)। विष्टको लिम्बु जातिको उत्पति , इतिहाँस , मृत्यु सँस्कार सम्बन्धि

मृतकलाइ दाहसँस्कार गर्ने प्रक्रिया चेम्जोङ सगँ  मिल्दोजुल्दो देखिन्छ । उनले अकाल मृत्यु बारे मृतकको आत्मा स्वर्ग जान नसकी प्रेत भएर आफन्तलाई दुःख कष्ट दिइरहने कुरा उल्लेख गरेका छन् जुन अध्ययन चेम्जोङले गरेका छैनन् ।

मावुहाङका अनुसार लिम्बूहरुले प्राकृतिक रुपमा हुने आपत विपतवाट वच्नको लागि मुन्धुम मार्फत आफ्ना पितृसँग पुकार गर्दछन् । गाउँ घरमा कुनै घट्ना घट्यो या कुनै कार्य गर्दा मुन्धुमको प्रयोग गर्ने चलन छ । कुनै कार्य गर्दा केही कुरा पुगेन भने मुन्धुम पुगेन, मुन्धुम के हो भनेर सोध्ने गरिन्छ । मुन्धुमसँग आध्यात्मिक शत्ति तथा मौखिक शब्दहरु जोडिएको हुन्छ । मुन्धुम लिम्बूका पूर्खाहरुले जिउने क्रममा प्रकृतिसँग जुध्न पुग्दा जे जे गरे, भोगे, ति सँस्कार र कल्पनाहरु नै आध्यात्मिक र भौतिक सँस्कार र सँस्कृति बने । यसरी मुन्धुम झारफुक गर्ने, सेह्वे, जागित्र पन्साउने, पुजाआजा गर्दा वकिने भन्ने मात्र नबुझी समग्रमा मुन्धुम लिम्बूहरुको सामाजिक वर्णन हो । जसलाई लिम्बू तुम्याङहाङ, फेदाङमा साम्बा, येवा-येमाहरुले मौखिक रुपमा कन्ठस्त गर्दै र व्यवहारमा उतार्दै ल्याए । यहि मुन्धुम भित्र लिम्बू समाज जन्म देखि मृत्यु सम्म नै बाँधिएको हुन्छ (मावुहाङ,२०६९:३६-३८) ।

त्यस्तै किराँत मुन्धुम अनुसार धेरै अगाडी मुक्तोबुङ साङयेचेमाका छोरी तेल्लारा लाभियाङ्ना थिइन । यिनका लाकेरेक र नामकेरेक गरेका दुई भाई छोराहरु थिए । आमाको मृत्यु भएपछि उनीहरुले मृतआमालाई जमिन मुनी गाड्न खोजे भूमिपुत्रहरुले दिएनन् । खोलामा बगाउन लगे माछाहरुले दिएनन् । रुखमा राख्न लगे चराचुरुङ्गिहरुले दिएनन् । उनिहरुले आमाको लासलाई एउटा ओडारमा लगेर राखे । त्यसपछि लाकेरेक र नामकेरेक खेती गर्न लागे । जहिले पनि उनिहरुको मेलो भोलीपल्ट हेर्दा तुर्‍याएको हुन्थ्यो । मेलोबाट घर फर्कदा घरको सरसफाई तथा खाना पाकेको हुन्थ्यो । कस्ले हाम्रो मेलो तुर्‍याई दिदो रहेछ भनेर उनिहरु रातभर ढुकेर बसे । मध्यरातमा उनिहरुको आमा आएर खेती गरेको देखेपछि आमालाई समाते । आमाले भनिन् ‘तिमीहरुले मलाई चेधाप बनाएर जंगलमा लगी भुमीपुत्रहरुसँग माटो किनेर विधि पुर्‍याएर सतगत गरि आएर तिन दिन सम्म नुन, तेल, अदुवा, लसुन, खुसार्नी, मासुमँस, आदी नखाई नेत्युक्मा (क्रियावस्नु) कर्म गरेर भानाभान्जा, कुलकुटुम्ब, दाजुभाई, पञ्चभलादमी राखी खानपिन दिएर मुन्धुम अनुसार विदा गरेपछि मात्र म यस लोक देखी

पारहुन पाउँछ्' भनिन् र सोही अनुसार गरेर छोराहरुले आमालाई बिदा गरे । त्यही बेलादेखि पहिलोचोटी नुन तेल बारी विधि अनुसार लिम्बूहरुमा मृत्यु सँस्कार सम्पन्न गर्ने चलन रही आएको छ (मावुहाङ,२०६९:१४९) ।

मेन्याङबोले लिम्बू समुदायमा मृत्यु भएपछि मृत शरिर दफन गर्ने, मृतकका सातोहरु पितृलोकसम्म पुर्‍याउने, मृतकका आफन्तजनहरुमा नुन, तेल मागी शुद्ध हुने, मृतकको वियोगमा आफन्तजनहरुले खसालेका आँशुहरु पखाल्ने त्यस्तै दुधे बालकको मृत सँस्कार सम्पन्न गर्ने सम्पूर्ण कार्यहरु मून्धुमसँग वर्णन गरेका छन् । मृत्यु सँस्कारका आवश्यक सम्पूर्ण मुन्धुमहरु लिम्बू भाषाका साथै यसलाई उल्था गरेर नेपाली भाषामा पनि प्रस्तुत गरेका छन् । यसले लिम्बू भाषा नबुझ्नेहरुको लागि बुझ्न सहयोग गर्नेछ । साथै लिम्बू मृतसँस्कारमा मुन्धुमको ज्ञान प्राप्त गर्नको लागि पनि सहयोग गर्नेछ (मेन्याङबो,२०६१:४७-६३)। माबुहाङको मुन्धुम सम्बन्धि धारणा मेन्याङबो सँग मिल्दो देखिन्छ । उनले मृत्यु सँस्कारका सम्पुर्ण कार्यहरु मुन्धुम मार्फत सञ्चालित हुने कुरा उल्लेख गरेका छन् भने माबुहाङले लिम्बु समाज मुन्धुम द्धारा सन्चालित भएको कुरा उल्लेख गरेका छन् । उनका अनुसार मुन्धुम सँग आध्यात्मिक शक्ति भएकोले प्राकृतिक रुपमा हुने आपत विपत बाट बच्नको लागि प्राकृतिक रुपमा लिम्बुहरु पितृपुकार गर्दछन् ।

लाओतीले लिम्बू जातिको सामान्य परिचय, परम्परागत रुपमा लिम्बूहरुले मनाउँदै आएको चाडपर्व,वाजा, धाननाच, हाक्पारे, मौलिक खानपान, रहनसहन, पेशा, भेषभुषा, सँस्कारको बारेमा बृहत रुपमा उल्लेख गरेको पाइन्छ । उनका अनुसार लिम्बूहरुको जीवन सँस्कार, रितिथिति सामाजिक सँस्कार सम्बन्धीको प्रयोगहरु मुन्धुममा आधारित छ । लिम्बूहरु 'तागेरा निङवाफुमाङ' (इश्वर/भगवान) र उनका प्रत्येक अवतारका नामबाट स्थापित चाडपर्वहरु मनाउँछन् । साथै वर्तमान समयमा प्रचलनमा रहेको विभिन्न चाडपर्वहरु 'तङसुङ तङनाम' तथा 'बलिहाङ तङनाम' तिहार चाड आदीको विश्लेषण गरेका छन् उनका अनुसार मृत्युसँस्कार खाउःमा (शुद्धाई) गर्दा लिम्बू जातिहरुले दुई प्रकारले गर्छन । त्यसलाई सामसामा र साम्दाखोङ्ग निकालेर गर्ने तरिका भनिन्छ । मृत्युसँस्कार तथा शुद्धाई कार्यमा फेदाङमाको अहम महत्वपूर्ण भूमिका रहेको हुन्छ (लाओती,२०६२:३८-९०) । उनले लिम्बुहरुको जीबन सँस्कार,

रीतितिथि, सामाजिक सँस्कार तथा ब्यबहार मुन्धुमद्धारा निर्देशित वा मुन्धुममा आधारित भएको उल्लेख गरेका छन् जसले लिम्बू जातिलाई समग्र रुपमा बुझ्न सहयोग गर्दछ ।

सिरेङ चोङबाङले लिम्बूहरुको मुन्धुमबारे व्याख्या तथा विश्लेषण गरेका छन् । लिम्बू जातिले जन्मदेखि मृत्युसम्म नै मुन्धुमको अवलम्बन गर्दै आफ्नो सँस्कार सँस्कृतिलाई निरन्तरता दिइरहेका हुन्छन् । उनका अनुसार सम्पूर्ण जीवन र जगत नै पँचतत्व महाशक्ति (ङा मुकसाम) को मिश्रित अवस्थालाई सँरचित भएको छ । लिम्बूहरुले पंचशत्ती प्रति अति नै विश्वास तथा आस्था राखेको हुनाले नै उनिहरु प्रकृती पूजक हुन् । लिम्बूहरु प्रकृतिलाई पूज्दछन् भने कुनै देवताको फोटो तथा मूर्तिलाई पूज्दैनन् । लिम्बूहरुको विशेषतामा चासोक तङनाम (अन्न पाक्दा चढाउनु), साउने संक्रान्ति, माघे संक्रान्ति, गर्भावस्था (कोख) मा पूजा गर्दा प्रकृतिमा रहने घाम, जुन, आगो, ताप, प्रकाश, माटो, हावा, पानी र ध्वनीहरुको समिश्रण बाट उत्पन्न शत्तीलाई मुन्धुमद्धारा पुकोर्ने गर्दछन् । यसैको समस्टी रुपलाई नै लिम्बूहरुले ङा मुक्साम (पंचतत्व महाशत्ती) को रुपमा लिने गर्दछन् (चोङवाङ,२०६८:७) । उनका अनुसार लिम्बूहरुकोजन्म देखि मृत्युसम्म नै धर्म, सँस्कार, सँस्कृति र सम्पूर्ण मानब जीबन र जगत  नै मुन्धुमद्धारा निर्देशित रहेको उल्लेख गरेका छन । जसले लिम्बू सँस्कार बुझ्न सहयोग गर्ने छ ।

समग्रमा किराँत जातिको इतिहास, उनिहरुको ऐतिहासिक पृष्ठभूमि दश लिम्बूवानका दश लिम्बूहरु लिम्बूवान तर्फ एकिकरण गरिएको सँस्कृतिको विषयमा विस्तृत रुपमा अध्ययन गरेका छन् । लिम्बू समाज पनि पितृसत्तात्मक समाज हो । साथै बंश परम्परा पनि बाबुको परिवारको निर्णय गर्ने गर्दछ । तर पितृसत्तात्मक समाज भएपनि लिम्बू समाजमा नारीको स्थान उच्च तथा पुरुष समान अधिकार दिइएको हुन्छ । साथै लिम्बूहरुको धर्म, भाषा, विभिन्न सामाजिक सँस्कारको साथै धाननाच, च्याब्रुङ्ग नाचको पनि अध्ययन गरिएको छ । जसले लिम्बूजातिको वृहत रुपमा जानकारी दिने गर्दछ (श्रेष्ठ,२०६२:१०२)।

लाओति र सिरेङ चोङबाङले लिम्बू समुदायमा जन्म देखि मृत्यु सम्मकै विभिन्न कार्यहरु जस्तै चाडपर्ब सँस्कार तथा मृत्यु सँस्कार सम्बन्धि सम्पूर्ण विधिहरु मुन्धुममा आधारित भएको कुरा चर्चा गरेको भए पनि लाओतिले लिम्बू मृत्यु सँस्कारमा शुद्धाइकार्य दुइ प्रकारले (सामसामा र सामदाखोङ निकाल्ने) गरिन्छ भन्ने कुराको उल्लेख गरेका छन् जुन सिरेङ चोङबाङले

अध्यायन गरेका छैनन् । त्यस्तै श्रेष्ठले लिम्बु जातिको इतिहाँस, ऐतिहाँसिक पृष्ठभूमि तथा लिम्बू समाज पित्तृसतात्मक भएपनि छोरीको स्थान उच्च रहने कुरा उल्लेख गरेका छन् जुन लाओति र सिरेङ चोङबाङले अध्ययन गरेका छैनन् भने श्रेष्ठले मुन्धुम सम्बन्धि कुनै अध्ययन गरेका छैनन् ।

Ahmed Akhbars ले "Death in Islam: the Hawker Baycase" मा मृत्यु र सामाजिक व्यवस्थाको सम्बन्ध देखाएका छन् ।उनका अनुसार "मृत्युले कुनै पनि समुदायको बैचारिक अवस्थालाई प्रस्तुत गर्दछ ।" यो निष्कर्षलाई प्रस्तुत गर्नको लागि उनले सिया र सुन्नी मुस्लीम समुदायको उदाहरणलाई प्रस्तुत गरेका छन् जसमा उनले "सिया मुस्लिम समुदायमा अल्लाहलाई आफूलाई अपर्ण गर्नुलाई परम कर्तव्य ठान्छन भने सुन्नि समुदायमा स्वइच्छाले आफ्नो शरिर अपर्ण गर्नु आत्महत्याको रुपमा हेर्दछन् । यसरी दुवै समुदायमा बैचारिक अवस्था फरक रहेको छ । सुन्नि समूदायमा यसले ठिक विपरीत भेटिन्छ । यसकारण मृत्युलाई बैचारिक अवस्थाले कसरी समाज सन्तुलन रहन सहयोग पुऱ्याउँछ भन्ने कुरा प्रस्तुत गरेका छन्(Ahmed, Akhbars,1985:260) ।

काप्लानले पूर्वि नेपालको इलाम जिल्लाको इन्द्रेणी समूह अन्तर्गत लिम्बू र बाहुन विचको अन्तरसम्बन्ध, द्वन्द्व, आर्थिक, राजनैतिक, सामाजिक विविधता, मागि अध्ययन गरेका छन् । लिम्बू र बाहुन बिचको सम्बन्धलाई दुई विपरित फूट र अन्तरनिर्भरताले मिश्रित गरेको छ । फूट व्यापक रुपमा वृद्धि भएको, भूमि नीति माथिको विवाद तथा जातिय श्रेणिबद्धता माथीको विवादमा अभिव्यक्त भएको कुरालाई प्रस्ट्याउन खोजेको छन् । साथै अन्तरनिर्भरतामा आर्थिक सन्दर्भ र राजनीतिक सन्दर्भलाई लिएका छन् । जसले लिम्बूहरु बाहुन माथि आश्रित भएर रहनु परेको, बाहुनहरुको छलकपटको कारणले लिम्बूहरुले आफ्नो किपट भूमि गुमाउनु परेको कुरा स्पष्ट हुन्छ । साथै लिम्बूहरुको मृत्यु सँस्कारमा भैसीको मासु, जाँड, रक्सी, भात खुवाउने गर्दछन् । त्यस्तै उनले धनी लिम्बूहरु र गरीव लिम्बूहरुले काजकृया गर्दा फरक फरक खर्च गर्ने, धनी लिम्बूहरुको काजक्रियामा उपस्थित मान्छेहरुको संख्या ठूलो र गरिब लिम्बूहरुको काजक्रियामा उपस्थित मानिसहरुको संख्या पनि कम हुने कुरा उल्लेख गरेका छन् । त्यस्तै लिम्बू वंश, सँगठन, परिवार, भूमिमाथीको महिलाहरुको अधिकार तथा गैह्र लिम्बूहरुको बारेमा पनि व्याख्या, विश्लेषण गरेका छन् (Caplan,1970: 59-80)। उनले यहाँ लिम्बू र बाहुन, लिम्बू-

लिम्बू बिचको द्धन्द्ध देखाए पनि बाहुन बिचको द्धन्द्ध देखाएका छैनन् । त्यस्तै लिम्बूहरु धनि र गरिबको बिश्लेशण गरिएपनि बाहुनमा लागु गरिएको छैन । जसले पनि लिम्बूहरुको परम्परागत मृत्यु सँस्कार बुझ्न सहयोग गर्दछ ।

पल्लो किराँतको उर्वर किपट भूमिलाई द्रुत गतिमा राज्यको नियन्त्रणमा ल्याउन नेपाल सरकारले व्यापक रुपमा गैह्र लिम्बूहरुका बसाईसराइ र बस्ति विस्तार गर्न सहयोग गऱ्यो । गोर्खा द्धारा पराजित लिम्बूहरु धेरै संख्यामा भारत तिर विस्थापित भएपछि उनिहरुको खाली भएको किपट जमिन गैह्र लिम्बूहरुलाई विर्ता स्वरुप बाँडियो । नेपाल सरकारले लिम्बूहरुको नेतृत्वमा रहेको भू-स्वामित्वको अधिकारलाई नस्ट गर्नको लागि गैह्र लिम्बूहरुलाइ पल्लो किराँत तिर बसाँइ सर्नका लागि प्रोत्साहित निति समेत लागु गरियो (Regmi, M.C.1976:94 )।

अहमदले मृत्यु र सामाजिक व्यवस्थाको सम्बन्ध तथा बैचारिक अवस्थाले समाज सन्तुलनमा सहयोग पुऱ्याउने कुरा देखाएका छन् । त्यस्तै  क्याप्लान र रेग्मीले विभिन्न द्धन्द्ध तथा गैह्र लिम्बूहरुले लिम्बूहरुको किपट माथि छलकपट गरी आफ्नो किपट गुमाउनु परेको तथा गैह्र लिम्बूहरुमाथि नै आश्रित हुन बाध्य बनाएको कुरा देखाएका छन् क्याप्लानले लिम्बूहरुको मृत्यु सँस्कारमा धनि र गरिवको सँस्कार गर्ने प्रक्रियाको व्याख्या तथा विश्लेषण गरेका छन् । जुन अध्ययन रेग्मिले गरेका छैनन् ।

यी यस्ता विभिन्न खालका लेखहरु ब्याख्या, विश्लेषण गरि उल्लेख गरिएको भएपनि लिम्बूहरुको परम्परागत मृत्युसँस्कारको मात्र अध्ययन गरेको पाइयो । बर्तमान अबस्थामा लिम्बुहरुले मृत्यु सँस्कार गर्दा परम्परागत मुल्यमान्यतालाई नै निरन्तरता दिए पनि आधुनिकीकरणले जनसमुदायको सोचमा  परिवर्तन भएर लिम्बू जातिको मृत्यु सँस्कारमा कुन विधिमा परिवर्तन भएको छ, यसको कारण तथा पनिवर्तन ल्याउने तत्वहरुको खोज तथा अनुसन्धान गर्नु नै यो शोध पत्रको मुख्य विषय रहेको छ । जुन प्रकृतिको अध्ययन बिगतमा कम भए वा हुन सकेनन् । वर्तमान अवस्थाको मृत्युसँस्कारमा क्रमिक रुपमा परिवर्तन आएको छ । परिवर्तनशील समयसँगै शिक्षा, पेशा, व्यवसाय, सञ्चार माध्यम, जनचेतना, यातायात तथा बसाईसराइले गर्दा मृत्यु सँस्कारमा परिवर्तन आएको पाइन्छ । जुन तथ्यलाई तलको ढाँचाले पनि पुष्टि गरेको छ ।

## २.३ अवधारणगत ढाँचा

कुनै पनि विषयको लक्ष्य प्राप्त गर्नको लागि अध्ययन तथा अनुसन्धान सोझै व्यवहार सँग जोडीएको हुन्छ । यस शोधपत्र तयार गर्नको लागि स्थलगत अध्ययन गरी लिम्बु जातिको परम्परागत मृत्यु सँस्कारको निरन्तरता र परिवर्तनको खोज तथा अनुसन्धान गरी व्यख्या तथा विश्लेषण गरिएको छ । जस्तै :

लिम्बू जातिको मृत्युसँस्कार

पम्परागत मृत्यु सँस्कार

- चेतोङ याङ
- चाबोन
- दाहसँस्कार गर्दा माटो किन्ने बिधि
- दाहसँस्कार गर्ने बिधि
- मलामि खाजा खुवाउने तरिका
- दाहसँस्कार गर्दा आबस्यक सामाग्रि
- सातो निकाल्ने बिधि
- क्रियापुत्रिले गर्ने बिधि
- क्रियापुत्रिले लगाउने कपडा
- नुन, तेल फुकाउने, माग्ने बिधि
- साम्दाखोङ
- साम्दाखोङ खोल्ने दिन
- खाद्य पदार्थ तथा पेय पदार्थ

परिवर्तित सँस्कारहरु

- चेतोङ याङ
- दाहसँस्कार गर्दा माटो किन्ने बिधि
- दाहसँस्कार गर्ने बिधि
- मलामि खाजा खुवाउने तरिका
- सातो निकाल्ने बिधि
- क्रियापुत्रिले गर्ने बिधि
- क्रियापुत्रिले लगाउने कपडा
- नुन, तेल फुकाउने, माग्ने बिधि
- शुद्धाइ कार्य
- खाद्य तथा पेय पदार्थ
- दाहसँस्कार गर्दा आबस्यक बोटबिरुवा
- मृत्यु सँस्कारमा मासु प्रयोगको बन्देज

- शुद्धाइ कार्य
- दाहसँस्कार गर्दा आबस्यक बोटबिरुवा
- मृत्युसँस्कार गर्दा आबस्यक बोटबिरुवा
- मिक्वासाङमा
- इसेम्मा तङसिङ
- मृत्यसँस्कारमा मासुको प्रयोग

परम्परागत मृत्यु सँस्कारमा परिबर्तन ल्याउने तत्वहरु हेर्दा:आर्थिक स्थिति,शैक्षिक स्थिति, सञ्चार माध्यम, बैदेशिक रोजगार रहेका छन ।

त्यस्तै उक्त अबधारणगत ढाँचामा लिम्बू जातिको परम्परागत मृत्युसँस्कार गर्दा गर्नुपर्ने बिधिहरु जतिपनि बुँदागत रुपमा दिईएको वा राखिएको छ । त्यसैलाई लिम्बूहरुले अहिले बर्तमान समयमा पनि निरन्तरता दिइरहेको भएपनि केहि बिधिहरुमा परम्परागत सँस्कारमा परिबर्तन ल्याउने उत्त कारक तत्वहरु आर्थिक स्थिति, शैक्षिक स्थिति, सञ्चार माध्यम र बैदेशिक रोजगारका कारण उनिहरुको धारणामा बिकास तथा जीबनशैलिमा आएको परिवर्तनका कारण मृत्यु सँस्कार गर्दा गर्नुपर्ने बिभिन्न बिधिहरु मध्ये केहि बिधि वा कार्यमा क्रमिक रुपमा परिबर्तन आईरहेको छ ।

यस अवधारणगत ढाँचा अनुसार लिम्बूहरुको परम्परागत मृत्य सँस्कार र वर्तमान मृत्यु सँस्कार विचको भिन्नता प्रस्तुत गर्न खोजिएको छ परम्परागत मृत्यु सँस्कार अन्तर्गत दाहसँस्कार तथा मृत्युसँस्कार भित्र पर्ने बिधिहरु र वर्तमान अबस्थामा दाहसँस्कार तथा मृत्युसँस्कार भित्र पर्ने बिधिमा आएको क्रमिक परिबर्तन र मृत्युसँस्कार गर्ने तरिकामा हुने कमिक परिबर्तन बारे  देखाइएको छ ।

# अध्याय तिन

## अध्ययन विधि

### ३.१ अध्ययनको क्षेत्र छनोट

यस अध्ययनको लागि तेह्रथुम जिल्ला अन्तर्गत चुहाण्डाडा गा.वि.स. वडा नं. १ लाई केन्द्रविन्दु बनाई अध्ययन अनुसन्धान गर्ने क्षेत्रको रुपमा छनोट गरेको छु । यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गर्नुका कारणहरु हेर्दा समाजमा के के कारणले परिवर्तन ल्याउदो रहेछ भन्ने बुझ्न लिम्बू सँस्कारहरुको अध्ययनलाई रोजिएको छ । लिम्बूहरुको परम्परागत मृत्यु सँस्कार र वर्तमान मृत्युसँस्कारको परिवर्तीत अवस्थाबारे अध्ययन गर्दै समग्र समाजको परिवर्तनको प्रबृति बुझ्न पनि यस प्रकारका अध्ययनको सार्थकता रहेको छ ।

### ३.२ अध्ययनको ढाँचा

यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक दुवै विधीको प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधी अन्तर्गत सुरुमा नै अनुसन्धानकर्ताले आफुले अध्ययन गर्न लागेको बिषय बस्तुका बारे लिम्बू जातिको सामाजिक, आर्थिक अवस्था र मृत्यु सँस्कारको बारेमा बर्णन गरीएको छ भने अन्वेषणात्मक  विधी अन्तर्गत लिम्बू जातिको मृत्यु सँस्कारको अध्ययन गरि त्यसमा आएको परिवर्तन तथा परिवर्तन आउनाका कारणहरु र त्यो परिबर्तनले समाजमा पारेको प्रभाव वारेमा व्याख्या, विश्लेषण गरिको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस शोधपत्र तयार गर्नको लागि प्राथमिक तथा द्धितिय दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता अवलोकनबाट अध्ययनका लागी चाहिने आवश्यक तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै द्धितिय स्रोत अन्तर्गत लिम्बू जाती र लिम्बू मृत्युसँस्कार र सम्बन्धी विभिन्न लेखकहरुको लेख, रचना, पुस्तक तथा शोधपत्रहरु र गा.वि.स. बाट प्राप्त आवश्यक सूचना तथा अभिलेखहरु लिइएको छ ।

## ३.४ नमुना छनोट

यस शोधपत्र तयार गर्नको लागी चुहान्डाँडा गा. बि. स. वडा नं १ मा जम्मा १०० घर धुरि रहेको छ (गा.वि.स,२०६८ प्रोफाइल) । यो समग्रताको अध्ययन वा आर्थिक र सामाजिक पक्ष पनि हेर्नको लागि दैबि नमुना छनोट प्रयोग गरी ४० घर धुरीलाई समेटिएको छ । जस मध्ये प्रत्येक घर धुरीलाई समेटने गरि घरमुलिको नाम कागजमा टिपि सुचि तयार गरियो । त्यसपछि समान प्रतिनिधित्व हुने गरि गोला प्रथाद्धारा छान्दा आएका ४० घर धुरिलाई अध्ययनको उत्तरदाताको रुपमा  लिइएको छ । दैबि नमुना छनोट गर्नुका कारण उत्तरदाता छनोट प्रकृयामा कुनै पूर्वागृह छनोट नहोस भन्ने हो । यसका साथै यो बिधि र प्रकृया अबलम्बन गर्दा सबै प्रकारका उत्तरदाताहरु समान अबसरका साथ छानिन सक्ने सम्भावना रहन्छ ।

## ३.५ तथ्याङ्क संकलन प्रकृया

यस शोधपत्र तयार गर्नको निम्ति अनुसन्धानर्ता आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरुको प्रयोग गरि तथ्याङ्क संकलन गरीएको छ । प्राथमिक स्रोत अन्तर्गत अवलोकन, अन्तर्वार्ता विधिलाई अपनाइएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

#### ३.५.१.१ अन्तर्वार्ता अनुसुचि

अध्ययन अनुसन्धान तथा शोधपत्र कार्यको लागि प्राथमिक तथ्याङ्क संकलन गर्न अन्तर्वार्ता महत्वपूर्ण विधि मानिन्छ । यस अन्तर्गत आफैले तयार गरेको अन्तर्वार्ता अनुसुचि जुन सँरचित र असँरचित थियो त्यसका आधारमा मृत्युसँस्कार सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ । जसमा मृत्युसँस्कार गराउने फेदाङमा, साम्वा, येवा, तुम्याङहाङ, मुन्धुमविद, मृत्युसंस्कार सम्बन्धी अग्रज- बिज्ञ, विभिन्न पेशामा संलग्न व्यक्तिहरुबाट सामाजिक, आर्थिक अवस्था, मृत्युसँस्कार सम्बन्धि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१.२ अवलोकन

यस विधिद्धारा लिम्बूहरुको मृत्यु पछी दाहसँस्कार गर्ने तरिका, मृत्युसँस्कार गर्दा अपनाइने विधिहरु तथा आवश्यक कुराहरुको अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । यद्यपी छोटो समयमा यो अध्ययन सक्नु पर्ने सिमाका कारण लिम्बू सँस्कारका सबै पक्षहरु भने अबलोकन गर्न सकिएको छैन ।

## ३.६ द्धितिय श्रोत

यस शोधपत्रमा प्राथमिक श्रोतका साथै द्धितिय श्रोतबाट पनी तथ्याङ्क संकलन गरिएको छ । लिम्बूजातिको अध्ययन गरि स्वदेशी तथा विदेशी लेखकहरुले लेखेका पुस्तक, लेख, रचना तथा शोधपत्रहरु, पत्रपत्रिका, केन्द्रिय तथ्यांक विभाग साथै गा.वि.स. बाट प्राप्त आवश्यक तथ्यांकलाई द्धितिय स्रोतको रुपमा लिइएको छ ।

## ३.७ तथ्याङ्कक विश्लेषण

यस शोधपत्रलाई व्यवस्थित बनाउनको लागि उक्त स्रोतहरुबाट प्राप्त हुने तथ्याङ्कहरुलाई विश्वास भए नभएको अवलोकन, अन्तर्वार्ताबाट समेत जाँच गरिएको छ । त्यस पछी आवश्यकता अनुसार गुणात्मक प्रकारको सूचनाहरुलाई व्याख्या गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

कुनै पनि जातजातिको  सँस्कृती तथा सँस्कारको बारेमा अध्ययन गर्नलाई लामो समय हुनुपर्दछ । तर यहाँ समय र आर्थिक स्रोतलाई ध्यानमा राखी अध्ययनलाई ब्यापक रुपमा नलिई लिम्बू जातिको बाहुल्यता रहेको स्थान तेह्रथुम जिल्लाको चुहाण्डाडा गा.वि.स. वडा नं. १ को लिम्बूहरुलाई मात्र लिइएको छ । जसमा अध्ययनको प्रकृति अनुसार बर्णनात्मक तथा अन्वेषणात्मक ढाँचालाइ मात्र उपयोग गरिएको छ । यसमा लिम्बू जातिको परिचय, धर्म, सँस्कृति, सँस्कार तथा वर्तमान अवस्थाको मृत्यु सँस्कारको परिवर्तीत अवस्था,यसले समाजमा पार्ने प्रभाब साथै परिवर्तन ल्याउने कारक तत्वहरु बारे अध्ययन गरिने हुनाले यो अध्ययनले

अन्य क्षेत्रमा बसोबास गर्ने लिम्बूहरुको मृत्युसस्कारसँग भने मेल नखान सक्छ । यसका साथै सँस्कारहरुको अबलोकनमा त्यस सँस्कारको सबै बार्षिक प्रणलिलाई भने अबलोकन गर्न सकिएन । यसका साथै आधुनिककिरण सिद्धान्तलाई मात्र अवलम्वन गरी लिम्बू सँस्कार र यसको परिवर्तनका वारेमा अध्ययन गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र लिम्बू परम्परागत मृत्यु सँस्कार

यस अध्यायमा अध्ययनको क्षेत्र, लिम्बू जातिको परिचय र लिम्बूहरुको परम्परागत मृत्यु सँस्कारको वारे अध्ययन गरिएको छ ।

## ४.१. अध्ययन क्षेत्र

नेपालको पूर्बाञ्चल बिकास क्षेत्रको लिम्बूवान क्षेत्र मध्ये तेह्रथुम जील्ला कोशी अञ्चलको पहाडि जिल्ला हो । पहाडी भु-भागमा अवस्थित भएकोले नेपालका अन्य पहाडि क्षेत्र जस्तै यसको भू-वनोट रहेको छ । यस जिल्लाको पूर्वमा पाँचथर, उत्तरमा ताप्लेजुङ्ग, पश्चिममा सँखुवासभा र दक्षिणमा धनकुटा जिल्लासँग सिमाना जोडिएको छ । यस जिल्लाको सदरमुकाम म्याङलुङ्ग हो । समुन्द्रि सतह भन्दा ३४५ देखि २९६२ किलोमिटर उचाईमा रहेको यस तेह्रथुम जिल्लाको कुल क्षेत्रफल ६७९ बर्ग किलोमिटर रहेको छ भने कृषि क्षेत्र कुल क्षेत्रफलको १७७७१.४ हेक्टर रहेको छ । त्यस्तै बि.सं. २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,३६,९३,३७८ जना मध्ये तेह्रथुम जिल्लाको कुल जनसंख्या १,१३,१११ जना रहेको छ (केन्द्रिय तथ्याङ्क बिभाग,२०६८) । नेपालको पाँचौ सानु जिल्लामा रहेको यस जिल्लामा ३२ वटा गा.बि.स. रहेको छ । यस जिल्लाको पूर्बि उत्तरमा रहेको चुहाण्डाँडा गा.बि.स. प्राकृतिक रुपमा हराभरा भएपनि यस गा.वि.स.मा प्रसस्त पानीको स्रोत नभएकोले वत्ति वाल्नको लागि सौर्य उर्जा प्रयोग गरिएको छ । यस गा.वि.स.मा ९ वटा वडाहरु रहेका छन् । जुन वडाहरु मध्ये यस शोधपत्र तयार गर्नको लागि वडा नं. १ लाई मात्र अध्ययन क्षेत्रको रुपमा लिइएको छ । जुन स्थानमा लिम्बू जातिको वाहुल्यता रहेको छ । भौगोलिक रुपमा पहाडी क्षेत्र भएकोले यस गा.वि.स.को माथिल्लो भेगमा अलैची, अम्लिसो, खोर्सानी, आलु, धान, मकै, कोदो, फलफुल तथा तरकारी खेती हुन्छ भने तल्लो भेगमा धान, मकै, कोदो, गहुँ, प्रसस्त मात्रामा फल्दछ । नेपाल कृषि प्रधान देश भएकोले यहाँका मानिसहरुको मुख्य पेशा कृषि तथा आयस्रोत खेतीपाती रहेको छ । त्यस्तै सामाजिक सँस्कारमा प्रयोग हुने सरसामानहरु सामुहिक संस्थाबाट संचालित रहेको, आर्थिको पार्जनको लागि विभिन्न समुह तथा संस्थाहरु आवद्ध रहेको यसका अलवा यस

वडामा मलाया, तथा इन्डियाको पेन्सनवलाहरु त्यस्तै बैदेशिक रोजगार रहेको पाइन्छ । स्वदेशी रोजगारीको संख्या भने कम रहेको छ ।

### ४.२. लिम्वू जातिको परिचय

नेपालमा बसोवास गर्दै आएका जनजातिहरु ५९ जाति भन्दा बढि तथा अनेक भाषाभाषी, धर्म र संस्कृतिका अनुयायीहरुको वासस्थान रहेको छ । जस मध्ये लिम्बू जाति पनि एक हो । लिम्बू जातिलाई किराँत भनेर चिनिन्थ्यो । लिम्बू जातिको आफ्नै सँस्कृति तथा सँस्कार रहेको छ । यो जातिले आजसम्म आफ्ना परम्परागत मुल्य मान्यता आत्मसात गरिरहेका छन् । लिम्वू जातिको धर्म, आस्था, सँस्कार र सँस्कृती 'मुन्धुम' मा आधरित या मुन्धुमद्धारा निर्देशित छ मुन्धुम लिम्वू जातिको अलिखित इतिहास वा मौलिक वर्णन हो । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ जना रहेको जसमध्ये लिम्वूहरुको कुल जनसंख्या ३,३८,३००० जना रहेको छ । नेपालमा अथवा कुल जनसंख्याको १.४६ प्रतिशत लिम्बूहरुको संख्या रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) उक्त जनगणना अनुसार नेपालमा ३,४८,६०३ जना अथवा ९४.६५ प्रतिशतले मात्र लिम्वू भाषा वोल्दछन् । लिम्वूहरुले आफ्नो भाषालाई "याक्थुङबा पान" भन्दछन् ।

हिमाल पर्वत श्रृङ्खलाको दक्षिण, अरुण नदीको पूर्व र मेची नदिको पश्चिम अवस्थित नेपालको पूर्वी पहाडि लिम्वुवान भु-भागमा वसोवास गर्दै आएका लिम्बूहरु किराँत वंशको सन्तान हो भनि आफूलाई 'याक्थुङबा' भनेर सम्वोधन गर्दछन् । साथै अन्य जातिले उनीहरुलाई सम्वोधन गर्दा 'लिम्बू' भन्दछन् । लिम्बू भाषामा 'लि' को अर्थ धनु र आम्वको अर्थ 'धनुधारी' वा 'धनुधारण' गर्नेलाई लिम्वू भनिन्छ । प्राचिन कालमा आँठ किराँती राजाहरुको विरुद्ध दश सरदारहरुले धनुवाण 'लि' द्धारा युद्ध जितेर शासन व्यवस्था वा राज्य स्थापना गर्नेलाई लिम्बू भनियो । लिम्बू जातिलाई सम्मान सुचक पद्वी अनुसार 'सुव्वा' पनि भन्ने चलन छ (चेम्जोङ, २०६९:५-१०)। लिम्वू जातिको आफ्नै भाषा तथा लिपि रहेको हुन्छ । जुन लिपिलाई "शिरिजङ्गा" लिपि भनिन्छ । लिम्वू जातिको धर्म आस्था, सँस्कार तथा सँस्कृतिहरु 'मुन्धुम' द्धारा निर्देशित छ । लिम्बू जातिको मौखिक वर्णन या अलिखित इतिहास हो (मावुहाङ, २०६९: १-५) ।

लिम्बू थरहरुजम्मा ३०० देखी ५०० सम्म हुन्छन् । तर जति धेरै थर भए पनि यो समुदायमा वर्ग विभाजन , जात प्रथा वा श्रेणी विभाजन पाइन्दैन । लिम्बूहरु सामुहिक वसोवास गर्न रुचाउछन् । यसैले लिम्वूहरुले आफ्नो धर्म सँस्कार, मुल्य-मान्यता र मुन्धुमलाई अवलम्न गर्दै आएका छन् । तर पनि समयको परिवर्तनसँगै यस जातिको सँस्कारमा केही परिवर्तनहरु पनि देखिएका छन् ।

## ४.३ मृत्युको परिचय

शरिर र जीवित आत्माको विछोड नै मृत्यु हो । यस संसारमा हरेक प्राणीको जन्मसँगै अन्त्य पनि अनिवार्य हुन्छ । निर्माणसँगै विनास र जन्मसंगै मृत्यु पनि जोडिएको हुन्छ । कुनै पनि कुराको शुरुभएपछि अन्त्य हुनु प्राकृतिक नियम हो । जन्म र मृत्युलाई प्रकृतिको चक्र भनेर वुभ्नुपर्ने हुन्छ । मृत्यु एउटा प्राकृतिक नियम हो । जसलाई जित्न वा रोक्न सकिदैन । जसको एकमात्र उपाय नै मृत्युलाई स्विकार्नु हो । जव मानव समाजमा आफुसँगै भएको व्यक्तिको मृत्यु भएपछी उसलाई विदा दिनु, विछोडलाई सहज वनाउनु, श्रद्धा प्रकट गर्नुको लागि मृत्यु सँस्कारको विकास भयो । हामी यसै प्रकृतिबाट उदय भई यसैमा विलीन हुन्छौ ।

त्यस्तै मृत्यु सँस्कारको वारेमा के कस्तो कथा सुन्नुभएको छ ? भनी मैले एक जना वृद्ध वम वहादुर लिम्वू (वर्ष ६८) लाई सोधेको थिए । उनका अनुसार -“उहिल्यै देवताको पालामा मान्छेहरुको आवादी एकदमै पातलो थियो, वनस्पतीले सवै ढुङ्गा, माटो ढाक्न सकेको थिएन् त्यसै वेला पाजागेन तेन्धुङयाङ र इवोक्वो इदियाङमा दुई चेली माइती थिए । जव इदियाङमा तरुणी भएपछि चोइत हाङवासँग विवाह गरिन । विवाह पश्चात उनीहरुबाट सिङमुचङ र लुमुचुङ नामक दुई भाई छोराहरु जन्मिए र समय वित्दै जाँदा तिनीहरुको आमाको मृत्यु भयो उनीहरुले मृतक आमालाई सिफुक्कु मेनफुक्कु नामक कुनै पनि जीव जन्तुले नदेख्ने ओडारमा पुऱ्याई छोडेर आए । त्यस पश्चात दाजुभाई सधै जसरी नै आफ्नो खेतीपाती गर्न लागे, खेतीपाती गर्ने क्रममा घर फर्कदा खाना पाकेको, खेतीपातीमा आफ्नो मेलो भोलीपल्ट जाँदा मेलो सकिएको पाएपछी आश्चर्य भई मध्यरातमा आफ्नो खेतिमा काम गर्ने मानिसको चियो गर्न थाले । यसै क्रममा उनीहरुले आफ्नो आमालाई काम गरिरहेको देखेपछी सोधीखोजि गर्न लाग्दा आमाले छोराहरुलाई भन्न लागिन म मरिसकेको हुँ, मलाई नसमाउँ । मेरो मृत शरिर जमिनमा लगेर

विधि तथा मुन्धुम पुऱ्याएर दफन गर । फेदाङमा वा विजुवा राखेर मेरो मृत सातोलाई पितृलोकमा लगेर जिम्मा देऊ । आफन्तजनहरुलाई वोलाएर नुन, तेल मागी चोखिने कार्य गर । तिमीहरुको कपाल मुण्डन गर । मेरो मृत्युको कारण वियोगमा आँशु झार्नेहरुको आँशु पखाल" भनिन् । त्यसपछी छोराहरुले उक्त कार्य गरी सकेपछी यो मृत्यु सँस्कार विधीको शुरुवात भएको हो ।

## ४.४ लिम्बूजातिको मुत्युसँस्कार

कुनै पनि व्यक्तिको मृत्यु हुनासाथ मृतक सगै रहेका वा वसेका मानिसहरुले मृतकको हातखुट्टा मिलाउने, सफापानीले चोख्याउने, नयाँ र सफा कपडा लगाईदिने, मृतक महिला भए गहना लगाई दिने तथा श्रृङ्गार गरिदिने चलन छ । त्यसपछी मृतकलाई सुकुल या गुन्द्रि ओछ्याएर घरभित्र राखि निधारमा चेतोङयाङ (मृतकलाई वाटो लगाउने पैसा) लगाइदिनु पर्दछ । यसरी लगाइदिने पैसा अगाडी चाँदीको सिक्का प्रयोग भएकोमा हाल चाँदीको पैसाको अभाव तथा जनचेतनाको कारण अन्य सिक्का पैसा प्रयोग भएको पाइन्छ । त्यस्तै मृतकको छातीमा चिरशान्तिको कामना गर्दै त्यहाँ उपस्थित मान्छेहरुले पैसा र फूल चढाउने गर्दछन । मृतकलाई अन्य जातजाति र पशुपंक्षीले छुनु हुदैन त्यस्तै मृतकका छोराछोरीलाई अन्य जात र पशुपंक्षीलाई छुनु तथा छुवाउनु हुदैन भन्ने मान्यता लिम्बूहरुमा रहदै आएको छ । यसै विचमा छरछिमेक दाजुभाई सवै भेला भएका हुन्छन् । त्यसै दिन मृतकलाई दाहसँस्कार गर्ने हो भने समय अनुसार दाहसँस्कारको लागि आवश्यक सरसमान, खाजा जुटाउने तथा घर, सम्हाल्ने गर्दछन ।

स्थलगत अध्ययन अनुसन्धानकै क्रममा एक जना वृद्ध यसो भन्छन परिवारमा कुनै सदस्यको मृत्यु भएमा अगाडी गाउँ समुदायमा गाउँको अग्लो डाँडामा गएर फलानाले छोड्यो है...भनेर सवैले सुन्नेगरी कराएर, होहल्ला गरेर खवर गर्ने गरिन्थ्यो । त्यसपछि समुदायका मान्छेहरु मृतकको घरमा जम्मा भई आवश्यक समान जुटाउन लाग्दथे । त्यस्तै छोरी चेली, मामा मावली, कुटुम्व जती टाढा भएपनि वा जतिदीन लागेपनि काँचो धागोले बाँधेको चिट्ठि पठाइन्थ्यो या चिट्ठि सहित मान्छे खवर गर्न पठाइन्थ्यो । वर्तमान समयमा आधुनिकीकरण र विश्वव्यापीकरण, शिक्षाले जनचेतनामा परिवर्तन ल्याई सुचना सञ्चार माध्यामहरु टेलीफोन, मोवाइल रेडियो टि.भी. जस्ता साधन बाट छोटो समयमा नै एक ठाउँबाट अर्को ठाउँमा खवर

गर्न सकिन्छ । जुन सुचना सञ्चारका माध्यामहरु सजिलो, छिटो, भरपर्दो सञ्चारको साधन वनेको छ(स्थलगत सर्वेक्षण,२०७२) ।

### ४.५मृत्यु सँस्कारका विधिहरु

अध्ययन क्षेत्रका लिम्बू जातिहरु 'किराँत' धर्मालम्बी हुन । उनिहरु एकै धर्मालम्बी भएको हुनाले मृत्यु सँस्कार गर्ने बिधि पनि एउटै रहेको छ । लिम्बू समूदायमा मृत्यु सँस्कार गर्दा विभिन्न विधिहरु पुरा गर्नु पर्दछ । जुन विधिहरु यहाँ उल्लेख गरिएको छ :

### ४.५.१ मृतकलाई दाहसँस्कार गर्ने विधि

लिम्बू जातिको चिहान घारी आफ्नै रहेको हुन्छ । कुनै व्यक्तिको कालगतिले मृत्यु भएको छ भने त्यही लगेर विधि अनुसार गाड्ने तथा दाहसँस्कार गर्ने गर्दछन् । कालगति मृत्यु र अकाल मृत्यु सँस्कारका जुन विधिहरु निम्न छन् ।

#### ४.५.१.१ चेधाप वनाउने विधि

स्थलगत अध्ययन भ्रमणको क्रममा चेधाप बनाउने बिधिबारे एकजना बृद्ध राम बहादुर लिम्बू (बर्ष ८२) यसो भन्छन- लिम्बू समूदायमा कुनै मानिसको मृत्यु भएमा दाहसँस्कार गर्नको लागि अनिवार्य चेधाप (लास) वनाउनु पर्ने हुन्छ । चेधाप वनाउनको लागि एउटा हरियो वाँस काटी हाँगा तथा घाँसलाई त्यही छोडी वाँसमात्र घरमा ल्याएर मृतकको नाप भन्दा केही बढी हुनेगरी वरावर दुई टुक्राको वनाउनु पर्दछ । त्यसपछी पुरुष भए चारवटा र महिला भए तिनवटा वाँसको भाटा चेधाप वरावरको वनाई त्यही दुई टुक्रा लामो वाँसको विचमा लासलाई अड्काउनको लागि वेजोडी चोयाले बाँधी लिस्नो जस्तो वनाउनु पर्दछ । त्यसपछि आवश्यकता अनुसार बाँसको सानो सानो कप्टेरालाई खिपी कात्रो अड्काउनको लागि ठाडो दुइटुक्रा बाँसमा ठड्याउनु पर्दछ । त्यसभित्र मृतक राख्नको लागि गुन्द्रि ओछ्याई दिएर चेधाप तयार भएपछि त्यसमा वरीपरी सेतो कपडाको कात्रोलाई अड्काउनको लागी सानो सानो वाँसको कप्टेरोले चार ठाउँ वा तिन ठाउँमा उनेर वरिपरी वेर्नु पर्दछ । जुन कप्टेरोलाई 'फासिन्जोक' भनिन्छ । लास वरिपरि पुग्ने गरी फूलमाला उनेर लगाईदिनु पर्छ । लासमा पुरुषभए चार र महिला भए तिन वटा चोयाको चित्रे वनावटमा चेखाःनाम 'लासवोक्ने नाम्लो' वाटेर चेधापको दुई छेउमा

बाँध्नु पर्छ । कात्रोको कपडा शुरुमा नै लगभग एक फिटको आयतकार वनाई च्यातेर त्यसमा सानो सानो दुइवटा वाँसको कप्टेराहरु खिपी त्यसको टुप्पामा तिखो वनाएर कैचे आकारको वनाई चोयाले बाँधी तिखो भागलाई माथि उठाई उक्त कपडालाई चारसुरमा उन्नु पर्दछ । यसलाई मृतकको अनुहारमा घाम नपरोस भन्ने उद्देश्यले मृतकको शिर माथी राखिन्छ । जसलाई नामथेःक्मा (घामछेक्ने) भनिन्छ । त्यसैमा मृतआत्माले स्वर्ग चढ्ने सिढी पुरुष भए चार र महिला भए तिन तलाको वनाई झुण्ड्याउनु पर्दछ ।

चेधाप वनाउने कार्य सकिएपछि घरभित्र लगी ढोका सिधा राखेर त्यसमा गुन्द्री आछ्याएर मृतकका शिर र पाउमा पर्ने गरी एक एक ओटा काँसको थाल राखि मृतकलाई त्यसमा माथि राख्नु पर्दछ । मृतक पुरुष भए खुकुरी र महिला भए हसिया राख्नु पर्दछ । त्यसपछी मृतकको छोरा,छोरी, परिवार तथा आफन्तले मृतकको नाममा पकाएको भात, एउटा अण्डा, जाँड, रक्सी चोयाले वुनेको फुर्ललुङमा देब्रे हातले पिण्ड चढाउनु पर्दछ त्यहाँ उपस्थित सम्पुर्ण मानिसहरुले मृतकको छाँतीमा चिरशान्तिको कामना गर्दै आफ्नो इच्छा अनुसार फूल, पैसा चढाउने गर्दछन । यसरी चढाएको पैसा मृतकको खर्च हो भन्ने मान्यता रहेको छ । मृतकको छोराले टोपी खोलेर, छोरी वुहारी कपाल छोडी खाली खुट्टा चेधाप वरीपरी रुदै वस्दछन । चेधापलाई भित्रबाट निकाल्नु अघी मृतकको छोराले देब्रेबाट घुमि चेधापको चारै सुरमा आगो दिए झैँ गर्नु पर्दछ भने मृतक महिला भए तिनफन्को घुमि चारै सुरमा निभेको अगुल्टो र खरको सानो एकै मुठा वनाई आगो दिनु पर्दछ । त्यस पछि पिण्ड चढाएको फुर्लुङमा चावोन (धान भुटेको), केहि सिक्का पैसा लगाई मृतकको नाममा पकाएका भातको भाँडो, जाँड लगाएको तोङवा, मृतकले प्रयोग गर्ने थालवटुका कात्रोको सेतो ध्वजा, अगुल्टाको मुठा, एक माना चामलको पोका एउटा डोको मा लगाई खुकुरी तयार गर्नु पर्दछ । केही समयपछि लासलाई समाधी स्थलमा लागेको तथा मृतकलाई बिदाई गरेको संकेत स्वरुप वेजोडी बन्दुक पड्काई चेधापको छेउमा अन्य मलामीले र विचमा छोरा छोरीले समाई उठाउनु पर्दछ । चेधाप अगाडी अगाडी पाको मान्छेले डोको बोकी हातमा खुकुरी लिएर हिड्नु पर्दछ भने चेधाप पछाडी अन्य मलामिहरु चिहान खन्न चाहिने आवश्यक सामग्रीहरु लिएर हिड्दछन् । लासलाई चिहान घारीमा नपुऱ्याई विच बाटोमा बर पिपल वाहेक अन्य ठाउँमा विसाउनु हुँदैन । यदी विसाएमा मृतकको सातो अल्मलिएर दुःख पाउँछ भन्ने मान्यता लिम्बूहरुमा रहेको छ । लासलाई चिहान

घारीमा पुऱ्याए पछी खाल्डो खन्ने सजीलो ठाउँ हेरि विसाउनु पर्दछ भने चेधाप वरिपरि मृतकको छोरा, छोरी, बुहारी तथा आफन्तहरु रुदै वस्दछन् । परम्परागत रुपमा लिम्बूहरुले खोङ काठको वाकसमा मृतकलाई बोकेर लाने गर्दथे भने वाँसको चेधाप वनाउने चलन पछी आएको हो (स्रोतः स्थलगत सर्वेक्षण, २०७२) ।

### ४.५.१.२ माटो किन्ने विधि

लासलाई चिहान घारीमा पुऱ्याई सकेपछी चिहान खन्नको लागि मुन्धुम अनुसार फेदाङमाले विधि पुऱ्याएर तामाको पैसा, अररिको काँडा र हर्कटोको पात सहित त्यहाँका भूमिपुत्र र तागेरा निङवाफुमाङसँग माटो किन्ने चलन छ । तर वर्तमान समयमा तामाको पैसा नपाउने र जनसमुदायको सोचाईमा परिवर्तन आएको हुनाले तामाको पैसाको सट्टा सिक्का पैसा, र अररीको काँडा र हर्कटोको पातलाई छोडी कटुसको पातले भएपनि काम चलाउन सकिन्छ भन्ने विश्वास रहदै आएको छ । चिहान खन्ने ठाउँ हेरेर त्यहाँ खुकुरीले ऋश आकारको चिन्ह कोरी त्यसमाथी हर्कटोको पात, अररीको काँडा तामाको पैसा राखेर अगाडी अनिबार्य फेदाङमा चाहिन्थ्यो भने अहिले कटुसको पात र सिक्का पैसा रोखेर फेदाङमा नभए तुम्याङहाङले पनि माटो किन्ने कार्य गर्दछन् । माटो किन्ने मुन्धुम आज सुन है...आज यहाँ नेर...के भने...ढुङ्गामाटोबाट वनिएका, बाखाको बड्कौलामा भारी विसाउनेहरु, गोब्रे च्याउमा ओत लाग्नेहरु, खुर्सानीको बोटमा झटारो हान्नेहरु, अन्यको बोट ढाल्नेहरु, जुम्रालाई मासु काट्नेहरु, ढुङ्गामाटोको सन्तान जन्मिए...उनीहरु गर्ने भन्ने, जान्ने अगुवा जानकारी राख्ने हुन । यो मृतकले माटो किन्ने ज्याला राखेकोले केही पनि भन्न  पाउदैनौ हौ...साच्चै देउ देउता छन है...यदी केही गऱ्यो भने अररीको काँडाले कोर्नेछन् हर्कटोको पातले काट्नेछन् । तामाको रुपियाँले देख्नेछ/पिरोल्ने छ (मावुहाङ,२०६९:३३) ।

यस सम्बन्धमा एकजना  बृद्ध जस बहादुर लिम्बु भन्छन-माटो किन्ने काम सकिएपछि मृतकको नाप अनुसार खाडल पाँच,छ फिटको गहिरो खन्नु पर्छ । खाडल खनीसकेपछी चिहान वनाउनको लागि चार पाटे आकारको चेप्टो ढुङ्गाको कुलोत्लुङ (विछ्याउने ढुङ्गा), कुयेप्लुङ (ठाडो राख्ने ढुङ्गा) र कुतेप्लुङ (छोप्ने ढुङगा) तयार गरी अगाडी यस ढुङगा भित्र काठको वाकस मिलाएर राख्दथे भने अहिले काठको वाकस नराखी ढुङ्गाको वाकस  वा ढुङ्गामात्र मिलाएर राख्ने

गर्दछन् । चिहान तयार भएपछि मलामीहरु मध्ये त्यहाँ काम गर्नेहरुले आफ्नो खुट्टाको डोव तथा माटोको धुलो सबै पश्चिम तिरबाट पूर्वतिर बढारी सफा गरेर मृतकको शिर र खुट्टा पर्ने ठाउँमा खुकुरीले क्रश चिन्ह कोरी त्यो माथि राख्नु पर्दछ । मृतकका आफन्तहरु केही समयसम्म आइनपुगेमा पर्खनु पर्ने मान्यता रहेको छ । त्यहाँ नयाँ उपस्थित मानिसहरुले फूल र पैसा मृतकको छाँतीमा राखी चिरशान्तीको कामना गर्दछन् । सवै आफन्तहरु आइपुगे पछि उक्त पैसा जति सवै टिपी लासलाई पुरुष भए चार फन्को र महिला भए तिन फन्को देव्रेबाट घुमाई एक छेउमा लासलाई विसाएर चेधापलाई खोली मृतकलाई गुन्द्री सहित खाडलमा लगाउनु पर्दछ । त्यसपछी विधि पुऱ्याएर जीवित सातो निकाल्नु पर्दछ । सामलःमा (सातो) निकाल्ने काम सकिए पछि कुतेप्लुङले छोपेर त्यहाँ उपस्थीत सम्पुर्ण मलामीहरुले देव्रे हातले माटो दिनुपर्दछ । खाडल पुरीसकेपछी पुरुषको चारतला र महिलाको तिन तलाको गारो उठाउनु पर्दछ । त्यस पछि विचमा ठाडो चेप्टो आकारको ढुङ्गाको सुत्लुङ (नाँभी) गाडी त्यसमा मृतकको नाम, ठेगाना लेख्नु पर्दछ । वर्तमान समयमा सिमेन्टको कपुस्थान वनाउने चलन आएको छ । त्यसमा मृतकको नाम, ठेगाना, जन्म मिती, मृत्यु भएको मिति लेखेर राख्ने गर्दछन ।

### ४.५.१.३ सातो निकाल्ने विधि

खाडलमा मृतकलाई राखिसके पछी फेदाङमा वा उसको निर्देशन अनुसार त्यहाँ काम गर्ने पुरुषले खुकुरी हातमा लिएर मृतकको लुगाको सीउनी तथा वन्धनहरु उधारि दिने, गरगहना फुकाई विधि पूर्वक मृतकको काखी, हातको मुठी, खुट्टा औंलाको चेपबाट टिपे झै खुकुरीले काटे झै गरी जीबित सातो निकाल्नुपर्छ । सातो निकाली सकेपछी मलामीहरु मध्ये पाको महिलाले लासको शिरमा राखेको काँसको थाल पछाडी बाट थापी नहेरिकन कात्रोको टुक्राले पोको पारेर मृतकको घरमा मृतसाम वा मृतआत्मा फकाएर लानुपर्ने मान्यता अनुसार मृतकको घरमा लानु पर्दछ । मृतकले लगाएको गहना, मलामिहरुले चढाएको पैसा सबै उत्त थालमा राखिन्छ जसलाई साम्दाखोङ भनिन्छ । साम्दाखोङ पशु पंक्षी अन्य जातलाई छुवाउनु हुदैन, घरमा नपुऱ्याई भुईमा विसाउनु हुदैन भन्ने मान्यता लिम्बूहरुमा रहेको छ । यसलाई शुद्धाईको दिन खाःउमा, फराक्लो गर्दा विभिन्न खानेकुरा, फलफूल पेयपदार्थ राखेर मृतकलाई विदा दिनुपर्छ ।

### ४.५.१.४ मलामी खाजा खुवाउने बिधि

अध्ययन क्षेत्र भ्रमणको क्रममा मैले अगाडि र अहिले मलामि खाजा खुवाउने बिधिमा के फरक छ भनि बृद्ध लाल बहादुर सोधेकि थिए । यस सम्बन्धमा उनि भन्छन-दाहसँस्कार गर्ने काम सकिएपछी सम्पुर्ण मलामीहरुले क्रियापुत्रीहरुलाई लिएर अगाडी जुन बाटो चेधाप लगेको हो त्यही बाटो लिएर मृतकको घरतर्फ फर्कन्छन । त्यसवेला क्रियापुत्रीहरु पुरुष टोपी खोलेर र महिला कपाल फुकाएर खाली खुट्टानै हुन्छन् । घर र समाधीस्थल विच पर्ने कुनै चौतारा, पाटी, धारामा परिवारले मलामी खाजा खुवाउनको लागि जाँड, रक्सी,चिया, मकैको सातु, भिजाएको चामल जस्ता खानेकुरा खाजाको रुपमा राख्ने चलन अगाडि थियो । मलामी खाजा खुवाउदा मृतकको परिवारले खर्च गरेजती सवै मृतकको आत्माले पाउँछ भन्ने मान्यता लिम्बुहरुमा रहेको छ । दाहसँस्कारमा उपस्थित सम्पूर्ण मानिसहरु खाजा खाने ठाउँमा फर्कदा त्यस स्थानमा पुग्ने वेलामा बाटोमा वलिरहेको अगुल्टो र अररीको काँडा राखी त्यसमा टेके झैं गरी फेदाङमाले तितेपातीको मुठालाई चोखो पानीमा चोवल्दै अगाडी बढ्नु पर्दछ । यसलाई कुनै रोग नसरोस भनी छेकवार गर्ने विधि भनिन्छ । त्यस पछी खाजा खाने कार्य शुरु हुन्छ । क्रियापुत्रीको लागि भने छुट्टै अन्यजातले नछुवाई वनाइएको हुन्छ । चुरोट खानेलाई चुरोट पनि वाडिदिनु पर्दछ । खाजा खाईसके पछी साम्दाखोङ सहित सम्पूर्ण मलामीहरुले क्रियापुत्रीलाई घरसम्म पुऱ्याउनु पर्दछ ।

## ४.६ साम्दाखोङ

लिम्वू भाषामा साम भनेको हँस हो र साम्दाखोङ मृत शरिरलाई खाडलमा लगाई सके पछी मृतकको, हात, खुट्टा नाक, कान, आँखा, मुख, काखीबाट विधि पूर्वक जीबित सातो र मृतकले लगाएको गरगहना, मलामीले फुलसँग लगाई दिएको पैसा गरी थालमा राखि उक्त थाललाई मृत शरिर वेरेको कात्रोको एक टुक्रा कपडाले पोको पारिएको हुन्छ । जसलाई साम्दाखोङ भनिन्छ । यसलाई मलामी मध्येको पाको महिलाले उक्त साम्दाखोङ थापी उनैले अजात तथा पशुलाई नछुवाई, भुईमा नराखी मृतकको घरमा लगेर एक कुनामा माथि झुण्डाउनु पर्दछ । त्यसैको ठिक मुनी भुईमा सफासँग लिपपोत गरी हुक्वा फिम्मा (पीण्ड चढाउन) ठाउँ वनाउनु पर्दछ । त्यसको छेउमा क्रियापुत्रीहरु गुन्द्री ओछ्याएर पुरुषले टोपी

खोली महिलाले कपाल फुकाएर लगाएको कपडा उल्टो पारेर तिन या चार दिनसम्म मृत आमा, वुवाको वा मृतकलाई सम्झेर पिण्ड चढाउनु पर्दछ । यस बिचमा दाजुभाई, छरछिमेकहरुले मृतकको नाममा खानेकुरा पकाएर जाँड, रक्सी सहित ल्याउदछन् । लिम्वू जातिमा साम्दाखोङ रहुन्जेल सम्म मृत्त आत्मा घरवरिपरि घुमिरहन्छ, खाःउमा गरी विदा दिएर मात्र स्वर्ग जान्छ भन्ने विश्वास रहेको छ । त्यसैले साम्दाखोङलाई शुद्धाई कार्यको दिन खाःउमा गर्ने समयसम्म घरभित्र राखी खाःउमा गर्ने समय भएपछी सम्पूर्ण खाने, पिउने, विभिन्न खानाको परिकार फलफूलहरु मृतआत्मालाई चढाउनका लागि राखिने सम्पूर्ण खानेकुराहरु घरदेखी पश्चिमपट्टी लगेर मान्द्रो उल्टो वनाई त्यसमाथि एकएक गरी टपरामा राखीन्छ । खाःउमाको समय भएपछी मुन्धुम शुरु गरी उक्त साम्दाखोङ खोलेर राखिन्छ । मुन्धुम सकिएपछी क्रियापुत्रीहरुले उक्त खानेकुरा एउटा खाली टपरामा देब्रे हातले चढाउछन् त्यसपछी मृतकका आफन्तहरुले पनि चढाउछन । यो कार्य सकिए पछी साम्दाखोङको गरगहना, पैसा घरमुलीलाई जिम्मा लगाई कात्रो तथा मृतकलाई चढाएको टपरा पश्चीमतिर फाल्दछन् । अन्य खानेकुराहरु वाडेर खाने गर्दछन । त्यस्तै मृतकलाई चढाइएको पैसा मृतकको वर्खन्त खर्चमा लगाउने गर्दछन्(स्थलगत सर्बेक्षण,२०७२) ।

### ४.७ नुनतेल माग्ने बिधि

मृत्युसँस्कार बारे जानकार एकजना तुम्याङहाङ (पंचभलाद्मि) बमबहादुर लिम्बू नुनतेल माग्ने कार्य बारे भन्छन्-मृतकलाई दाहसँस्कार गरि सके पछि घरमा पुगेपछि घर भित्र एक कुनामा लिपपोत गरी क्रियापुत्रीहरुले साम्दाखोङ झुण्डायएको ठिक मुनी चोखो गरी विहान वेलुका खानेकुरा मृतकको नाममा खोस्टा राखी चढाउनु पर्दछ । यसलाई हुक्वा फिम्मा (पिण्ड चढाउनु) भनिन्छ । क्रियापुत्रीहरु टोपी खोलेर तथा कपाल फुकाई वस्दछन् । क्रियापुत्रीलाई रुंग्नको लागि दाजुभाइ, छरछिमेक आउँछन तथा घरको काम तथा आवश्यक काम सम्हाल्छन । यस अवस्थामा क्रियापुत्रीहरु अन्यजाति, पशुपँक्षीसँग छुवाछुत गर्न तथा वोल्न हुदैन । मृतक पुरुषभए चार दीनमा र मृतक महिला भए तीन दिनमा विहानै घर लिपपोत गरी सफा गरेर पंचभलादमी, दाजुभाई भेला भैसकेपछी आँगनमा मान्द्रो उल्टो पारी दुई वोतल थिसाङदाङ (जाँड र रक्सी मिसाएको) नुन, खोर्सानी, अदुवा, लसुन एकै ठाउँ पकाएको विभिन्न खानेकुराका परिकारहरु, सहित वर्खन्तमा मासु लगाउनेहरुले कुखुराको पकाएको मासु टपरामा एउटा

नाङलोमा राखी फेदाङमाले नुन, तेल माग्ने कार्य मुन्धुमद्धारा शुरु गर्दछ । नुन, तेल माग्ने कार्य र शुद्धाई कार्यको खाःउमा मुन्धुम एउटै भएपनि तुन, तेलमा त्यस मुन्धुमलाई छोट्याएर अति छोटो रुपमा मुन्धुम भन्ने गर्दछन् । फेदाङमाले लठ्ठी टेकी एकातिर उभिएको हुन्छ भने अर्को तिर तुम्याङहाङ सानी लठ्ठी टेकी  उभिएको हुन्छ । फेदाङमाले मृतकको नाम, ठेगाना सहित मुन्धुमबाट नै विभिन्न प्रश्न गर्दछ भने तुम्याङहाङले उत्तर दिदै जान्छ । मुन्धुम सकिएपछी मृतकको घरपरिवार, दाजुभाई जुठो परेको थियो आजदेखी फुकुवा भयो है भनी फेदाङमाले मुन्धुम सक्ने गर्दछ भने तुम्याङहाङले आफुले टेकेको लठ्ठी तिन तुक्रा भाँचेर पश्चिमतिर फ्याँकी दिन्छन् । त्यसपछी क्रियापुत्रीले उक्त खानेकुराहरु टपरामा देव्रेहातले मृतकको नाममा चढाई उक्त टपरा पश्चिम तिर फाल्दछन् । नुन तेल माग्ने कार्य सकिएपछी सबै खानेकुराहरु क्रियापुत्रीलाई खुवाउने तथा सवैले वाडेर खाने गर्दछन । त्यसपछी सामान्य भोज खुवाईन्छ ।

### ४.८ मुख्य शुद्धाई कार्य

यस सम्बन्धमा स्थलगत क्षेत्र भ्रमणकै क्रममा बृद्ध भिमबहादुर लिम्बू भन्दछन-नुन तेल माग्ने कार्य सकिएपछि भद्रभलाद्मी वुढापाकाहरु वसी परम्परागत मृत्यु सँस्कार अनुसार आफ्नो सहजता हेरी १ वर्ष भित्रमा वेजोडि महिना, गते पर्ने गरी मिती तोक्दछन् । यसलाई लिम्वुहरुले नेःफाङमा/खाःउमा क्रिया फुकाउनु वा शुद्धाई, अन्तिम कार्य भन्ने गर्दछन् । शुद्धाई कार्यको लागि छरछिमेक, दाजुभाई, कुलकुटुम्वलाई सहभागी हुन निमन्त्रणाको लागि मानिसद्धारा पत्र पुऱ्याउने गरिन्थ्यो । नुन, तेल माग्ने कार्य र मुख्य शुद्धाई कार्यको समय विचमा सम्भव भए मृतकको नाममा पाटि, चौतरा, बाटो र मृतकको चिहानमा कपुस्थान बनाई मृतकको नाम,ठेगाना, जन्ममिती, मृत्युभएको मिति लेख्ने गरिन्छ । शुद्धाई कार्यको दिन आमन्त्रीत पाहुनाहरु र काम सघाउने छरछिमेकीहरु जम्मा हुन्छन । शुद्धाई कार्यको दिन आफ्नो आर्थिक स्थिति अनुसार चामल,रुपैया, जाँड, रक्सीका साथै आमन्त्रीत पाहुनाहरुले राँगा, खसी वा वाखा ल्याउने गर्दछन् । जसलाई चम्याङ तोम्मा 'सघाउनी' भनिन्छ । सघाउनी ल्याउदा अगाडी को वोही खाता हेरी त्यस घरवाट कती ल्याएका छन त्यस माथी थपेर लाने चलन छ । आमन्त्रीत पाहुनाहरुलाई वस्नको लागि घर नजिकै बाँस र स्याउलाको डेरा वनाइ त्यही राखिन्छ । परम्परागत मान्यता अनुसार क्रियापुत्री दाजुभाई, आफन्तहरुले सोहि दिन देखी मृतआत्माको सम्झनामा छाक छोड्ने गर्दछन् ।

शुद्धाईको दिन गाउँमा छरछिमेकीलाई पनी दश बाह्र दिन अगाडी प्रत्येक घरमा मान्छे खटाइ निम्तो द्वारा वोलाएको हुन्छ । त्यसदिन दिउसो एक-दुई वजे सम्पुर्ण सामानहरु तयार गरि खाःउमा गरिन्छ । एउटा नाङलो/मान्द्रो माथी सेतो कपडा वा केराको पात माथी चाँदीको पैसा राखी दुईवटा वोतलमा थिसाङदाङ जाँड, रक्सी, पानी भरेर राखिन्छ । त्यसै नाङलो माथी सुँगुर वा राँगाको टाउको राखेको हुन्छ । नाङलो/मान्द्रोको एक छेउमा साम्दाखोङ र क्रियापुत्रीले लगाउने कपडा राखिन्छ । खाःउमा गर्दा मान्द्रो भरि मृतकलाई मनपर्ने बिभिन्न खाद्यपदार्थ तथा पेय पदार्थहरु राखिएको हुन्छ । छेउमा थिसाङदाङ दुइवोतल राखी मृतक सुर्ती खाने भए सुर्ती, चुरोट पनि राखिन्छ । त्यसपछी फेदाङमा एकातिर र अर्कोतिर तुम्याङहाङ लट्ठी टेकि उभिएका हुन्छन र फेदाङमाले मुन्धुमद्धारा प्रश्नगरी खाःउमा शुरु गर्दछ भनि उत्त बृद्ध भिमबहादुर लिम्बू भन्दछन ।

फेदाङमाले प्रश्न गर्छ,

फलाना ठाउँ वस्ने यी मृतक विरामी परी सकेसम्म उपचार गर्दा पनि केही लागेन । घामको छोरा/छोरी घामै ले लग्यो, जुनको छोरा/छोरी जुनैले लग्यो,माटो बाट वनेको शरिर माटोमा नै मिल्यो । त्यसर्थ यी क्रियापुत्रीलाई दुःखको सागरमा डुबेकाले त्यहाँवाट उनिहरुलाई निकाल्नको लागि तिमीहरुलाई जम्मा गराइएको छ । यो दुःखको सागरबाट उनीहरुलाई निकाल्छौ होइन ?

तुम्याङहाङ

निकाल्छौ है निकाल्छौं । हामी पञ्चभलाद्मीहरु मिली जति पनि कुराहरु यि दुःख वोक्नेहरुले वारेर वसेका थिए ती सवै कुराहरु आजदेखी फुकुवा गरिदिएका छौं है ।

फेदाङमा

उसका सन्तानहरुले मृतकको नाममा पाटिपौवा, चौतारा, धारा, कुपस्थान वनाए, दान दक्षिणा गरे, मिस्ठान भोजन सवैलाई खुवाए यि सवै खाने कुराहरु मृतकले पाउँछ की पाउदैन ?

तुम्याङहाङ

उसका सन्तानहरुले जति वनाए, गरेका सवै खाने कुराहरु मृतकले पाउँछ है पाउँछ ।

फेदाङमा

मृतकका दाहसँस्कार गर्दा लाशले चेप्ट्याएका, ढुङ्ग मुढाले चोट लागेका, अररिको काँडाले कोरेका, हर्कटोको पातले काटेर रक्तपुच्छे भएकाहरुको लागि यहाँनेर कोरमा बस्नेहरुले पाँचवटा चाँदिका सिक्काहरु, जाँड, रक्सि, सुँगुरको टाउको, कपडा राखिदिएका छन् यि सबै लिनका लागि कोहि त्यस्तो छौ ?

तुम्याङहाङ

मृतकको दाहसँस्कार गर्दा लासले चेप्ट्याएका ढुङ्गामुढाले चोट लागेका, अररिको काँढाले कोरेका, हर्कटोको पातले काटेर रक्तपुच्छे भएका कोहि पनि छैनौ है छैनौ ।

फेदाङमा

एकान्तमा गएर टिका टिप्पणी गर्ने, जाँड रक्सी पिउने, सुँगुरको टाउको खान सक्ने, एकसरो कपडा लगाउन र पाँच वटा चाँदिको सिक्का लिन सक्ने कोहि छौ ?

तुम्याङहाङ

एकान्तमा गएर टिका टिप्पणी गर्ने, जाँड, रक्सी पिउने, सुँगुरको टाउको खान सक्ने, एकसरो लुगा कपडा लगाउन सक्ने र पाँच वटा चाँदीका सिक्का लिन सक्ने कोहि पनि छैनौ हामीबाट वाचै वाचा भयो ।

फेदाङमा

अव यि दुःखका धनीहरुका स्वर्गीय मृतकका हंसले सबै वस्तुहरु लिएर जीवित आत्मासँग अलग्गै रहेर पितृलोकमा पुऱ्याएर बुझाइदिन्छौ त ?

फेदाङमा

त्यसो भए अव यि क्रियापुत्रीहरुले फूल, टीका लगाउन, मनोरञ्जन गर्न, राम्रो लुगा लगाउन, पूजापाठ गर्न, विवाह गर्न पाउँछन कि पाउँदैनन् ? दिन्छौ होइन ?

तुम्याङहाङ

दिदै पाउँछन् है पाउँछन् । दिन्छौँ है दिन्छौँ (स्थलगत सर्बेक्षण, २०७२)।

त्यसपछि सक्यो है भन्दै फेदाङमाले मृतआत्मा र जीबित आत्मालाई छुट्याई भेट नहुनेगरी एक वाचा, दुई वाचा, तिन वाचा भन्दै वाचा वाधिदिन्छ । अनी तुम्याङहाङले आफुले टेकेको लठ्ठी तिन टुक्रा भाँचेर पश्चिम तिर फ्याकिदिन्छ । त्यसपछी क्रियापुत्री तथा मृतकका आफन्तहरु खाली टपरामा सम्पुर्ण खानेकुराहरु देव्रे हातले पिण्ड चढाई साम्दाखोङ पोको पारिएको कात्रोको सेतो कपडासँगै उक्त टपरा पश्चिम तर्फ फाल्नु पर्दछ । त्यस पछि क्रियापुत्रीहरु घरवाट पश्चिमपट्टी गएर नुहाई नयाँ कपडा लगाई त्यहाँ उपस्थित मान्यजनहरुमा नजिकका दाजुभाई, मामा मावली, छरछिमेकका सदस्यहरुमा ढोगभेट कार्य गर्दछन् । सेवा ढोग लिने मान्यजनहरुले 'अव देखी यस्तो अशुभ कार्यमा भेट नहोस, शुभ कार्यमा मात्र भेट होस् । अव यो घरमा मरिमराउ कहिल्यै पनि नहोस्' भन्दै आशिर्वाद दिन्छन् । त्यस पछी उपस्थित सवैलाई भोज खुवाउने कार्य हुन्छ र यो विधि सकिन्छ ।

### ४.९ सिःतङसिङ र यग्रङसिङ वनाउने विधि

अध्ययन अनुसन्धानकै क्रममा 'सिःतङसिङ' र 'यग्रङसिङ' भनेको के हो भनि मैले एकजना फेदाङमा शिब कुमार लिम्बुलाई सोधे कि थिए यस सम्बन्धमा उनि भन्छन्-लिम्बू समुदायमा कुनै ब्यत्तिको मृत्यु भईसकेपछि शुद्धाई कार्यको वेलुका वा समय अनुसार बिधि अनुसारमृत आत्मा र जीवित आत्मा छुट्याउने कार्य गरिन्छ त्यसलाई "सिःतङसिङ" भनिन्छ । यसलाई ठाउँ अनुसार सिःतङसिङ वा इसेम्मा तङसिङ भनिन्छ । यो कार्य गर्नको लागि "यग्रङसिङ" वनाउनु पर्दछ । "यग्रङसिङ" येवा/साम्वाको (गुरु वोलाउनेथान) हो । "यग्रङसिङ"वनाउदा घरको आँगनमा एउटा वाँस टुप्पा सहितको लिङ्गोमा 'चाम्जीङ' मुक्तो, 'स्याउली' काउलोको मुन्टा सँगै बाँधेर गाडिन्छ । यग्रङसिङ धागोले वेरेर नौ तलाको वनाइन्छ । नवौं तलामा सोधुङ लेप्मुहाङको लासो राखिन्छ । आठौं तलामा तागेरा निङवाफुमाङको लासो राखिन्छ । यसको दायाँपट्टी नाहाङमाको लासो र वायाँ पट्टी लेप्मुहाङ सम्मेथुङको लासो राखिन्छ । निङवाफुमाङको लासोमा दियो कलश वाल्नु पर्छ । उक्त यग्रङसिङको फेँदमा चोयाले वुनेको चप वा महलामा माटो भरेर छोरा मान्छेको चार ठाउँ र छोरिमान्छेको तिन ठाउँ मुक्तो लाई फुर्के वनाई खिपेर बिचमा मुक्तो कै पातले वेरी त्यो महलामा गाड्नु पर्छ । त्यसमा नौ रङको धागोले जाल वुनी टुप्पोम झुण्ड्याउनु पर्दछ जसलाई मृतकको बाटो छेक्ने भनिन्छ । उक्त महलामा खुकुरी, खुर्पा गाड्नु पर्छ र अग्लो भागमा माला पोतेहरु झुण्ड्याउनु पर्दछ ।

यी सम्पुर्ण समानहरु तयार भई सकेपछी येवा/साम्वाद्धारा सि:तङसिङ र इसेम्मा तङसिङ कार्य शुरु हुन्छ। कुनै पनि घरमा मृत्यु भएमा मृतकको सातो वा मृत आत्मा घर वरिपरी घुमिरहन्छ भन्ने मान्यताले लिम्बू समुदायमा शुद्धाई कार्यको दिन वेलुका इसेम्मा तङसिङ अनिवार्य रुपमा राख्नु पर्दछ । यसमा येवा,साम्वाको भूमिका रहन्छ । येवा/साम्वाहरु माथिका सवै कार्यहरु तयार भएपछि मुन्धुमद्धारा अगाडी बढ्दछन् । उनिहरुले मुन्धुम अनुसार मृतकको आत्मालाई जीवित परिवारसँग छुट्याएर पितृ सामु पुऱ्याउने गर्दछन् । मुन्धुमद्धारा नै मृतक र जीवितहरुको सातो छुट्याई 'खेमाहिम' मर्नेहरुको घर भत्काउनु पर्छ । यग्रसिङ (थान) मा मृतकको आत्मा छेक्ने र जीवितको लागि सिलाम साक्मा (मृत्युको बाटो छेक्ने) राखिन्छ । येवा/साम्वाले आफ्नो आशनमा बसेर मुन्धुम विस्तृत रुपमा पुकार्दै लान्छन् । बिचबिचम घरका पुरुषहरुले खुकुरी भएको महला र महिलाहरुले खुर्पा भएको महला वोकेर येवा/साम्वाहरु थाल वजाउदै यग्रङसिङ वरिपरी घुम्दछन् । लिम्बूहरुको सृष्टी, इतिहास तथा लिम्वू सँस्कारहरु कसरी भयो भनी मुन्धुम द्धारा अगाडी बढ्दछन् । बिचबिचमा थान वरिपरि मुन्धुम अनुसार नाच्ने गर्दछन् र भोलिपल्ट विहान मुन्धुम फलाक्दै ग्रहदशा काटी जीवितहरुको ग्रहदशा फाल्दछन् र यो कार्य सकिन्छ (स्थलगत सर्बेक्षण, २०७२) ।

### ४.१० मिक्वा:साङमा गर्ने विधि

लिम्बू समुदायमा कुनै ब्यत्तिको मृत्यु भएपछि बिधि पूर्बक सितङसिङ/ इसेम्मा तङसिङ गरी सकेपछि भोलीपल्ट विहान ग्रहदशा काटिसकेर मिक्वासाङमा गरिन्छ जुन मिक्वा साङमाको तात्पर्य मृतकको वियोगमा खसालेको आँसु पखाल्नु, पुछ्नु या फ्याक्नु हो । जुन कार्यलाई मिक्वा:साङमा (बियोगको आँशु पखाल्नु) गर्ने बिधि भनिन्छ । लिम्बू समुदायमा मृतकको आफन्तहरुले खसालेको वा झारेको आँसु पखाल्नु पर्छ भन्ने मान्यता रहेको छ । यसको लागि 'चाम्जिङ' काउलो, 'मक्तो' घुङरीङ एक आँखो बनाई काउलोको पातले बेरी ति सबै एकै मठा बनाउने, नौ मुलको पानी बटुली तामाको भाँडामा राखेर त्यसमा सुन चाँदी भिजाएको पानी, आकासबाट परेको पानी उक्त तामाको भाँडामा मिसाइ बनाएको पवित्र पानीलाई येवाले मुन्धुम फलाक्दै 'यी पखालिएका आँशुहरु तिमी पश्चिमतिरका पागेरुङ, मागेरुङ, ला:गेरुङ, नामहारुङ देव तिमि वियोगमा झरेको आँसुहरु ग्रहण गर है' भन्दै मृतकको घर परिवार, दाजुभाई आफन्तलाई पश्चिम तिर फर्काएर उभ्याई घुङरीङ लगाएको स्याउलीको मुठो पानिमा चोपल्दै

त्यहाँ उभिएका प्रत्येकलाई टाउको, कुम, घुँडादेखी पाउसम्म सोहोर्दै ल्याउँदछन् । त्यस पछि उक्त पानी तथा स्याउलीले तलामाथि , घरभित्रको प्रत्येक ठाँउबाट मुन्धुमद्धारा येवा/साम्वाले चोख्याउँदै बाहिर सोहोर्दै निकाल्छ घर बाहिर निस्केपछि त्यसरी नै छर्कन्दै सोहोरे झै गरि पानी र उक्त स्याउली पश्चिम तिर फ्याकि दिन्छन् र यो विधि सकिन्छ ।

## ४.११ क्रिया बस्दा क्रियापुत्रिले प्रयोग गर्ने लुगा/कपडा

पहिला क्रिया बस्दा क्रियापुत्रि छोरामान्छे भए टोपि खोली उल्टो लुगा लगाएर र छोरी तथा बुहारीहरु कपाल फुकाएर लुगा उल्टो बनाइ लगाउने र मृतकको नाममा घरभित्र बसी पिण्ड चढाउने जब नुन् तेल माग्ने कार्य सकेपछि छोराको कपाल खौरने , शुद्धाई कार्य राखी गर्ने र शुद्धाइ कार्यमा खाःउमा नगरुन्जेल सम्म सोहि प्रक्रियालाई निरन्तरता दिने चलन थियो ।

## ४.१२ मृत्यु सँस्कारमा आवश्यक पर्ने खाद्य तथा पेय पदार्थहरु

कुनै व्यक्तिको मृत्यु भइसकेपछि दाहसँस्कार गर्नको लागी चेधाप बनाएर चिहानघारीमा लानुपर्दछ । उक्त चेधापमा मृतकलाई चढाएपछि मृतकको नाममा पकाएको एक माना चामल, एउटा अण्डा उसिनी जाँड रक्सी मृतकका छोरा छोरी तथा आफन्तहरुले देब्रेहातले हुक्वा फिम्मा गर्दछन् । मृतकलाई दाहसँस्कार गरि सकेपछि उक्त भात पकाएको भाँडा, जाँड लगाएको तोङवा, रक्सीको बोतल चिहान माथी राखि छोड्छन । क्रिया बस्दा क्रियापुत्रीहरुले खानको लागी फलार, फलफुल, तरुल, आलु, चामलको रोटी, जाँड, रक्सी, चिया प्रयोग गर्दछन् । नुन तेल तथा शुद्धाई कार्यमा खाःउमा गर्दा अदुवा, लसुन नुन खोर्सानी लगाई तेलमा पकाएको अनिबार्य , फलफुल, फलार, तरुल, आलु, चामलको रोटी मृतकलाई मन पर्ने खानेकुरा जाँड, रक्सी मिसाई दुई बोतल अनिवार्य राखि साम्दाखोङ राख्नुपर्छ । लिम्बूहरु  विवाह र मृत्यु सँस्कारमा भोज खुवाउनको लागी धेरै खर्च गर्दछ्न् । जुनसुकै सँस्कार तथा पुजा आजा गर्दा जाँड रक्सी अनिवार्य प्रयोग गर्दछन् । लिम्बूहरु जाँड, रक्सी बनाउनको लागि मकै, कोदो, धान गहुँ पकाउने गर्दछन् । दाहसँस्कार गरिसकेपछि घरफर्कदा विच बाटोमा सम्पूर्ण मलामीहरुलाई खाजा खुवाउनको लागी मकैको सातु, चामल, चिया, जाँड, रक्सिको व्यवस्था गरेका हुन्छन् । भोज खुवाउनको लागि घरका सदस्यहरुले अत्याधिक अन्न पकाएर वा किनेर भएपनी व्यवस्था गरेका हुन्छन् । पाहुनाहरुलाई तोङवा दिनको लागी जाँडको छोक्रा र पानी लगाएर चिया सहित

अचारसँग दिने गर्दछन् । आमन्त्रित छरछिमेक, दाजुभाईले जाँड, रक्सी, चामल, पैसा चम्याङ तोम्मा, 'सघाउनी' ल्याउने गर्दछन् भने आमन्त्रित पाहुनाहरुले जाँड, रक्सी, पैसा, चार खुट्टे जिवात (राँगा, खसी ल्याउने गर्दछन् । यि सबै ल्याइएका चिजहरु, समानहरुको नाम प्रत्येक व्यक्तिको नाम, ठेगाना, बोहि खातामा  लेखेर राख्ने गरिन्छ । यसलाई 'चम्याङ तोम्मा' सघाउनी ल्याएको भन्ने गर्दछन् । पाहुनालाई स्वागत तथा विदाई गर्दा र सम्पूर्ण कार्यमा जाँड र रक्सीको आवश्यक पर्दछ । यसको अलवा चिया पनि प्रयोग गर्दछन् । शुद्धाई कार्यको दिन खाःउमा सकेपछि जाँड, रक्सी, चिया, चिउरा, चना भोजको लागी दाल, भात, तरकारी (बर्खन्तमा मासु लगाउनेहरुले राँगा, भैसी, कुखुरा, खसी काटी मासुभात) खुवाउने गर्दछन् ।

### ४.१३ मृत्युसँस्कार गर्दा आवश्यक बोटविरुवाहरु

लिम्बूहरुले मृतकलाई दाहसँस्कार गर्नको लागि अररिको काँडा, हर्कटोको पात चिहान खन्नको लागी माटो किन्न प्रयोग गर्दछन् । हरियो बाँस मृतकलाई बोक्ने लास बनाउन, महला चपको लागि सितङसिङ गर्दा यग्रङसिङ वाथानमा लिङगो गाड्नको लागि प्रयोग गरिन्छ । त्यस्तै काउलो चाम्जीङ, स्याउलीको लागी र मुत्तो 'घुङरीङ' प्रेत आत्मा घरभित्र नपसोस, दुःख नदेओस भनि घर बाँध्ने येवाको शक्तिको रुपमा प्रयोग गरिन्छ । मिक्वासाङमा गर्दा नौ मूलको पानी जम्मा गरी तामाको भाँडामा राखेर चाम्जीङ र मुत्तोको एकै मुठा स्याउली बनाई पानीमा चोपल्दै येवाले मृतकको वियोगमा आँशु झरेको, वगाउनेहरुको आँशु पखाल्न स्याउलीको प्रयोग गर्दछन् । नुनतेल माग्ने कार्य, खाःउमा गर्दा टपराको लागि निभारोको पात प्रयोग गरिन्छ । त्यस्तै तितेपाती धुप वाल्नको लागी प्रयोग गरिन्छ ।

### ४.१४ जुठो परेको बेला जुठो पर्ने र क्रियापुत्रीले बार्नुपर्ने विधिहरु

लिम्बू समूदायमा कसैको मृत्युभएमा मृतकका दाजुभाई, छोरिचेली, (सोघा, सुगुप, ससिक मृत्यु वाहेक) लाई तिन, चार दिन जुठो पर्छ । मृतक पुरुष भए चारदिन र महिला भए तिनदिन बार्नु पर्छ । छोरिचेलीको हकमा भने विवाहित या कुटुम्बको साथ लागेकोले 'मेल्लुङफुःमा' क्रिया सार्ने कार्य सकेको भए जुठो वार्ने कार्य छोरि चेलीको इच्छामा भर पर्दछ । तर क्रिया सार्ने कार्य नसकेको भए अरु सरह नै बार्नुपर्ने हुन्छ । कुटुम्वले भने वार्नु पर्दैन ।

परिवारमा कुनै सदस्यको मृत्यु भएमा शुद्धाई कार्य वा विदा नगरिन्जेल सम्म मृतआत्मा घर वरिपरि घुमिरहन्छ भन्ने विश्वास लिम्बूहरुमा रहेको छ । त्यसैले शुद्धाई कार्यमा खाःउमा गरि मृतकलाई विदा नगरेसम्म जुठोपर्ने दाजु भाई भित्र कसैको मृत्यु भएमा शुद्धाइ कार्य नगरीन्जेल कुनै पूजा, मनोरञ्जन तथा विवाह गर्नु हुदैन । घर पूजा तथा कुनै देवी देवताको पूजा गर्नु हुदैन । परिवारमा कुनै काटमार गर्नु हुदैन । मासु मंश, नुन तेल, अदुवा, लसुन खानु हुदैन, वार्नु पर्छ । त्यस अवधीभर घर लिप्नु, पोत्नु हुदैन । त्यस्तै मृतकको छोराछोरी अथवा क्रियापुत्रीहरुले भने नुन, तेल, अदुवा, लसुन, मासुमंश वार्नुका साथै 'पानमेन्दङ' अजात अन्य जातीसँग बोल्न, सँगै बस्न, उनिहरुले पकाएको, छोएको खानेकुरा खानु हुदैन, बासि खानेकुरा खानु हुदैन । कुनै पशुपंक्षी छुनु हुदैन नयाँ कपडा सिन्धुर, गाजल, टिका लगाउन हुदैन । खाट, सोफामा बस्न, ऊनी धागोले बुनेको कपडा लगाउन, राडिपाखी, गलैंचा ओछ्याएर बस्न हुदैन । परालबाट बनेको गुन्द्रि या सुकुल ओछ्याएर बस्नु पर्छ । गाडी, हवाइजहाज चढ्न, पिङ खेल्न हुदैन । कुनै ठुला डाँडा, खोला पुल तरेर जानु हुदैन । यदी त्यो ठाउँ तरेर गएमा मृतकको आत्माले दुःख पाउँछ भन्ने विश्वास लिम्बूजातिमा रहदै आएको छ । नुन, तेल माग्ने कार्य सकिएपछि पनि शुद्धाई कार्यको खाःउमा गरेर मृतकलाई विदा नगरिन्जेल सम्म यि सबै नियमहरु वार्नुपर्ने हुन्छ । क्रियापुत्रीहरु विहान विहान नुहाएर चोखोसँग मृतकको नाममा खानेकुराहरु चढाउनु पर्दछ । मृतकका 'वंश' भित्रका दाजुभाईलाई जुठो लाग्ने गर्दछ ।

## ४.१५ परम्परागत मृत्यु सँस्कारमा आवश्यक पर्ने मासुमँश

लिम्बूहरुले परम्परागत मृत्युसँस्कारमा नुनतेल, माग्ने कार्य गर्दा अनिवार्य कुखुराको मासु प्रयोग गर्दछन् । कुखुराको मासुलाई नुन, खोर्सानि, अदुवा, लसुन सहित तेलमा पकाएर एउटा टपरामा राखी साम्दाखोङ नजिकै राख्दछन् । फेदाङमा तथा तुम्याङहाङले खाःउमा सकेपछि उत्त मासु क्रियापुत्रीलाई खुवाउने तथा त्यहाँ उपस्थिती सम्पूर्ण दाजुभाई तथा छरछिमेकहरुले बाँडेर खाने गर्दछन् । शुद्धाई कार्यमा खाःउमा गर्ने बेलामा त्यहाँ चाहिने विभिन्न खोनेकुराहरु सहित मासुको परिकार पकाएर मृतआत्माले पाउने विश्वासले पिण्ड चढाउनको लागि टपरामा राख्ने गर्दछन् । खाःउमा गरिसकेपछि क्रियापुत्रीले मृतकको नाममा हुक्वा फिम्मा गरिसके पछी आमन्त्रित पाहुना, दाजुभाई, छरछिमेक तथा त्यहाँ उपस्थित सम्पूर्णलाई राँगा, खसी, बाखा,

सुँगुर काटि पकाई मासुभात, जाँड, रक्सी भोज खुवाउने गर्दछन् । यसरी निमन्त्रणा गरिएका पाहुनाहरुले पनि आफ्नो स्थिती अनुसार कठुवामा रक्सीका साथै चारखुट्टे जीवात राँगा, खसी, ल्याउने गर्दछन जसलाई चम्लाङ तोम्मा 'सघाउनी' भनिन्छ । शुद्धाई कार्यको भोलि विहान या पाहुना बिदा गर्ने दिनमा उक्त ल्याएको जीवात काटि मासु पकाएर थालमा राखी पात उल्टो बनाई मासु छोपेर जाँड र रक्सीसँग पाहुनालाई दिने गर्दछ् । लिम्बूहरु यसलाई फुदोङ 'मेजमान' भन्दछन् । पाहुना विदा गर्दा जसले चार खुट्टे जीवात ल्याएका छन् उनीहरुलाई उक्त जीवात काटि टाउको तिरको भाग कम्मरमा काटेर रक्सीको कठुवाको भाँडा सँगै आँगनमा मान्द्रो बिछ्याएर राखि दिन्छन र प्रत्येक पाहुनाले आफ्नो समान लिएर घर जान्छन् ।

## ४.१६ अकाल मृत्यु

लिम्बू समूदायमा कालगति मृत्यु र अकाल मृत्युको दाहसँस्कार तथा मृत्युसँस्कार फरक वा भिन्न तरिकाले गरिन्छ । अकाल मृत्यु अन्तर्गत सोघा मृत्यु, सुगुप मृत्यु र ससिक मृत्यु पर्दछन् । जुन निम्न अनुसार छन् ।

### ४.१६.१ सोघा मृत्यु

अकाल मृत्यु अर्थात लडेर, खोलाले बगाएर, हत्या, आत्महत्या, या कुनै दुर्घटनामा परी हुने मृत्यु वा मृतआत्मालाई सोघा भनिन्छ । यसरी मृत्यु भएकाहरुलाई गाड्नु हुदैन, अनिवार्य जलाउनु पर्दछ । नजलाए मृतआत्मा सोघा भएर घरपरिवार, गाउँ घरमा दुःख दिइरहन्छ भन्ने विश्वास लिम्बू समुदायमा रहेको छ । सोघा मृत्युमा येवा/येमाको प्रमुख भूमिका रहन्छ । लिम्बूहरु येवा/येमा भनेको तागेरा निङवाफुमाङबाट नै खटिएर आएका हुन भन्ने विश्वास गर्दछन् । सोघा मृत्युमा येवाद्धारा छेकवार नगरेमा मृतआत्मा जिउँदो रहेको हुन्छ र गाउँघरमा दुःख दिन्छ भन्ने विश्वासले अकाल मृत्यु भएकालाई येवाद्धारा मन्त्रसहित बिधि पुर्याएर चिहान घारीमा लगी घोप्टो राखेर जलाई खरानीको थुप्रो उठाएर चिहान बनाउने चलन छ ।

यस्तो मृत्युमा छेकवार गर्नको लागी येवालाई बोलाउनको लागी विधि पुऱ्याएर येवाको घरमै लिन जानुपर्छ । बोलाउन जाने सदस्य येवाको अगाडी उपस्थित हुनुहुदैन भन्ने मान्यता रहेको छ । येबाको श्रीमतिले नै सबै सोधि खोजी गर्दछ । के उदेश्यको लागी आएको हो, कति

दिनको लागी हो, लैजादा र ल्याउँदाको खर्च कसले व्यहोर्ने हो, निजको ज्यान तल माथि भएमा कसले व्यहोर्ने ? जस्ता प्रश्न गर्दछन् । सबै प्रश्नको उत्तर चित्त बुझ्दो भएपछि वा कुरा मिलेपछी उक्त रक्सी र पैसा समाई रक्सीले येवाको थान, पूजाको सामग्री माथि छर्किन्छन् । त्यसपछि येवा उपस्थित हुन्छ । येवाले आफ्नो साथी लिएर बोलाउन आउने मानिससँग थाल बजाएर नाच्दै मृत्यु भएको ठाउँ तर्फ लाग्दछन् । येवाले लगाउने समानहरुमा शीरमा तेरेप असाङ (पंक्षीका प्वाँखजडित  कल्की) उक्त कल्कीमा असाङसँगै कौडि जोडिएका हुन्छन् । जामा, कम्मरमुनी भाङ्ग्रे सिस्नुले बुनेका तरतक्पा, कम्मरमा काँसको घण्टी, काँधमा सुनाखरीको चोयाले बुनेको मसिना ऋश झोलाहरु त्यसमा दुम्सीको काँडा राखिएको हुन्छ । घाँटीमा सर्पका हड्डी, रिट्टा र मट्टी माला लगाउछन । येवा/येमाले यि सबै समान लगाएपछि आफ्नो थानमा पूजा गरि वा थानबाट उठेपछि घरदेखी नै नाच्दै, थाल बजाउदै मृत्यु भएको ठाउसम्म पुगेर समय अनुसार माथी उल्लेख गरे जसरी मृतकलाई दाहसँस्कार गरिन्छ । त्यसपछि मृतकको घरसम्म नाच्दै आइपुग्दछन् । घरको आँगनमा ‘यग्रङसिङ’ (येवाको बस्ने थान) बनाएको हुन्छ । उक्त यग्रङसिङ येवा/येमाको गुरुबोलाउने थान हो । यग्रङसिङ बनाउदा दुइवटा सानो रुख गाडिन्छ त्यसमा एउटा थुन्चे झुण्ड्याई फेदमा एउटा च्याब्रुङ (ढोल) उक्त रुखमा बाध्नुपर्छ । त्यसपछि जीउँदो सुँगुरको बच्चालाई कुटी मारेर टाउको त्यस थानमा झण्ड्याउनु पर्दछ । येवा नाच्दै त्यो थानमा आइपुगेर थानमा बसी मृतकको सृष्टिकाल देखी वर्तमानसम्मको या इतिहाँस केलाउन थाल्दछ त्यसपछि मुन्धुम फलाक्दै थान वरिपरी नाँचेर येवा उत्त यग्रसिङ माथी चढेर झुण्डायाइएको सुँगुरको टाउको लाई टोके झै गर्दछ । येवाले मुन्धुम फलाक्दै मृतकको नाम पुकारेर मृतआत्मा बोलाउँछ । मृतआत्मा प्रेतआत्मा बनेर येवाको जीउमा चढेपछि मृतक जीउदो रहदा गरेको काम, चित्त नबुझेको कुरा व्यवहार सबै व्यक्त गर्दछ । त्यस्तै खानेकुरा उसका लुगाफाटा माग्ने गर्दछ । नजिकै भुइमा नाङलोमा मृतकलाई मनपर्ने खानेकुरा लगाउने कपडा वा उसले मागेका वस्तुहरु राखिएको हुन्छ । येवाले मृतआत्मा या प्रेतआत्मालाई मुन्धुमद्धारा फकाउदै उत्त खानेकुरामा आएर खान आग्रह गर्दछ ।

जव मृतआत्मा आएर खानेकुरा खान थाले पछी मुन्धुम फलाक्दै दुम्सीको काँडाले हानेर वा घोचेर, स्याउलीको मुठाले हिर्काएर मार्दछ । जसलाई लिम्बू समूदायमा सोघा सेम्मा (सेहें मार्नु) भनिन्छ । प्रेतआत्मालाई छेक्न येवाले मृतक घर आउने मूल बाटोमा दुम्सीको काँडा,

चाम्जीङ, मुक्तो गाड्ने गर्दछ । मृतकको आत्मा घर भत्रि नपसोस, दुःख नदियोस भन्ने उद्देश्यले घरको चारसुरमा चाम्जीङ मुक्तो गाड्ने गर्दछन् । अकाल मृत्यु या सोघा मृत्युमा जुठो वार्ने, शुद्धाई कार्य गरिदैन । येवाद्धारा एक रात, सात रातमा विधि पुऱ्याएर मुन्धुमद्धारा  सम्पन्न गर्दछन् ।

### ४.१६.२ सुगुप मृत्यु

लिम्बू जातिमा कुनै महिलाको सुत्केरी हुन नसकेर या सुत्केरी भएर छ महिना भित्र मृत्यु भएमा त्यसलाई सुगुप मृत्यु भनिन्छ । सुगुप मृत्युको पनि सोघ मृत्यु झैं दाहसँस्कार गरिन्छ । यो मृत्युमा पनी येवा/येमाको प्रमुख भुमिका हुन्छ । सोघा मृत्युको जस्तै यसमा पनि सम्पूर्ण विधि पुऱ्याएर छुकवार गरिन्छ । यो मृत्युमा पनि जुठो वार्ने तथा शुद्धाई कार्य गर्नु पर्दैन । येवाले उक्त कार्य तथा विधि अनुसार मुन्धुमद्धारा एकै रातमा कार्य सम्पन्न गर्ने भएपनि सोघा मृत्यु र सुगुप मृत्युमा केहि भिन्नता पाइन्छ । सोघा मृत्युमा येवा आफ्नो घरबाट नाच्दै मृतक लडेको या झुण्डीएको स्थानमा गई विधि पुऱ्याएर नाच्दै मृतकको घरमा प्रवेश गर्दछ भने सुगुप मृत्युमा येवा एकैचोटी मृतकको घरमा या यग्रसिङ थानमा गई सम्बन्धीत घरमा मात्र विधीवत रुपमा कार्य गर्ने गर्दछ । जुन कार्यलाई सुगुप सेःम्मा भनिन्छ । यो मृत्युमा पनि बार्ने तथा शुद्धाई कार्य गर्ने चलन छैन । अकाल मृत्यु भएकाहरुको चिहानघारी पनि काल गती मृत्युको सँग बेग्लाबेग्लै हुन्छ । अकाल मृत्यु भएकाहरुलाई त्यहि लगेर दाहसँस्कार गरिन्छ ।

### ४.१६.३ ससिक मृत्यु

कुनै बच्चा मृत अवस्थामा जन्मिएमा वा जन्मिएर दाँत नउम्भ्रि या एक वर्ष भित्र मरेमा त्यसलाई ससिक मृत्यु भनिन्छ । ससिक मृत्युलाई पनी अकाल मृत्यु अन्तर्गत लिइएको हुनाले जुठो वार्ने तथा शुद्धाई कार्य गरिदैन । ससिक मृत्युको दाहसँस्कार गर्दा भने सोघा र सुगुप मृत्युको भन्दा फरक हुन्छ । यो मृत्युमा मृतक वच्चालाई गाडिन्छ । यस्तो मृत्युमा बच्चाको सातो वा मृत आत्माले आमालाई दुःख दिइरहन्छ र आमाको जीउ सुक्दै जान्छ भन्ने मान्यता ले बच्चाको सातो वा मृतआत्मा मारेर पितृसामु पुऱ्याएमा आमालाई दुःख दिदैन भन्ने विश्वास लिम्बूहरुमा रहदै आएको छ । ससिक मृत्युमा विशेष गरी झाँक्रिको भूमिका हुन्छ । यदी झाँक्रि नभएको अवस्थामा येवा/साम्वा ले पनि गर्ने गर्दछन् । यो कार्य गर्दा विविध विधी पुऱ्याइ घर

वाहिर थान बनाई झाँक्रिले गर्ने गर्दछ यसको लागि चाम्जीङ (स्याउली), घुङरिङ (मुक्रो) खिपेर एकै ठाउ सेतोधागोले बाँधी आमा वाबुको नाम पुकार्दै बच्चालाई झाँक्रिले बोलाई आमाको काखमा बस्न अनुरोध गर्दछन् । जब बच्चाको सातो आमाको काखमा आउछ त्यस बेला स्याउलीले हिर्काएर बच्चाको प्रेतआत्मालाई मार्ने गर्दछन् । त्यस पछि आमालाई दुःख नदिओस्, बच्चाको सातो वा आत्मा अल्मलिएर दुःख नपाओस् भन्ने उद्देश्यले घर वरिपरी चार सुरमा चाम्जीङ मुक्तो सहित घर बाँध्ने र बच्चाको मृत आत्मालाई पितृसामु पुऱ्याउने गर्दछन् ।

लिम्बू समूदायमा कालगती मृत्युमा मुन्धुम अनुसार फेदाङमाको भूमिका हुन्छ । इसेम्मा तङसिङ, मिक्वा साङमा गर्दा साम्वा वा फेदाङमाले गर्ने गर्दछन् । अकाल मृत्युको लागी येवा/येमाको भूमिका रहन्छ । अकाल मृत्यु अन्तर्गत सोघा तथा सुगुप मृत्यु हुनेहरुको प्रेतआत्माहरुलाई विधि पुऱ्याएर बाटो छेकी पितृ सामु पुऱ्याउने, घरपरिवार संरक्षणको लागि मृतकको घर वरिपरी चारैसुरमा घुङरिङ (मुक्तो) खिपेर चाम्जीङ सहित ठोकेर घर वाध्ने कार्य गर्दछन् । त्यस्तै ससिक मृत्युको लागि झाँक्रिको भूमिका रहन्छ । यदी झाँक्रि सम्भव नभएमा येवा सम्वाले पनि उक्त कार्य गर्दछन् ।

# अध्याय पाँच

# लिम्बूजातिको परम्परागत मृत्यु सँस्कारमा आएको परिवर्तनहरु

यस अध्यायमा वर्तमान समयमा लिम्बू जातिको परम्परागत मृत्युसँस्कारमा आएको परिवर्तन र परिवर्तन ल्याउने तत्वहरुको अध्ययन तथा अनुसन्धन गरि व्याख्या विश्लेषण गरिएको छ ।

## ५.१ लिम्वू जातिको परम्परागत मृत्यु सँस्कारमा आएको परिवर्तनहरु

समय परिवर्तनशिल छ । परिवर्तनशील समयसँगै प्रत्येक समाजको सँस्कार, मुल्य मान्यता, रितिथितिमा क्रमश परिवर्तन अइरहेको देखिन्छ । समय अनुसार वदलिंदो परिस्थितिका कारण लिम्बूहरुले परम्परागत रुपमा गर्दै आएका दाहसँस्कार र मृत्यु सँस्कारका बिधिहरु चाबोन, मृतकलाई दाहसँस्कार गर्दा आबस्यक सामाग्रि, दाहसँस्कार र मृत्यु सँस्कार गर्दा आबश्यक वोटविरुवा साम्दाखोङ, साम्दाखोङ खोल्ने दिन जस्ता बिधिहरुमा परम्परागत मुन्धुम अनुसार निरन्तरता दिइएको र मिक्वासाङमा र इसेम्मा तङसिङ जस्ता बिधिहरुमा लिम्बू समुदायमा मृतकको बियोगमा आफन्तहरुले खसालेका आँशु पखाल्ने मान्यताले मिक्वासाङमा गर्ने, मृत आत्मा घर वरिपरि घुमिरहन्छ भन्ने मान्यताले मृत आत्मा र जीबित आत्मा छुट्याउनु पर्ने बिश्वासले यी बिधिहरुमा निरन्तरता दिइएको पाइयो भने अन्य बिधिहरुमा परिवर्तनशिल समय सँगै शिक्षा,सञ्चार माध्यम, आर्थिक स्थिति, बैदेशिक रोजगारले उनिहरुको सोचाई, जीबनशैलिमा परिबर्तन ल्याई परम्परागत मृत्यु सँस्कारमा क्रमिक परिवर्तन आइरहेको पाइयो ।

लिम्बू समुदायमा कुनै व्यक्तिको मुत्युपछि घरभित्र राखेर मृतकको निधारमा "चेतोङ याङ" (मृतकलाई बाटो लगाउने पैसा) अनिवार्य रुपमा चाँदिको पैसा लगाइन्थ्यो भने वर्तमान समयमा आधुनिकीकरणका कारण चाँदिको पैसा नपाउने र लिम्बूहरुको सोंचमा परिवर्तन आएको हुनाले अन्य सिक्का पैसाले नै काम चलाएकोले यो बिधिमा परिवर्तन भएको पाइयो । मृतकलाई दाहसँस्कार गर्दा चिहान खन्नको लागी "माटो किन्न" वर्तमान समयमा ५२/५३ बर्ष यता जनसमूदायको सोचमा परिवर्तन भएको र आधुनिकीकरणको समाजमा प्रभाव परितामाको पैसा लोप हुदै गएको हुनाले सिक्का पैसा, हर्कटो र अररिको काँढाको साटो कटुसको पातले कुनै

फेदाङमा नभए तुम्याहाङद्धारा नै काम चलाएकोले 'माटो किन्ने' बिधिमा परिवर्तन भएको पाइयो । परम्परागत रुपमा दाहसँस्कार पछि "मलामी खाजा खुवाउदा" १६/१७ बर्ष अगाडी मकैको सातु, भिजाएको चामल प्रयोग भएकोमा वर्तमान समयमा आधुनिकीकरणका कारण शिक्षाको प्रत्यक्ष प्रभाव परी जनचेतनामा परिवर्तन आएको तथा आर्थिक स्थिती, यातायातको विकासका कारण जाँड रक्सीलाई सामान्य निरन्तरता दिए पनि अध्ययन क्षेत्रमा चिउरा, विस्कुट, प्रयोग भएकोले यो बिधिमा पनि परिवर्तन भएको देखियो । त्यस्तै "सातो निकाल्ने विधी"मा अगाडी मृतकलाई खाडलमा लगाएपछि विधि पुऱ्याएर अनिवार्य रुपमा फेदाङमाले नै जीवित सातो निकाल्नु पर्दथ्यो भने अहिले फेदाङमाको निर्देशनमा मलामीहरु मध्ये त्यहाँ काम गर्ने पुरुषले नै निकाल्ने गरेकाले यो बिधिमा पनि परिवर्तन आइरहेको पाइयो ।

त्यस्तै अगाडी "क्रियापुत्रीहरुले क्रियावस्दा लगाउने कपडा" पशुको छाला तथा रौँ बाहेकका अन्य कपडालाई उल्टो बनाई छोराले टोपी खोलेर र छोरी बुहारीले कपाल फुकाई आफुले लगाएको कपडा उल्टो बनाएर लगाई कुनामा बसी नुन, तेल माग्ने कार्य सकिएपछि मात्र कपाल तथा आँखी भौ खौरने चलन थियो भने अहिले यो बिधिमा परिवर्तन भई मृतकलाई चिहान घारीमा दाहसँस्कार गरिसकेपछि खाजा खाने ठाँउमै छोराले कपाल मुन्डन गर्ने र आँखी भौँ खौरेर कात्रोकै छोपो, कन्दुवार तथा खाँडीको बर्कि ओड्ने र छोरी तथा बुहारीले धारा वा पानीको स्रोतमा नुहाई कपाल छोडी एकसरो लुङगी बेरेर घरमा आएर साम्दाखोङ एक कुनामा झुण्ड्याई त्यसको मुनी चोखो सँग हुक्वा फिम्मा गर्दै परालले बनेको गुन्द्री/सुकुलमा बसि मृतकको नाममा पिण्ड चढाउने गर्दछन् । सोहि अनुसार छोरा मान्छेको चारदिन र छोरी मान्छेको तिन दीनको दिन विहान नुन-तेल मागी दिउँसो शुद्धाई कार्यको खाःउमा गरिसके पछि नयाँ लुगा फेर्दछन् भएकोले यो बिधिमा परिवर्तन आएको पाइयो ।

अगाडि "शुद्धाई कार्य" गर्दा रहि या समय अनुसार शुद्धाई कार्य गर्ने चलन भएकोमा अहिले समय अनुसार लिम्बूहरुको सोचाई, जीवन शैली, अभ्यासमा परिवर्तन आएको हुनाले शुद्धाई कार्य लामो समयसम्म राख्दा मृतशोक, पिडा बढ्ने, समयको खर्च हुने भएकोले पुरुसको तिन दिन र महिलाको चार दिनमा सक्नेर 'शुद्धाइ कार्य' मा अगाडी आफ्नो आर्थिक स्थिति कमजोर हुनेहरुले ऋण काढेर भए पनि अनिबार्य मासु लगाउनु पर्थ्यो भने वर्तमान समयमा

आधुनिकीकरणले शिक्षामा प्रत्यक्ष प्रभाव पार्ने भएकोले वर्तमान समयमा सुचना सञ्चारका माध्यमहरु मोवाइल, टेलिफोल, रेडियो, टिभी, इन्टरनेट , कम्प्युटर जस्ता प्रविधिहरुले एक ठाउँमा घटेको घटना, विकासका पक्ष तथा पुर्वधारहरु सजिलै रुपान्तरण हुने भएकोले उनीहरुको सोंचमा परिवर्तन आई जनचेतनाका कारण त्यस्तो खर्चिलो तथा तडकभडक अवस्थालाई छोडी त्यसमा परिमार्जन आई कम खर्चमा नै यी कार्य सम्पन्न गर्ने र अध्ययन क्षेत्रका लिम्बू समुदायमा चेतनाका कारण २००८ साल देखि त्यसमा मितव्ययिता अपनाई कम खर्च गर्ने उद्देश्यले अहिले शुद्धाई कार्यमा मासु लगाउने चलनमा परिवर्तन आएको पाइयो ।

समय अनुसार परम्परागत मृत्युसँस्कार गर्दा चाहिने आवश्यक मुन्धुमहरु अहिले छोट्याएर छोटो समयमा नै कार्य सक्ने गरेको पाइयो ।अगाडि “क्रियापुत्रीले गर्ने विधीहरु”मा पिण्ड चढाउने, अन्यजात सँग बोल्न, सगैं वस्न, पकाएको, छोएको खान नहुने जस्ता मान्यतालाई निरन्तरता नै दिए पनि अगाडी क्रियापुत्रीले डाँडा खोला तर्न नहुने, घरको तला चढ्न नहुने, खाटमा वस्न नहुने, गाडी चढ्न नहुने जस्ता मूल्य मान्यतालाई अहिले आधुनिकीकरणले लिम्बू समाजमा प्रभाव परि बाध्यतावश छोड्दै यो बिधिमा क्रमिक परिवर्तन आएको देखिन्छ ।

## ५.२ परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउने तत्वहरु

वर्तमान अवस्थामा यस अध्ययन क्षेत्रका लिम्बू जातिको परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउने  तत्वहरु आर्थिक स्थिति, शैक्षिक स्थिति, सञ्चार माध्यम र बैदेशिक रोजगार रहेको पाइयो । निम्न छन,

### ५.२.१ आर्थिक स्थिति

समाजको हरेक पक्षमा प्रभाव पार्ने तत्वको रुपमा आर्थिक स्थिति रहेको हुन्छ । जुन सिङ्गो समाजको मेरुदण्डको रुपमा रहेको छ । आर्थिक स्थितिले कुनै पनि सँस्कार तथा सँस्कृतिमा प्रत्यक्ष प्रभाव पार्दछ । लिम्बूहरुले परम्परागत मृत्यु सँस्कार, मुल्य मान्यतालाई नै निरन्तरत दिदै आएपनि वदलिंदो समय अनुसार क्रमिक रुपमा त्यसमा परिवर्तन आईरहेको पाइयो । यसै गरि अध्ययन क्षेत्रका उत्तरदाताहरुको घर परिबारमा रहेको पेशाको स्थिती यस प्रकार रहेको छ ।

**तालिका नं. १**

**उत्तरदाताको परिबारको आर्थिक स्थिति**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| बिद्यार्थी | ५२ | २९.२१ |
| शिक्षक | ५ | २.८० |
| कर्मचारि | ४ | २.२४ |
| बैदेशिक रोजगार | ३५ | १९.६६ |
| सानु ब्यापार | १० | ५.६१ |
| घरायसि कामकाज | ९ | ५.०५ |
| कृषी | ५३ | २९.७७ |
| अन्य | १० | ५.६१ |
| जम्मा | १७८ | १०० |

स्रोतः स्थलगत सर्बेक्षण,२०७२ ।

उक्त तालिका अनुसार जम्मा १७८ जना मध्ये बिद्यार्थी २९.२१ पतिशत रहेको छ । जसले आउने दिनमा बिभिन्न रोजगार, श्रम मार्फत आर्थिक स्थितिमा सुधार गरि लिम्बुहरुको परम्परागत मृत्यु सँस्कारमा परिबर्तन ल्याउने देखिन्छ । त्यस्तै कर्मचारिको सँख्या २.२४ प्रतिशत, शिक्षक २.८० प्रतिशत, बैदेशिक रोजगारमा जानेको सँख्या १९.६६ प्रतिशत, साना ब्यापार गर्ने ५.६१ प्रतिशत, घरायसि कामकाज गर्नेको सँख्या ५.०५ प्रतिशत, सब भन्दा बढि कृषि पेशा गर्नेको सँख्या २९.७७ प्रतिशत, अन्य(पेशा नखुलेको) ५.६१ प्रतिशत रहेको छ ।

उत्तरदाताका परिबारमा रहेको बिभिन्न पेशाले लिम्बूहरुको परम्परागत मृत्यु सँस्कारमा परिबर्तन ल्याउन सहयोग गर्दछ । जुन पेशाले लिम्बूहरुको आर्थिक स्थितिमा सुधार तथा आर्थिक स्थिति बलियो भई उनिहरुको जीबन शैलिमा परिबर्तन ल्यायो । परिणाम स्वरुप लिम्बूहरुले

परम्परागत मृत्यु सँस्कारलाई नै निरन्तरता दिइरहे पनि गर्ने बिधिमा क्रमिक रुपमा त्यसमा परिवर्तन आईरहेका पाईयो । लिम्बू मृत्युसँस्कारमा नुन, तेल माग्दा तथा शुद्धाई कार्यको दिन अनिवार्य मासु प्रयोगमा अत्यधिक मात्रामा खर्च हुने अवस्थालाई मध्य नजर गर्दै परिवर्तित समय अनुसार लिम्वू समुदायको सोंचमा विस्तारै परिवर्तन आयो  र व्यवहार पनि परिमार्जित हुदै गयो । जसले गर्दा  लिम्बूहरुले मृत्यु सँस्कारको शुद्धाई कार्यको दिन अनिवार्य रुपमा मासु लगाउनु पर्ने, मासु सहित भोज खुवाउने चलन समय, परिस्थिति अनुसार छोडी आर्थिक व्ययमा कटौति भएको पाईयो । त्यस कारण लिम्वूहरुको परम्परागत मृत्युसँस्कार परिवर्तन ल्याउने कारक तत्वको रुपमा आर्थिक स्थिति रहेको छ । जव वाहृय रोजगारमा जान थाले, शिक्षामा पहुँच वढ्दै गयो  तथा वाहृय समाजसँगको सम्पर्क बढ्दै जाने क्रममा यस प्रकारका परिवर्तन आएका हुन । जुन तथ्यलाई आधुनिकीकरणको सिद्धान्तले पनि पुष्टि गर्दछ । पहिला त्यस लिम्बू जातिको वाहृय सम्पर्क न्यून थियो । तर अहिले राज्यको प्रणालीमा जोडिदै गए सँगै त्यहाँ परिवर्तनहरु बढी आउदै गए ।

### ५.२.२ शैक्षिक स्थिति

लिम्बूहरुको परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउने तत्वको रुपमा शैक्षिक स्थिति रहेको छ ।यस अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका उत्तरदाताहरुको परिवारका जनसंख्याको शैक्षिक स्थिति यस प्रकार रहेको छ ।

**तालिका नं. २**

**उत्तरदाताको पारिवारिक शैक्षिक स्थिति**

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | १५ | ८.४२ |
| सामान्य लेखपढ गर्न सक्ने | १७ | ९.५५ |
| १-५ कक्षा | ३० | १६.८५ |
| ६-८ कक्षा | २८ | १५.७३ |
| ९-१० कक्षा | ३० | १६.८५ |
| प्रवेशिका | ३३ | १८.५३ |
| प्रविणता प्रमाणपत्र तह | १५ | ८.४२ |
| स्नातक र माथि | १० | ५.६१ |
| जम्मा | १७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

उपरोक्त तालिका अनुसार १७८ जना मध्ये ८.४२ प्रतिशत निरक्षर रहेका छन् । सामान्य लेखपढ गर्न सक्नेको संख्या ९.५५ प्रतिशत, १-५ कक्षा पढ्नेको संख्या १६.८५ प्रतिशत ६-८ कक्षा सम्म पढ्नेको संख्या १५.७३ पतिशत, ९-१० कक्षा सम्मको संख्या १६.८५ पतिशत

र प्रवेशिका १८.५३ प्रतिशत, प्रविणता प्रमाणपत्र तह ८.४२ प्रतिशत र स्नातक र माथी पढ्नेको संख्या जम्मा ५.६१ प्रतिशत रहेको छ । यसरी उक्त तालिका अनुसार सवै भन्दा धेरै संख्या १८.५३ प्रतिशत रहेको छ र शिक्षाको स्तर घट्दै गई प्रविणता प्रमाणपत्र तहमा ८.४२ प्रतिशत, स्नातक र त्यो भन्दा माथी पढ्नेको जम्मा संख्या ५.६१ प्रतिशत रहेको छ ।यो प्रतिशत न्यून भए पनि क्रमिक बढ्दो छ । यसरी शिक्षामा पहुँच अभिबृद्धिसँगै सँस्कारमा पनि परिवर्तन आएको मान्न सकिन्छ । जसलाई नयाँ पुस्ता र पुराना पुस्ताका बिचको वैचारीक भिन्नता हेरेर पनि वुभ्न सकिन्छ । बि.सं. २०६८ सालको जनगणना अनुसारनेपालको कुल साक्षरतादर ७३ प्रतिशत रहेकोमा तेह्रथुम जिल्लाको साक्षरता दर जम्मा ९३ प्रतिशत रहेको छ (केन्द्रिय तथ्याङ्क बिभाग २०६८) ।

अध्ययन क्षेत्रका उत्तरदाताहरुको पारिबारिक शैक्षिक अबस्था अनुसार अघिल्लो पिढिले भने सँस्कृति जोगाउन परम्परागत मृत्यु सँस्कारका बिधिहरु नै अबलम्बन गर्नु पर्ने बताए पनि शिक्षाको बढ्दो पहुँचसँगै जनधारणामा बिकास ल्याउने, शिक्षाको बृद्धिसँगै रोजगारमा संलग्न भई आर्थिक स्तरमा पनि सुधार हुने, समुदायमा चेतना फैलाउने, समाजमा भएका पुराना मुल्य मान्यतालाई छोडि आधुनिकता तर्फ मोडिनु पर्ने भएकाले लिम्बूहरुको सोंचमा परिवर्तन आई उक्त ढाँचाको परम्परागत मृत्यु सँस्कारका बिधिहरु निरन्तरता दिए पनि त्यसलाई बिस्तारै छोड्दै लानु पर्ने, नेपालमा एकात्मक सोचको व्यवस्थाले सँस्कृतिक, धार्मिक अवस्था भने अर्को तर्फ पढेलेखेका शिक्षितहरुले परम्परागत मुल्य, मान्यता वेवास्ता गर्नाले परम्परागत मुल्य मान्यतामा परिवर्तन आएको देखियो जहाँ शिक्षाको बृद्धिसँगै परिवार समाजमा पढेलेखेका शिक्षितहरुको संख्या बढ्दै जाँदा परम्परागत मुल्य मान्यता, सँस्कारमा आम समुदायको सोंचमा परिवर्तन आएको त्यस्तै आधुनिकीकरणले शिक्षामा जोड दिदै प्रत्यक्ष प्रभाव पारेको अवस्थामा मानिसलाई परम्परागत मुल्य, मान्यता, सँस्कार छोडी आधुनिक, विकशित, सभ्य वन्न सिकायो । नयाँ सँस्कृति अवलम्वन गर्न सिकायो । तरपनि आफ्नो परम्परागत सँस्कार सँस्कृतिलाई पूर्ण रुपमा पनि छोड्न सकेनन् भने पूर्ण रुपमा ग्रहण गर्न पनि सकेनन् । जसले लिम्बूहरुको परम्परागत मृत्यू सँस्कारमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जहाँ लिम्वुहरु आफ्नो पूर्खाहरुले जे जस्ता विश्वास गर्दै आएका थिए त्यसलाई नै निरन्तरता दिदै आएको भएपनि शिक्षाको कारण

आम समुदायको जनचेतनामा विकास वा उनिहरुको सोंचमा परिवर्तन भएर त्यस्ता विश्वासलाई विस्तारै छोड्दै लिम्वू मृत्यु सँस्कारमा क्रमिक रुपमा परिवर्तन आएको देखियो ।

### ५.२.३ सञ्चार माध्यम

लिम्बूहरुको परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउने कारक तत्वको रुपमा सञ्चार माध्यम रहेको छ । यहाँ मानिसको सञ्चारमा रहेको पहुँचलाई दिदै त्यसले पार्न सक्ने परिवर्तनको विवेचना गरिएको छ ।

**तालिका नं. ३**

**उत्तरदाताहरुको परिवारमा प्रयोग हुने सञ्चार माध्यमको स्थिति**

| विवरण | सँख्या | प्रतिशत |
|---|---|---|
| रेडियो | २६ | १४.६० |
| टि.भी | ७ | ३.९३ |
| मोवाइल | ६५ | ३६.५१ |
| फसबुक/नेट | ५४ | ३०.३३ |
| कमप्युटर | ३ | १.६८ |
| टेलिफोन | २ | १.१२ |
| अन्य | २१ | ११.७९ |
| जम्मा | १७८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७२ ।

उपरोक्त तालिका अनुसार अध्ययन क्षेत्रमा जम्मा १७८ जना मध्ये रेडियो प्रयोग गर्नेको सँख्या १४.६० प्रतिशत रहेको छ । त्यस्तै टि.भी. ३.९३ प्रतिशत, मोबाईल ३६.५१ प्रतिशत, फेसबुक/नेट ३०.३३ प्रतिशत, कमप्युटर १.६८ प्रतिशत, टेलिफोन १.१२ प्रतिशत रहेको छ । जुन सुचना सञ्चार माध्यमले लिम्बूहरुको सोचाईमा परिवर्तन ल्यायो । जसले उनिहरुको परम्परागत मृत्यु सँस्कारमा क्रमिक परिवर्तन आइरहेको छ । अध्ययन क्षेत्रमा परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउन सञ्चार माध्यमको प्रत्यक्ष प्रभाव र विस्तारका कारण लिम्वूहरुको

सँस्कार, सँस्कृतिमा क्रमिक रुपमा परिवर्तन हुन थल्यो । वर्तमान समयमा सुचना सँचारका माध्यमहरु टेलिफोन, मोवाइल, रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर जस्ता प्रविधिबाट एक ठाउँमा घटेका घटना, विकासका पक्षहरु सजिलै रुपान्तरण हुने गर्दछ । जसले जनसमुदायको सोचमा परिवर्तन आई परम्परागत मुल्य मान्यता छोड्दै समाज क्रमिक रुपमा परिबर्तन हुन्छ, जहाँ मानव जीवन शैलीमा प्रत्यक्ष प्रभाव पारी मानव जीवन जिउन सजिलो वनाई दिन्छ भने अर्को तर्फ लिम्वुहरुको सँस्कार तथा सँस्कृतिमा सञ्चार माध्यमले सजिलो वनाइ दिएको छ । यस्ता सुचना संचार माध्यम आउनु अगाडी कुनै व्यक्तिको मृत्यु भएमा छोरीचेली, कुलकुटुम्ब, आफन्तलाई खवर गर्नको लागि कांचो धागोले बाँधेर पठाइन्थ्यो वा खवर गर्नको लागि घरमा नै मान्छे पठाइन्थ्यो भने अहिले फोन गरेर केही समय भित्र मै खवर गर्न सकिन्छ । त्यसैले सुचना सँचार माध्यम छिटो र सजिलो माध्यम भएको छ । यसरी सुचनाका सञ्चार माध्यामले लिम्वुहरुको सोचाइम परिवर्तन ल्याई परम्परागत मृत्यु सँस्कारमा क्रमिक रुपमा परिवर्तन ल्याउन सहयोग गरेको देखिन्छ ।

### ५.२.४ वैदेशिक रोजगार

लिम्वूहरुको परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याउने अर्को तत्व वैदेशिक रोजगार रहेको छ । यस अध्ययन क्षेत्रका उत्तरदाताह्रुको परिवारमा रहेको बैदेशिक रोजगारको स्थिति यस प्रकार रहेको छ ।

**तालिका नं. ४**

**उत्तरदाताहरुको परिवारमा रहेको बैदेशिक रोजगारको स्थिति**

| देश | सँख्या | प्रतिशत |
|---|---|---|
| मलेसिया | ८ | २२.८५ |
| कतार | ७ | २०.०० |
| दुबाई | ६ | १७.१४ |
| साउदि | ६ | १७.१४ |
| अमेरिका | १ | २.८५ |
| कोरिया | ७ | २०.०० |
| जम्मा | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७२ ।

उपरोक्त तालिका अनुसार उत्तरदाताहरुको परिवारमा बैदेशिक रोजगारमा जाने जम्मा सँख्या ३५जना मध्ये मलेसिया जानेको सँख्या २२.८५ प्रतिशत रहेको छ । त्यस्तै कतार जाने २०.०० प्रतिशत, दुबाई १७.१४ प्रतिशत, साउदि १७.१४ प्रतिशत, अमेरिका २.८५ प्रतिशत र कोरिया २०.०० प्रतिशत रहेको छ । बैदेशिक रोजगारले लिम्बूहरुको आर्थिक स्थितिमा सुधार हुने र जीवन जीउन सजिलो भई उनिहरुको सोचमा परिवर्तन आई परम्परागत मृत्यु सँस्कारमा परिवर्तन ल्याएको पाइन्छ । रोजगारको क्रममा गाउँबाट शहर, पहाडबाट तराई, आफ्नो जन्म स्थान छोडेर लामो समयसम्म विदेश बस्दा  बिभिन्न सामाजिक, साँस्कृतिक बनावट भएको समाजसँग घुलमिल, अन्य धर्मालम्वीहरुसँग घुलमिल गर्नु पर्ने अबस्था र त्यस्ता परसँस्कृतिको प्रभावले मानिसको चेतना अभ्यासमा परिवर्तन आउने, बैदेशिक रोजगारमा जानेको घर

परिवारमा बैदेशिक रोजगारबाट प्राप्त आम्दानिबाट आर्थिक पक्ष बलियो, शिक्षामा लगानि, घर ब्यबहार सजिलो, बालबच्चा पालनपोषण, सामाजिक सँस्कार चलाउन सजिलो, समाजमा हेर्ने दृष्टि अपनाउन, उच्च शिक्षा दिनमा सहयोग, बैदेशिक रोजगारले समाजलाई अगाडि बढाउन निरन्तर भूमिका खेलेको बताए आम्दानिको स्रोत बढ्ने जसले गर्दा यस्ता सँस्कार गर्दा आर्थिक पक्ष बलियो भई सजिलो हुने, अन्य मृतकको शुद्धाई कार्यमा सघाउनि लैजान इच्छा, शक्ति अनुसार लान सक्ने हुन्छ भने बैदेशिक रोजगारमा नजानेको घर परिवारमा आर्थिक स्थिति कमजोर हुने, यस्ता सँस्कार सम्पन्न गर्न कतिपय अबस्थामा ऋण लिनु पर्ने, ऋण तिर्नको लागि अन्य बिकल्प खोज्नु पर्ने अबस्था, अरुको शुद्धाई कार्यमा सघाउनि 'चम्याङ' लैजादा इच्छा भएर नि आर्थिक स्थिति कमजोर भएकोले त्यसमा कटौति गर्नु पर्ने स्थिति रहन्छ ।

परिवर्तनशिल समयसँगै समाजको सँस्कार, परम्परागत मुल्य मान्यतामा क्रमश परिवर्तन आइरहेको देखिन्छ । वदलिंदो परिस्थितिसँगै लिम्बूहरुको सोंचमा परिवर्तन आई उनिहरुले वर्तमान समयमा मृत्यु सँस्कार गर्दा परम्परगत मृत्यु सँस्कारलाई नै निरन्तरता दिदै आए पनि त्यसमा क्रमिक परिवर्तन आइरहेको देखिन्छ । लिम्बू समूदायमा मृत्यु सँस्कार गर्दा बिभिन्न बिधिहरु पुरा गर्नु पर्छ । समय अनुसार केहि बिधिहरुमा शैक्षिक स्थिति, बैदेशिक रोजगार र सञ्चार माध्यमको बढ्दो प्रभाबका कारण ती बिधिहरुमा क्रमिक रुपमा परिवर्तन आइरहेको छ । शिक्षाको बढ्दो प्रयोगमा बृद्धिसँगै लिम्बूहरुको सोचाइमा आएको परिवर्तन, पेशा अन्तर्गत बैदेशिक रोजगारले ल्याएको आर्थिक अबस्थामा सुधारका कारण उनिहरुको सोंचमा परिवर्तन भयो परिणाम स्वरुप वर्तमान समयमा केहि बिधिहरुमा भने क्रमिक रुपमा परिवर्तन आइरहेको देखियो ।

वर्तमान समयमा आधुनिकीकरणले समाजलाई अबिकासबाट बिकास तर्फ लाने, एक ठाउँमा भएको बिकासलाई अर्को ठाउँमा रुपान्तरण गर्ने, उद्योगहरुको बिकास गरि समाजमा प्रत्यक्ष प्रभाब पार्नुका साथै आर्थिक स्थितिमा सुधार ल्याउने, घरेलु औजारको ठाउँमा मेशिनरि औजारको विकास गर्ने, समाजमा भएका परम्परागत मुल्य मान्यतालाई छोडि आधुनिकता तर्फ लाने जसले मानिसको जीवनशैलि आधुनिक तर्फ मोड्ने, मानिसको जीवनशैलिमा प्रत्यक्ष प्रभावपारि समाज परिवर्तन गर्ने गरेको पाइन्छ । त्यस्तै बिश्व ब्यापिकरणले आर्थिक र

सामाजिक रुपान्तरणको कार्य गर्दछ । जहाँ बजार, पुँजि, अर्थ, प्रबिधि,उत्पादन, बिचार, शिक्षा, सँस्कार,सँस्कृति, सञ्चार माध्यम विना सिमा अन्तराष्ट्रियकरण हुन्छ । वर्तमान समयमा यसले एक ठाउँबाट अर्को ठाउँ वा विश्वमा अर्थब्यबस्था विस्तार गरि नयाँ वस्तुको विस्तार गर्दै अगाडी बढेर बिश्व सँस्कातिलाई संजाल मार्फत जोड्ने गर्दछ । जसले मानिसको जीवनशैलिमा परिवर्तन ल्याई समाज परिवर्तन गर्दछ । यसरि बिश्व ब्यापिकरण र आधुनिकीकरणले समाज परिवर्तन गरे पनि लिम्बू समूदायमा शिक्षाको बढ्दो पहुँचसँगै सञ्चार माध्यमको बढ्दो प्रयोग, पेशा अन्तगर्त बैदेशिक रोजगारले उनिहरुको धारणा वा सोचाईमा परिवर्तन ल्याई परम्परागत मुल्य मान्यतालाई छोडि उक्त बिधिहरुमा क्रमिक परिवर्तन आइरहेको देखियो ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत अनुसन्धान तेह्रथुम जिल्ला, चुहाण्डाँडा गा.वि.स.मा ९ वटा वडाहरु रहेकोमा लिम्बू वातिको बाहुल्यता रहेको वडा नं. १ लाई मात्र अध्ययन क्षेत्रको रुपमा लिइएको छ । वसमा लिम्बूहरुको परम्परागत मृत्यु सँस्कार पत्ता लगाउन र वर्तमान अवस्थामा परम्परागत मृत्यु सँस्कारमा आएको परिवर्तन र परिवर्तन ल्याउने कारक तत्वहरुका वारेमा बुझ्नु नै यस शोधपत्रको प्रमुख उदेश्य रहेको छ ।

लिम्वू समुदायमा मृत्युलाई चार प्रकारले लिने गरिन्छ । कालगति मृत्यु, अकाल मृत्यु अन्तर्गत सोघा, सुगुप र ससिक मृत्यु पर्दछ । यी प्रत्येक मृत्युहरुको मृत्यु सँस्कार गर्ने विधिहरुमा भने फरक पाइयो । यस क्षेत्रका लिम्वुहरुले परम्परागत मृत्यु सँस्कार जसरि गर्दै आएका थिए त्यसलाई निरन्तरता दिए पनि अहिले केहि विधीहरुमा क्रमिक रुपमा परिवर्तन आएको पाइयो । कुनै व्यक्तिको मृत्युपछी दाहसँस्कार गर्नको लागि तागेरा निङवाफुमाङ र त्यहाका भूमिपुत्र लाई विधि पुऱ्याएर तामाको पैसा अररिको काँडा, हर्कटोको पात अनिवार्य चाहिन्थ्यो भने अहिले यस्ता विश्वासलाई तोडेर सिक्का पैसा र कटुसको पात राखी चिहान खन्नको लागि माटो किन्ने चलन आएको देखियो । जुठो परेको वेला जुठो पर्नेले र क्रियापुत्रिले बार्नुपर्ने नियमहरुमा अहिले समय र अवश्यकता अनुसार बाध्यता वस त्यस्ता नियम पालना नगरी परिवर्तन गर्नु पर्ने अवस्था देखियो ।

लिम्बूहरुमा अगाडी कुनै व्यक्ति वावु आमाको मृत्यु भएमा दाहसँस्कार गरिसकेपछी मृतकको घरमा फर्कदा खाजा खाने ठाउँ पुग्ने वेलामा रोग नसरोर भनी छेकवार गर्ने उद्देश्यले बाटोमा वलिरहेको अगुल्टो, अररिको काँडा राखी प्रत्येक मलामीले त्यसमा टेके झैं गरी कुनै व्यक्तिद्धारा तितेपाती पानीमा चोवल्दै जीउमा छर्कि सकेपछि अघि बढ्नु पर्दथ्यो । अहिले यस्ता मुल्यमान्यता तथा विश्वासलाई छोडी मलामी स्वयम्ले धारा, खोलामा तितेपातीले चोखिने गरेको पाइयो । अगाडी मृतकको दाहसँस्कार गरिसकेपछि क्रियापुत्रीहरु समम्दाखोङ सहित घरको कुनामा लगाएको लुगा उल्टो वनाएर परालको गुन्द्रि उल्टो पारेर वसी चोखोसँग

मृतकको नाममा पिण्ड चढाएर आमाको तिन दिन र वुवाको चार दिन सम्म वारेर नुन तेल माग्ने कार्य सकिए पछी मात्र कपाल खौरने अन्तिम शुद्धाई कार्य पैतिस दिन, ३ महिना, ९ महिन वा समय अनुसार मृतआत्मालाई विद्धा दिने चलन थियो । अहिले समय र परिस्थिती अनुसार मृतकलाई दाहसंस्कार गरिसकेपछि खाजा खाने ठाउँमा नै कपाल खौरेर नुहाईधुहाई गरी लास वनाउदा प्रयोग गरिएको सेतो कपडा/कात्रोको कन्दुवार र टाउकोमा छोपो, वर्कि ओढेर, छोरी वुहारीले कपाल फुकाई एकसरो लुङगी वेरी साम्दाखोङ सहित घरको कुनामा विधि अनुसार ३,४ दिन क्रिया वसी विहान नुनतेल माग्ने कार्य सक्ने र दिउसो शुद्धाई कार्य एकै दिनमा सक्ने गरेको पाइयो ।

अगाडि नुन तेल माग्ने तथा शुद्धाई कार्यमा अनिबार्य मासु प्रयोग गर्नु पर्थ्यो तर वर्तमान समयमा आर्थिक भारप्रति सचेत भई मासुको प्रयोगमा बन्देज गरेको देखिन्छ । त्यसै गरेर आमन्त्रित पाहुनाहरुले उनिहरुको आर्थिक अवस्था अनुसार सघाउनी चार खुट्टे तानेर ल्याउने, जाँड रक्सी असिमित रुपमा ल्याएको जिवातहरु काटेर उसैलाई टाउको तिरको भाग काटेर खुवाउने र फुदोङ अगाडीको खुट्टा सहित वोकाएर पठाउने चलन थियो अहिले यो चलनमा परिवर्तन आई ‘फुदोङ’ मेजमानको रुपमा सेलरोटि दिने/खुवाउने गरेको पाइयो । त्यस्तै पाहुनाहरुले ल्याउने‘चम्याङ तोम्मा’ सघाउनि ल्याउदा आफ्नो इच्छा अनुसार पैसा नै लाने वा ल्याउने गरेको पाइयो । त्यस्तै परम्परागत मृत्यु सँस्कारमा मृतकको नाममा पाटी पौवा, चौतारा, कपुस्थान वनाउने चलन रहेकोमा अहिले विस्तारै उनिहरुको सोचमा परिवर्तन आएकोले मृतकको नाममा स्कुल, कुनै संस्थामा पैसा दिने गरेको पाईयो ।

त्यस्तै अकाल मृत्यु अन्तर्गत सोघा र सुगुप मृत्युको दाहसँस्कार एकै प्रकारले गरेपनी यिनीहरु विच विधिवत भिन्नता भने रहेको पाइयो । सोघा मृत्युमा येवाद्धारा वाहिरवाट नै विधिपुर्वक कार्य गरिने र सुगुप मृत्युमा सम्वन्धित मृतकको घरमा मात्र विधी पुर्वक कार्य गरेको देखियो । परम्परागत समय देखी नै यो मृत्युमा शुद्धाइ/कार्य वर्खन्त गर्ने चलन नभएपनि हाल मृत्यु सँस्कार गर्ने विधि या मुन्धुम छोट्याएर गरेको पाइयो । ससिक मृत्युलाई पनि अकाल मृत्यु अन्तर्गत लिइएको हुनाले दाहसँस्कारकै दिन एकै चेटी विधि पुर्वक कार्य सकी शुद्धाई कार्य नगरेको पाइयो ।

लिम्बूहरुले परम्परागत रुपमा गर्दै ल्याइएको मृत्यु सँस्कारलाई नै निरन्तरता दिदै आएपनि हाल मृत्यु सँस्कार गर्दा गर्ने विधि, समयको वचत, आर्थिक भारमा कटौटी, आर्थिक स्थितिमा भिन्नता वा फरक रहेको पाइयो । आधुनिकीकरण तथा विश्वव्यापिकरणले समाज अविकास बाट विकाशतर्फ धकेल्ने तथा शिक्षामा प्रत्यक्ष प्रभाव परि सुचना सञ्चारका माध्यमहरुद्धारा एक ठाउँमा घटेका घटना, विकासका पक्षहरु, सँस्कार तथा सँस्कृति, कला, धर्म एक ठाउँबाट अर्को ठाउँमा रुपान्तरण हुने भएकोले जनसमुदायको सोचमा परिवर्तन आई परम्परागत मूल्य मान्यता र बिश्वासलाई छोडि आधुनिक, सभ्य समाज तर्फ क्रमिक रुपमा लाने र मानिसको जीवनशैली र आधुनिकता तर्फ मोड्ने भएपनि लिम्वूहरुले मृत्यु सँस्कार गर्दा परम्परागत मुल्य मान्यता र विश्वासलाई पूर्ण रुपमा छोड्न पनि नसकेको र यस्ता मुल्यमन्यतालाई अंगालि राख्न पनि नसकेको अबस्था रहेको देखियो । जसले गर्दा उनीहरुको सोचमा विस्तारै परिवर्तन आएर लिम्बूहरुको परम्परागत मृत्यु सँस्कार गर्दा क्रमिक रुपमा परिवर्तन आइरहेको पाइयो ।

## ६.२ निष्कर्ष

यस संसारमा प्रत्येक प्राणिको जन्मसँगै अन्त्य, निर्माणसँगै विनास, जन्मसँगै मृत्यु हुनु अनिवार्य हुन्छ । शरिर र आत्माको विछोड वा जीवित आत्माको अन्त्य हुनुलाई मृत्यु भनिन्छ । मृत्यु एक प्राकृतिक नियम हो जसलाई रोकेर रोक्न सकिदैन । यसको एक मात्र उपाय नै मृत्युलाई स्विकार्नु हो । अध्ययन अनुसन्धानको उदेश्य अनुरुप उत्तरदाताहरुले दिएको सुचना वा तथ्याङ्कको आधारमा यस शोधपत्रको निष्कर्ष उल्लेख गरिएको छ ।

लिम्बू जातिले परम्परागत मृत्यु सँस्कारलाई नै अवलम्वन गरे पनि समय अनुसार त्यसमा क्रमिक रुपमा परिवर्तन आइरहेको देखियो । वर्तमान समयमा परिवर्तनशिल समयसँगै समाज परिवर्तन तथा रुपान्तरणको रुपमा आधुनिकीकरण र बिश्वब्यापिकरणलाई लिइन्छ । यस अध्ययनमा आधुनिकीकरण र बिश्वब्यापिकरणलाई बिभिन्न रुपमा परिभाषित गरिए पनि आधुनिकीकरण सिद्धान्त अन्तर्गत स्मेल्सरको आधुनिकीकरण सम्बन्धि ब्याख्यालाई लिन खोजिएको थियो । जुन ब्याख्याले वर्तमान समयमा औद्योगिकरणको गति न्युन भएपनि समाजमा औद्योगिकरणलाई जोड् दिँदै शिक्षा, राजनीति, अर्थब्यबस्था, धर्म, परम्परागत मुल्य मान्यतामा

हुने परिवर्तनलाई आधुनिकीकरणको रुपमा ब्याख्या गरेको छ । जसले समाज परिवर्तन गर्न सहयोग गर्दछ । त्यस्तै बिश्वब्यापिकरण अन्तर्गत हेल्डको अबधारणगत बुझाइलाई समाज परिवर्तनको रुपमा प्रयोग गर्न खोजिएको छ । जुन अबधारणले मानबीय गतितिधिहरुमा आर्थिक तथा सामाजिक सम्बन्धहरु जोड्ने संजालको रुपमा कार्य गरि समाज परिवर्तन हुन सहयोग गर्दछ । तर आधुनिकीकरण र बिश्वब्यापिकरण सिद्धान्त अन्तर्गत समाज परिवर्तन सम्बन्धि बिभिन्न बुझाइहरु भएपनि वर्तमान समयमा आधुनिकीकरण र बिश्वब्यापिकरण अन्तर्गत बिकास भएका शिक्षाको बढ्दो पहुँचमा बृद्धि भएसँगै सुचना सञ्चार माध्यमको प्रयोग, पेशा अन्तर्गत बैदेशिक रोजगारका कारण लिम्बू समुदायको सोंच, आर्थिक स्थितिमा क्रमिक परिवर्तन भएकोले लिम्बूहरुको मृत्यु सँस्कारमा क्रमिक परिवर्तन आइरहेको देखियो भन्ने नै यस शोधपत्रको निष्कर्ष पनि हो ।

लिम्बूहरुले परम्परागत मृत्यु सँस्कारलाई नै निरन्तरता दिएपनि वर्तमान समयमा उनिहरुको सोंचमा आएको परिवर्तनका कारण मृत्यु सँस्कार गर्ने बिधिमा समयको बचत, आर्थिक स्थिति, सामाजिक भावना जस्ता परिवर्तन आएको देखियो । त्यस्तै शुद्धाई कार्यमा समाज परिवर्तनका कारण आर्थिक स्थिति, सामाजिक अबस्थामा भिन्नता भएको देखियो । लिम्बूहरुले मुन्धुम अनुसार परम्परागत मान्यतालाई निरन्तरता दिई महिला र पुरुषको फरक फरक दिनमा शुद्धाई कार्य गरेको पाइयो । शुद्धाई कार्यमा मासु लगाउनेहरुले परम्परागत मान्यतालाई नै निरन्तरता दिएको र नलगाउनेहरुले उनिहरुको सोचाई, धारणामा परिवर्तन आएकोले त्यस्तो मान्यता छोडेको पाईयो । यीनिहरु बिचमा सोचाई वा जनचेतनाको फरक देखियो । त्यस्तै मृत्यु सँस्कारमा मासु लगाउने र नलगाउने बिच एक अर्काको शुद्धाई कार्यमा जाने या नजाने जस्ता बिचार, धारणाको आन्तरिक द्वन्द्व रहेको देखियो । लिम्बू समूदायमा अकाल मृत्युको शुद्धाई कार्य नगरिनुमा त्यस्ता मृत्यु प्रति घृणाको भावना वा दृष्टि हुन सक्ने परम्परागत मान्यतालाई नै निरन्तरता दिइएको पाइयो । यस बिषयमा छलफल गरि अकाल मृत्युमा पनि ससम्मानका बिधि अपनाउनु पर्ने देखियो भने लिम्बू समूदायमा मृतकलाई नजलाई गाड्नुमा मृतक बिभिन्न रोगले मृत्यु भएपनि उक्त रोग फैलनुमा रोक लाग्ने, वातावरण दुषित नहुने, जमिन मलिलो हुदै जाने र मानब इतिहासलाई हजारौ बर्षसम्म पनि अन्बेषण गर्न मिल्ने जस्ता राम्रा पक्षहरु देखियो ।

# सन्दर्भ सामाग्री


आङदेम्बे, दिलविक्रम (२०६७/०६८), *लिम्बू जातिको संक्षिप्त परिचय,*निङवासो लि.वि.मञ्च त्रि.वि.वि. किर्तिपुर ।

कि.या.चु., (२०६९), *चुम्लुङ अभिलेख,*किराँत याक्थुङ चुम्लुङ केन्द्र, ललितपुर ।

चेम्जोङ्ग, इमानसिं,(२०६९), *किराँत इतिहास सँस्कृति,*अनामनगर काठमाडौँ, पम्प प्रिन्ट ।

थेबे, अमृता, (२०६९), *लिम्बू जातिका तुम्याङहाङ, न्याय प्रणाली,* विश्व याक्थुङ मुन्धुम समाज, धरान ।

बिष्ट, डोरबहादुर (२०६४), *सबै जातको फूलबारी, साझा प्रकाशन* : काठमाडौँ ।

माबुहाङ, अर्जुनबाबु, (२०६९), *लिम्बू जातिको मुन्धुम र इतिहास,* हरिषचन्द्र माबुहाङ र भीम माबुहाङ ।

मेन्याङ्गबो, तुम्याङहाङ लक्ष्मण, (२०६१, *लिम्बू मृत्यु संस्कारहरु,*देउराली अपसेट प्रेस,नरेन्द्र कुमार मन्याङबो, धरान ।

राई, रामचन्द्र, (२०६६), *प्राचिन किराँतहरुले छाडेका सम्पदाहरु* , दिदी बहिनी अफसेट प्रेस, यसोदा खापुङ काठमाडौँ ।

लाओती, येहाङ, (२०६२), *आदीवासी लिम्बू जातिको सँक्षिप्त परिचय,* दिल ब. लाओती, कन्चन प्रिन्टिङ प्रेस, बागबजार, काठमाडौँ ।

सेनेहाङ दिल, (२०६७), *लिम्बूका थर, बसोबास र सँस्कृति,* प्रदीप प्रिन्टिङ प्रेश, काठमाडौँ ।

सिरेङ चोडवाङ, रणध्वज (२०६८), *ङा. मुक्साम,* सुप्रिम प्रिन्टिङ प्रेस, पथरी १, मोरङ्ग ।

श्रेष्ठ, शिव कुमार, (२०६९), *लिम्बूवानको ऐतिहासिक अध्ययन,* साझा प्रकाशन, ललितपुर ।

Ahmed, Akhbar's, (1985),*Death in Islam the Hawkes Bay Case,* Central Bureaceof statistics, Kathmandu.

Albrow Martin and Elizabeth Kings,(1990), *Balizglationknowledg andSociety* :Londan. Size ISBN 978-0803983243W

Caplan, Lionel, (1970),*The land and social change in East Nepal, 2nd:Himal Books Lalitpur.*

Giddens,Anthony,(1991),*The consquence of modernity*: Cambridge, Polity Press.ISBN 9780745609232.

Duncan Green& Calire Melamed, *A human development approch to Globalization.*

Held, David,it.al(1999), *Global Transformation*: Polity Press, ISBN 9780745614984.

Nepali, G. S. (1965), *The Newars: An Ethno-sociological study of Himalayan community,* Himalayan Booksallers, Ghanta ghar - Clock Tower, Dhurba Marga.

Peery, J. (1982 ), *Death and regenearation of Life:* Cambridge Press, londan.

Regmi, M.C(1976 ), *Landownership in Nepal:* University of California Press.

Ronald P. Dore,(1973),*'The late development effect" in modernization in South–East Asia,ed*. Hans Ever ( Singapore and Kuala Lumpur).

Rostow, W.W.(1991), *The Stage of Economic Growth* : A Non-Communist Manifesto CambridgeUniversity Press .

Smelser, N.J. (1988*),The Sociology of Economi Life* : Prentice - hall of India New Delhi.

Swadzba,Ursjula, (2011), " *The Impact of Globalization on the Traditional Value System."In the scale of Globalization.*,*Think Globally, Act locally change*

*individually in the 21st Century,Ostrava :University of Ostrava, ISBN 978-80-7368-963-6.*

Vujakovic, Petra (2010), "*How to Measure Globalization? A New Globalization Index (NGI*)''. Atlantic Economic 38 (2) : 237.doi:10. 1007/s11293-010-9217-3.

Wikipedia,the free Encyclopedia 2016. *Wikipedia foundation Aprial 2016*. Wikipedia Foundation> April 2010<http : // en.wikipedia.org/wilki/ Globalization Theory.

Wikipedia, http : // en wikipedia . org/ wiki/ Modernization Theory.

# अन्तर्बाता अनुसुची

## लम्बू जातिको मृत्यु संस्कार : निरन्तरता र परिबर्तन

तेह्रथुम जिल्ला, चुहान्डाँडा गा. वि. स.

**क) आधारभूत सूचना संकलन गर्नको लागि बनाइएको प्रश्नावलीहरुः**

**१. मुख्य सूचनादाता**

**नामथरः**...........................................................

**लिङ्ग**................................

**धर्म** .................................................................

**शिक्षा**..........................

**पेशा** .......................  **वैवाहिक स्थिति** .......................

**पारिवारिक विवरण**

| क.स. | नामथर | लिङ्ग | उमेर | शिक्षा | पेशा | धर्म | भाषा | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |

२. तपाईको बावु बाजेले गरि ल्याउनु भएको पेशा के हो ?

क) कृषि ☐ ख) व्यापार ☐ ग) मजदुरी ☐

घ) अन्य ......................

३. तपाई अहिले कुन पेशामा सँलग्न हुनुहुन्छ ?

क) कृषि ☐ ख) व्यापार ☐ ग) मजदुरी ☐

घ) अन्य ......................

४. तपाईको वार्षिक आम्दानी कति हुन्छ ? ....................................................

५. तपाईको वार्षिक उत्पादन कति हुन्छ ?

क) धान ..............मुरी ख) मकै ..............मुरी ग) कोदो ...........मुरी. घ) गहुँ ............मुरी.

ङ) अदुवा .........किलो च) अलैची ..........किलो छ) खुर्सानी .........किलो.

ज) अम्लिसो.......किलो

६. तपाईको खेतिको वार्षिक आम्दानीले खान लाउन पुग्छ ?

क) पुग्छ । ☐ ख) पुग्दैन । ☐ ग) बढि नै हुन्छ । ☐

≠ यदि पुग्दैन भने कति महिना मात्र पुग्छ ?

........................................

७. तपाइको गाउँमा एक दिन काम गरे बापत कति ज्याला पाइन्छ ?

महिला.......................... पुरुष...........................

≠ यदि समान काममा फरक ज्याला हुनुको कारण के होला ?

........................................................

८. तपाइको आर्थिक अवस्थामा अगाडी र अहिले के फरक छ ? ......................

९. तपाइको छोरा छोरी हाल कुन पेशामा सँलग्न छन?

क) कषि ☐ ख) ब्यापाार ☐ ग) अध्ययन ☐ घ) रोजगार ☐ ङ) अन्य. ☐

१०. कृषिको लागि महत्वपर्ण केलाई मान्नुहुन्छ ?

क) घरायसि मल ☐ ख) उन्नत बिऊ ☐ ग) औजार ☐ घ) सिँचाइ ☐

ङ) रसायनीक मल ☐ च) उल्लेखित सबै ☐

११. खेतीको लागी बिशेष कसले भाग लिन्छ ?

क) पुरुष ☐ ख) महिला ☐ ग) दुवै ☐ घ) १५ भन्दामाथिका केटाकेटी ☐

१२. तपाइले ऋण लिनुभएको छ ?

क) छ ☐ ख) छैन ☐

≠ यदि लिनु भएको छ भने के को लागी लिनु भएको हो ?

क ) घर बनाउन ☐ ख) सामाजिक संस्कार गर्न ☐ ग) औषधिउपचार गर्न ☐

घ) अन्य ☐

१३. ऋण कहांबाट लिनु भएको छ ?

क) बैंक ☐ ख) सहकारी संस्था ☐ ग) साभ्का समुह ☐ घ) अन्य ☐

≠ यदि लिनु भएको छ भने किन यसैबाट लिनुभो ?

..................................................................

१४. तपाइले पशु पालन गर्नू भएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

१५. पशु पालनमा के के पाल्नु भएको छ ?

क) गाई ☐ ख) भैंसी ☐ ग) भेडाबाखा ☐ घ) सुँगुर कुखुरा ☐

**ख) मृत्यु संस्कारसँग सम्बन्धित प्रश्नहरु :**

१. मृत्यु भनेको के हो ? ...........................................................................

२. लिम्बू समुदायमा मृत्यू सँस्कार कति प्रकारको हुन्छ ?

क) एक ☐ ख) दुई ☐ ग) तिन ☐ घ) चार ☐

३. कालगति मृत्यु भएमा दाहसंस्कार कसरी गरिन्छ ?

क) जलाइन्छ । ☐ ख) गाडिन्छ । ☐

४. मृतकको दाहसंकार गर्दा माटो किन्ने विधिमा परिर्वतन आएको छ कि छैन ?

क) छ । ☐ ख) छैन ☐

≠ यदि परिर्वतन आएको छ भने के के मा आएको छ ?

.............................................................

≠ यसमा परिवर्तन हुनुको कारण के हो ?

...............................................................

५. चेतोङ याङ केलाई भनिन्छ ?

क) बाटोमा छर्ने पैसा ☐ ख) मृतकको निधारमा राखिने पैसा ☐

ग) फूलसँग चढाइएको पैसा ☐

६. चाबोन भन्नाले के बुझिन्छ ?

क) धान भुटेको ☐ ख) मकै भुटेको ☐ ग) गहुँ भुटेको ☐

७. सातो निकाल्ने विधि भनेको के हो ?

..........................................................

८. मलामि खाजा खुवाउँदा पहिला र अहिलेको समयमा परिर्वतन भएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

≠ यदि परिर्वतन भएमा कारण के हो ?

......................................................

९. साम्दाखोङ भनेको के हो ?

...... ......................................................................................................

≠ साम्दाखोङ कुन दिन खोलिन्छ ?

क) शुद्धाइ कार्यको दिन ☐ ख) अघिल्लो दिन ☐

१०. क्रियापुत्रिहरुले गर्ने विधिहरु के के हुन ?

.........................................................................................................

≠ यो विधिमा अगाडि र अहिले परिवर्तन भएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

≠ यदि परिर्वतन हुनुको के कारण होला ?

.......................................................................................................

११. नुन् तेल फुकाउनु/माग्नु भनेको के हो ?

.......................................................................................................

≠ यो कार्यमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

१२. मुख्य शुद्धाइ कार्य भनेको के हो ?

...........................................................

≠ यो कार्यमा परिर्वतन आएको छकि छैन ?

क) छ ☐ ख) छैन ☐

≠ यसमा परिर्वतन आउनका कारणहरु के के हुन ?

.....................................................

१३. लिम्वु जातिका मृत्यू सँस्कारमा शुद्धाई कार्य कति दिनमा गरिन्छ ?

क) महिलाको ......... दिन ख) परुषको ....... दिन

≠ यदि फरक-फरक दिनमा गर्नुको कारण के हो ?

............................................................

१४. मृत्यु संस्कारमा आवश्यक पर्ने खाद्यय पदार्थहरु के के हुन ?

............................................................

≠ त्यसतै पेय पदार्थहरु के के हुन ?

.

...................................................................

१५. मृत्यु सँस्कारमा आवश्यक पर्ने बोटविरुवाहरु के के हुन ?

.................................................................

१६. मृतकलाई दाहसँस्कार गर्दा आवश्यक सामग्रिहरु के के हुन ?

.....................................................................

≠ यो सँस्कारमा पहिला र अहिले परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

१७. मिक्वासाङ्मा भनेको के हो ?

.................................................................

≠ मिक्वासाङ्मा गर्दा के के सामाग्री चाहिन्छ ?

.............................................................

१८. इसेम्मा तङसीङ भनेको के हो ?

...... .........................................................

१९. तपाईको गाउँमा वर्खन्त गर्दा मासु लगाउने चलन छ कि छैन ?

क) छ । ☐ ख) छैन । ☐

≠ यदि लागाउनु हुन्न भने किन लगाउनु हुन्न ?

..................................................................

२०. मृत्यु संस्कारमा मासु लगाउने र नलगाउने विच के फरक छ ?

.............................................................

२१. अकाल मृत्यू भन्नाले कस्तो मृत्यूलाई बुझाउछ ?

..............................................................

२२. अकाल मृत्युमा दाहसंस्कार कसरी गरिन्छ ?

..............................................................

≠ यो सँस्कारमा पहिला र अहिले परिर्वतन भएको छ कि छैन ?

क) छ । ☐ ख) छैन । ☐

≠ यदि परिर्वतन भएमा कारण के होला ?

२३. अकाल मृत्यू संस्कार गर्दा कसको भूमिका रहेको हुन्छ ?

.......................................................................

२४ सोघा-सुगुप कस्तो मृत्यु हो ?

.....................................................................

२५. सोघा- सुगप मृत्यूको दाहसँस्कार कसरी संञ्चालन गरिन्छ ?

...................................................................

२६. सोघा सुगप मृत्यूमा मृतकको वर्खन्त गरिन्छ कि गरिदैंन ?

क) गरिन्छ । ☐ ख) गरिदैन । ☐

≠ यो कार्यमा हाल परिर्वतन भएको छ कि छैन ?

.........................................................................

≠ यदि परिवर्तन आउनुको कारण के हो ?

२७. ससिक मृत्यू कस्तो मृत्यू हो ?

.........................................................................

२८. ससिक मृत्यूमा दाहसँस्कार गरिन्छ कि गरिदैन ?

क) गरिन्छ । ☐ ख) गरिदैन । ☐

≠ यदि गरिदैन भने किन गरिदैन ?

.........................................................................

२९. ससिक मृत्यू भएमा कस्को गहन भुमिका रहन्छ ?

क) फेदाङमा ☐ ख) येवा-येमा ☐ ग) साम्बा ☐ घ) झाँक्रि ☐

**ग) मृत्यूसंस्कारमा आएका परिवर्तन सम्बन्धि प्रश्नहरु :**

१. परम्परागत मृत्यूसंस्कार र वर्तमान मृत्यूसंस्कारमा के कस्ता परिर्वतन आएका छन ?

..........................................................................................................

२. मृत्यू संस्कारमा परिर्वतन ल्याउने कारक तत्वहरु के के हुन ?

क) ................................................ ख)................................................

ग) ................................................घ) ................................................

≠ यसले कसरी परिर्वतन ल्याउँछ ?

..........................................................................................................

३. वर्खान्त गर्दा पहिले र अहिले के कस्ता भिन्नता आएको छ ?

..........................................................................................................

≠ यसमा भिन्नता आउँनुको कारण के हो ?

..........................................................................................................

४. क्रियापुत्रिले लाउने कपडामा पहिले र हालको अवस्थामा के परिवर्तन आएको छ ?

...... ..................................................................................................

≠ यसमा परिर्वतन आउँनुको कारण के हो ?

..........................................................................................................

५. मृत्यूसंस्कार गर्दा आर्थिक व्ययमा परिवर्तन आएको छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

# यदि छ भने कस्तो परिर्वतन भएको छ,

..........................................................................................................

६. मृत्यु सँस्कार गर्दा हुने आर्थिक व्ययमा परिवर्तन ल्याउने कारक तत्वहरु के के हुन ?

क) जनचेतना ☐ ख) शिक्षा ☐ ग) सामाजिक संरचना ☐ घ)अन्य ☐

७. मृत्यूसँस्कार गर्दा प्रयोग गरिने सामाग्री अन्तर्गत के के कुरामा परिवर्तन आएको छ ?

क) खाद्यपदार्थ ☐ ख) स्याउली ☐ ग) गर्ने विधि ☐ घ) उल्लेखित सबै ☐

८. मृत्यू सँस्कारमा पहिले प्राय मासु चलाउने गरिएकोमा अहिले छोडिदै लानुको कारण के हो ?

..........................................................................................................

९. मृत्यु सँस्कारमा मासु चलाउने र मासु नचलाउने विच आन्तिरिक द्वन्द हुन्छ कि हुदैन ?

क) हुन्छ । ☐ ख) हुदैन । ☐

≠ यदि हुन्छ भने कस्तो द्धन्द्ध हुन्छ ?

..........................................................................................

१०. मृत्यु सँस्कारमा मासु चलाउने प्रावधान अनुरुप के के काटमार गरिन्छ ?

क) अण्डामात्र ☐ ख) हाँस कुखुरा ☐ ग) राँगा ☐ घ) बाखा ☐

**घ) मृत्यू सँस्कार सम्बन्धि बिज्ञ व्याक्तिसँगको अन्तर्वार्ताको कममा तयार पारिएका प्रश्नहरु :**

१. लिम्बूजातिको परम्परागत मृत्यूसँस्कार के, कस्तो र कसरी गरिन्छ ?

..........................................................................................................................

२. मृतक महिला भएमा कति दिनमा मृत्यूसंस्कार सम्पन्न गरिन्छ ?

महिला मृतकको............................... दिनमा ।

३. मृतक पुरुष भएमा कति दिनमा मृत्यूसंस्कार सम्पन्न गरिन्छ ?

पुरुष मृतकको.............................. दिनमा ।

≠ पूरुष र महिलाको किन बेग्लाबेग्लै दिनमा मृत्यु संस्कार गरिन्छ ?

........................................................................................................................

४. कालगतिले मृत्यू भएको र अकाल मृत्यू विचको मृत्यूसंस्कारमा के कस्ता विधिवत भिन्नता पाइन्छ ?

..........................................................................................................................

५. सोघा र सुगुप विच के कस्ता विधिवत भिन्नता पाइन्छ ?

..........................................................................................................................

६. ससिक मृत्यूको मृत्यूसंस्कार कसरी गरिन्छ ?

.........................................................................................................

७. अगाडी गरिदैं ल्याइएको मृत्यूसंस्कार र हालको समयमा गरिने मृत्यूसंस्कारमा के कस्ता भिन्नता पाइन्छ ?

.......................................................................................................

८. अन्त्यमा, तपाईको विचारमा आउदा दिनहरुमा लिम्बू मृत्यूसंस्कारलाई कसरी विवाद रहित बनाउन सकिएला ?

......................................................................